सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ मंसिर २०८२, शुक्रबार (12 Dec 2025, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ अफताब आलम सफाइ प्रकरण

न्यायाधीशद्वय थारू र महर्जनविरुद्धको छानबिन प्रतिवेदन चार महिनादेखि अलपत्र

(विस्तृत पृष्ठ ३)



अग्रलेख

● सादेशमणि पोखरेल

अलमलको अवस्थामा जेन-जी विद्रोह

जेन-जी विद्रोहले एकातर्फ युवामा नेतृत्व र राजनीतिप्रतिको मोह जगाईदियो भने अर्कातर्फ देशप्रतिको मोह र सद्भाव कायम राख्न सहयोग गऱ्यो

(पृष्ठ ४)



विश्वभर फैलिँदै छ आप्रवासीविरोधी भावना

अमेरिकामा ट्रम्प सत्तामा आएदेखि आप्रवासीविरोधी नीति समकालीन राजनीतिको मूलधार मात्र नभई शासकीय सिद्धान्त बनेको छ। तर, यो भावना अमेरिकामा मात्र सीमित छैन।

(सोमदीप सेनको लेख पृष्ठ ५)

जेन-जी आन्दोलनमा साढे ८४ अर्बको क्षति

भवनमा ३९ अर्ब र सवारीसाधनमा १२ अर्बको क्षति

तीन वर्षभित्र पुनर्निर्माण सक्ने कार्ययोजना, सवा ३६ अर्ब बजेट चाहिने

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भिजिट भिसामा असुली धन्दाको 'कनेक्सन' गृहमन्त्रीसम्मै, मुद्दा सहसचिवसम्म मात्रै

विमानस्थल अध्यागमनका तत्कालीन प्रमुख भट्टराईको डायरी र टेलिकमको सिडिआर विवरणमा गृहमन्त्री लेखकका निजी र स्वकीय सचिवसँग अस्वाभाविक सम्पर्क भएको खुलेको छ, तर लेखकसहितका उच्चपदस्थको बयान लिएको अभियोगपत्रमा देखिँदैन

■ अख्तियार भन्छ-

तत्कालीन गृहमन्त्री लेखक, सचिव दुवाडीसहितका उच्चपदस्थमाथि अनुसन्धान जारी छ

सुवास भट्ट/नयाँ पत्रिका

भिजिट भिसामा संगठित रूपमा भएको असुलीको सञ्जाल तत्कालीन गृहमन्त्री रमेश लेखकसम्मै रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भेटाएको छ। तर, मुद्दा भने विमानस्थल अध्यागमनका तत्कालीन प्रमुख सहसचिव तीर्थराज भट्टराईसम्मका कर्मचारी र ट्राभल व्यवसायीमाथि मात्रै दायर गरेको छ।

अख्तियारले करिब साढे ६ महिना लगाएर गरेको अनुसन्धानपछि पहिलो चरणमा बिहीबार विशेष अदालतमा मुद्दा दायर गर्दै तत्कालीन गृहमन्त्री लेखकलगायत उच्चपदस्थमाथि अनुसन्धान जारी रहेको उल्लेख गरेको छ। प्रमुख प्रतिवादी बनाइएका भट्टराईको तत्कालीन गृहमन्त्री लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, अध्यागमन विभागका तत्कालीन महानिर्देशक, मन्त्रालयको शान्तिसुरक्षा महाशाखा हेर्ने तत्कालीन महाशाखा प्रमुखसँग गैरकानुनी रकम लेनदेन भएको हुन सक्ने देखिएको औंल्याएको छ। सहसचिव भट्टराईको निवेदनसाथ प्राप्त भएको डायरी तथा नेपाल टेलिकमबाट प्राप्त सिडिआर विवरणबाट तत्कालीन गृहमन्त्री लेखकका निजी सचिव बद्रीप्रसाद तिवारी (हाल म्याग्दीका प्रमुख जिल्ला अधिकारी) तथा स्वीकृत सचिव जनक भट्टसँग अस्वाभाविक सम्पर्क भएको खुल्न आएको पनि

» पृष्ठ २ मा क्रमशः

■ दबाबमुक्त अनुसन्धान भए लेखक तानिने निश्चित



तत्कालीन गृहमन्त्री रमेश लेखक



गृहका तत्कालीन सचिव गोकर्णमणि दुवाडी



छवि रिजाल
प्रशासन महाशाखा



रामचन्द्र तिवारी
शान्तिसुरक्षा महाशाखा



बद्रीप्रसाद तिवारी
मन्त्रीका निजी सचिव



जनक भट्ट
स्वकीय सचिव

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको अभियोगपत्रमा तत्कालीन गृहमन्त्री लेखक, गृहसचिव दुवाडीलगायत उच्चपदस्थको बयान छैन। तर, उनीहरूमाथि अनुसन्धान भइरहेको उल्लेख गरिएको छ। 'बदनियतपूर्वक भिजिट भिसामा विदेश पठाउन तत्कालीन गृहमन्त्री, गृहसचिव, अध्यागमन हेर्ने गृह मन्त्रालयका शान्तिसुरक्षा महाशाखा प्रमुख, गृहकै प्रशासन महाशाखा प्रमुख, शाखा प्रमुख, गृहमन्त्रीका निजी सचिव, स्वकीय सचिव, गृहसचिवका सचिवालय र अन्य राष्ट्रसेवकहरूको संलग्नताको सम्बन्धमा अनुसन्धान भइरहेको...,' अख्तियारले अभियोगपत्रमा उल्लेख छ।

■ तत्कालीन विमानस्थल अध्यागमन प्रमुख भट्टराईसहित नौविरुद्ध मुद्दा

अख्तियारले विमानस्थल अध्यागमनका तत्कालीन प्रमुख तीर्थराज भट्टराईसहित सात व्यक्ति र दुई ट्राभल कम्पनीविरुद्ध मात्रै मुद्दा दायर गरेको छ। भट्टराईले ट्राभल एजेन्सी सञ्चालकसँग सेटिङ गरी १४२ महिला र ११५ पुरुषलाई ७९ लाख ८० हजार रुपैयाँ (प्रतिमहिला ४० हजार र प्रतिपुरुष २० हजाराका दरले) लिएर भिजिट भिसामा पठाएको अख्तियारको निष्कर्ष छ।



तीर्थराज भट्टराई

सेटिङमा घुस-रिसवत लिएर भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसमेत गरेको आरोपमा भट्टराईलाई प्रमुख प्रतिवादी कायम गरेको छ। त्यस्तै, विमानस्थल अध्यागमनकै तत्कालीन अधिकृत यज्ञराज अर्याल, ट्राभल कम्पनी ग्रिनलाइन होलिडेज प्रालि, उक्त कम्पनीका अध्यक्ष बालकृष्ण खड्का र सोही कम्पनीका तत्कालीन संस्थापक सेयर सदस्य एवं सञ्चालक राम खड्काविरुद्ध पनि मुद्दा दायर गरेको छ। भट्टराईलाई ७९ लाख ८० हजार बिगो कायम गरेको अख्तियारले अर्याल, ग्रिनलाइन होलिडेज र खड्काद्वयविरुद्ध जनही ३० लाख २० हजार बिगो तोकेको छ।

मुद्दा चलाइएको अर्को कम्पनी फेमिली होलिडेज ट्राभल्स एन्ड टुर्स प्रालि र उक्त कम्पनीका संस्थापक सेयर सदस्य एवं सञ्चालक दीपक भण्डारीलाई १० लाख ६० हजारका दरले बिगो कामय गरेको छ। त्यस्तै, कविता पौडेल र खेम (खगेन्द्र) सुवेदीसँग पनि भट्टराईसरह नै ७९ लाख ८० हजार बिगो कायम भएको छ। भट्टराई, पौडेल र सुवेदीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दासमेत दायर गरेको छ। यो मुद्दामा जनही एक करोड तीन लाख ७९ हजार ६ सय बिगो कायम गरिएको छ।

के-के भेटियो अनुसन्धानमा ?

- ट्राभल एजेन्सी सञ्चालकसँग सेटिङ गरी प्रतिमहिला ४० हजार र प्रतिपुरुष २० हजार लिई १४२ महिला र ११५ पुरुषसहित २५७ जना भिजिट भिसामा पठाएको
- भिजिट भिसासम्बन्धी सर्त र निर्देशन अवज्ञा गरेर घुस लेनदेनको धन्दा चलाएको, घुस दिनेलाई 'सेटिङ'मा सहजै प्रस्थान अनुमति दिएको
- सेटिङमा भिजिट भिसामार्फत गएका नै ठगिएको, विदेशमा नेपालमा भनेजस्तो काम नपाएको, यातना भोग्नुपरेको र दोषीमाथि उनीहरूले कारबाहीको माग गरेको
- ट्राभल कम्पनीहरूसँग हिमचिम गरेर फाइदा लिई भिजिट भिसामा विदेश जानेहरूलाई अनिष्ट गरी घुस लिएको
- ट्राभल एजेन्सीका सञ्चालकहरूले पठाएको नामावली टिपोट गरेको र घुसको हिसाबकिताबसमेत डायरीमा उतारेको
- भिजिट भिसामा सेटिङमार्फत मानिस विदेश पठाएबापतको घुस बाँडफाँट, अधिकृतलाई आठ लाख
- अर्कै व्यक्तिको सिम प्रयोग गरी भिजिट भिसाका यात्रुहरूको नामावली आदानप्रदान
- घुसबाट प्राप्त रकमबाट कविता भट्टराईको नाममा जग्गा नै खरिद

प्रहरीमा अब स्वचालित मूल्यांकन प्रणाली

कार्यसम्पादन वस्तुगत र पारदर्शी बनाउने लक्ष्य, प्रदेश र जिल्ला प्रहरी प्रमुखको मासिक सूचकका आधारमा मूल्यांकन



● **दानबहादुर कार्की**
आईजिपी, नेपाल प्रहरी

अब कामका आधारमा पारदर्शी मूल्यांकन हुन्छ। उत्कृष्ट काम गर्नेलाई संगठनले पुरस्कार दिन्छ। यसले प्रहरी सेवाको प्रभावकारिता बढाउनेछ।

नवराज मैनाली/नयाँ पत्रिका

नेपाल प्रहरीले कार्यसम्पादन वस्तुगत र पारदर्शी बनाउन स्वचालित मूल्यांकन प्रणाली लागू गर्ने भएको छ। बिहीबार बसेको प्रहरीको नीति समन्वय समिति (पिसिसी) बैठकले कार्यसम्पादन मूल्यांकनसम्बन्धी कार्यविधि पारित गरेको छ। १ पुसदेखि नयाँ प्रणाली लागू गर्ने प्रहरी प्रधान कार्यालयको तयारी छ।

नयाँ कार्यविधिअनुसार अब हरेक महिना

» पृष्ठ २ मा क्रमशः

मूल्यांकनका लागि जिल्लालाई पाँच श्रेणीमा वर्गीकरण

जनघनत्व, अपराधको दर, भूबनोटलगायतका आधारमा जिल्लाको वर्गीकरण गरिएको छ। काठमाडौं, ललितपुर, मोरङ, पर्सा, रुपन्देही, बाँके र कास्कीलाई 'क' श्रेणीमा राखिएको छ। तराईका बाँकी जिल्ला तथा बढी जनघनत्व भएका भक्तपुरलगायत केही पहाडी जिल्ला 'ख' वर्गमा छन्। मध्यम चुनौती भएका एसपी कार्यालय प्रमुख हुने र बढी सुरक्षा चुनौती रहेका डिएसपी कार्यालय प्रमुख हुने पहाडी केही जिल्लालाई 'ग' वर्गमा राखिएको छ। डिएसपी कार्यालय प्रमुख हुने अन्य पहाडी जिल्लालाई 'घ' तथा हिमाली जिल्लालाई 'ङ'मा राखिएको छ।

नेपाली बक्सरलाई ऐतिहासिक पदक

विश्व बक्सिङ च्याम्पियनसिप, २०२५ मा नेपाली बक्सर चन्द्रबहादुर थापामगरले कांस्य पदक जितेर इतिहास रचेका छन्, यससँगै उनले ७५ हजार अमेरिकी डलर पनि हात पारे

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली बक्सर चन्द्रबहादुर थापामगरले अन्तर्राष्ट्रिय प्रतियोगितामा ऐतिहासिक सफलता हात पारेका छन्। आइबिए पुरुष विश्व बक्सिङ च्याम्पियनसिप, २०२५ मा उनले कांस्य पदक जितेका हुन्। यससँगै उनले ७५ हजार अमेरिकी डलर पुरस्कार पनि हात छन्। नेपाली बक्सरले विश्व च्याम्पियनसिपमा पदक जितेको यो पहिलोपटक हो।

दुबईमा जारी प्रतियोगिताको सेमिफाइनलमा बिहीबार थापाले ५४ केजी तौल समूहमा काजकस्तानका खेलाडी बिबोसिनोसँग प्रतिस्पर्धा गरेका थिए, जसमा उनी ५-० को स्कोरमा पराजित भए। बिबोसिनो विश्व च्याम्पियनसिप र ओलम्पिकका पदक विजेता हुन्। अन्तर्राष्ट्रिय बक्सिङ महासंघले विश्व च्याम्पियनसिपमा सेमिफाइनलमा पुगेने खेलाडीलाई कम्तीमा कांस्य पदक प्रदान गर्ने प्रावधान बनाएको छ। सेमिफाइनल चरणभन्दा अगाडि बढ्न नसक्ने दुई

» पृष्ठ २ मा क्रमशः

■ गुरु महर्जनको सपना चेलाले गरे पूरा



कांस्य पदक जितेपछि नेपालका बक्सर चन्द्रबहादुर थापामगर र उनका मुख्य प्रशिक्षक दीपक महर्जन

नेपाली टोलीका मुख्य प्रशिक्षक दीपक महर्जनले विश्व च्याम्पियनसिपमा आफ्ना खेलाडीले ऐतिहासिक प्रदर्शन गरेको बताए। 'अहिलेसम्म नेपाली बक्सिङ इतिहासमा कुनै पनि खेलाडीले विश्व च्याम्पियनसिपको सेमिफाइनलमा स्थान सुरक्षित गरेका थिएनन्, आज चन्द्रले कांस्य हात पारेका छन्,' उनले भने, 'यो ऐतिहासिक क्षण हो।'

खेलाडीका रूपमा महर्जनले पनि विश्व च्याम्पियनसिपमा सहभागिता जनाएका थिए। तर, उनको पदक जित्ने धोको अपूरै रह्यो। आफूले प्रशिक्षित गरेका खेलाडीले सपना पूरा गरेको उनले बताए। 'कुनै समयमा मैले पनि विश्व च्याम्पियनसिपमा पदक जित्ने सपना देखेको थिएँ। त्यो सपना पूरा गर्न सकिनँ। तर, मेरो प्रशिक्षणका खेलाडीले कांस्य जित्दा त्योभन्दा ठुलो खुसीको क्षण अरू के हुन्छ ?' उनले भने, 'एक किसिमले गुरुको सपना चेलाले पूरा गरेका छन्।' महर्जनले सन् २०१० मा चीनको ग्वाङझाउमा भएको एसियन खेलकुद प्रतियोगितामा कांस्य पदक हात पारेका थिए।

एमाले पदाधिकारीमा महिला र युवापुस्ताका दर्जनौं आकांक्षी

पदाधिकारी र केन्द्रीय सदस्य थप्न विधान संशोधनको गृहकार्य

वरिष्ठ उपाध्यक्षको पद पुनः ब्युँताउने, उपाध्यक्ष र सचिवको संख्या सात-सात राखेर पुरानै १९ सदस्यीय पदाधिकारी पुऱ्याउने, अहिले प्रस्तावित २५१ सदस्यीय केन्द्रीय कमिटी ३०१ पुऱ्याउने र स्थायी समिति ४५ सदस्यीय राख्ने गरी तयारी

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेको ११औं महाधिवेशनमा पदाधिकारी उम्मेदवारमा दर्जनौं महिला नेतृ र युवा-विद्यार्थी पृष्ठभूमिका नेता आकांक्षी देखिएका छन्। खासगरी उपाध्यक्ष, उपमहासचिव र सचिव पदमा महिला नेतृ र युवा-विद्यार्थी पृष्ठभूमिका नेता आकांक्षी छन्।

प्रस्तावित विधानमा १५ सदस्यीय पदाधिकारी छ। यस्तोमा अध्यक्षका प्रत्याशी केपी ओली र ईश्वर पोखरेललाई पदाधिकारीमा महिला नेतृ र युवा-विद्यार्थी समेटेर टिम बनाउन सकस छ। तर, जेन-जी आन्दोलनपछि विकसित राजनीतिक परिस्थितिका कारण युवा-विद्यार्थी पृष्ठभूमिका कोही न कोही समेटेर टिम निर्माण गर्नैपर्ने दबाबमा उनीहरू छन्।

ओली र पोखरेल दुवै समूहले औपचारिक केही नबताएकाले आकांक्षीले उम्मेदवारीबारे सामान्य

» पृष्ठ २ मा क्रमशः

■ ओली समूहबाट पदाधिकारीका आकांक्षी



■ विद्या-ईश्वर समूहबाट पदाधिकारीका आकांक्षी



■ सल्लाघारीमा यसरी सजाइँदै छ एमाले महाधिवेशन उद्घाटनस्थल



एमालेको ११औं महाधिवेशन शनिबारदेखि हुँदै छ। उद्घाटन कार्यक्रमका लागि भक्तपुरको सल्लाघारीमा मञ्चलगायतका संरचना धमाधम सजाइँदै छन्। मञ्च व्यवस्थापन उपसमितिका संयोजक विनोद श्रेष्ठका अनुसार एकैपटक ४५० अतिथि अट्ने गरी मञ्चलाई चार भागमा विभाजन गरिएको छ। पूर्वबाट पश्चिमतर्फ फर्किएको मञ्चको दायाँबायाँ केन्द्रीय पदाधिकारी, सदस्य र सल्लाहकार मञ्चका सदस्य बस्नेछन्। बिच भागमा चाँगुनारायण मन्दिरको प्रतिमा राखिएको छ। नजिकै पोडियम रहनेछ। त्यसको तल भिभिआइपी र भिआइपी पाहुना बस्ने व्यवस्था गरिँदै छ। कलाकारको प्रस्तुतिका लागि छेउमै अर्को मञ्च तयार गरिँदै छ। १०८ रोपनी क्षेत्रफलमा फैलिएको चौरमा पाँच लाखसम्म सहभागीले सुन्न सक्ने अत्याधुनिक १०७ वटा स्पिकर राखिनेछन्। मञ्चको दायाँबायाँ दुईवटा मेघा स्क्रिन राखिनेछन्।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

'प्रधानमन्त्री कार्कीको मनसाय र वरिष्ठ उपाध्यक्षलगायतका साथीहरूको चाहना एउटै देखिन्छ'



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले जेन-जी आन्दोलन जाँचबुझ आयोगमा बयान दिन जानुपर्ने एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको अभिव्यक्ति गलत र नियतपूर्ण रहेको भन्दै प्रतिवाद गरेका छन्। ११औं महाधिवेशन तयारी सन्दर्भमा बिहीबार सम्पादकहरूसँग अन्तर्क्रिया गरेका ओलीले प्रधानमन्त्री सुशीला कार्की र वरिष्ठ उपाध्यक्ष पोखरेल दुवैको मनसाय एउटै देखिएको भन्दै प्रतिवाद गरेका हुन्।

'प्रधानमन्त्री कार्कीको मनसाय र वरिष्ठ उपाध्यक्षलगायतका साथीहरूको चाहना एउटै देखिन्छ,' ओलीले भने, 'उहाँहरूको गुट किन यति जिद्दीमा लागेको छ, त्यो बुझ्न सकेको छैन। त्यो नगरेर पोलिटिक्स गरेको भए राम्रो हुन्थ्यो।' आसन्न महाधिवेशनमा ओली र पोखरेल

» पृष्ठ २ मा क्रमशः

नेपाली बक्सरलाई...

पृष्ठ १ बाट क्रमशः

बक्सरलाई सेमिफाइनललिस्टकै रूपमा कांस्य पदक प्रदान गरिन्छ। यसअघि बुधबार थापाले क्वार्टरफाइनलमा इरानी खेलाडी महेदी काजमीमाथि ५-० को जित निकाल्दै सेमिफाइनलमा स्थान पक्का गरेका थिए। इन्डोनेसिया र आर्मेनियाका बक्सरलाई पराजित गर्दै उनले क्वार्टरफाइनलको यात्रा तय गरेका थिए।

नेपाली खेलकुद इतिहासमा कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताअन्तर्गत एकल स्पर्धामा ७५ हजार अमेरिकन डलर हात पार्ने थापा पहिलो खेलाडी बनेका छन्। कांस्य जितेपछि उनले फोनमा नयाँ पत्रिकासँग भने, 'पदक जित्छु भन्ने विश्वास थियो, 'देशका लागि विश्व च्याम्पियनसिपमा पदक दिलाउन पाउँदा खुसी लागेको छ।'

थापा आगामी वर्ष जापानमा हुने एसियन खेलकुद प्रतियोगिताको तयारीका लागि राष्ट्रिय खेलकुद परिषद्ले सुरु गरेको 'मिसन २०२६' को क्याम्पमा प्रशिक्षण गरिरहेका छन्। रोल्पा घर भएका उनले दाङको अल्फा बक्सिङ क्लबबाट ०७४ सालमा बक्सिङ करिअर सुरु गरेका थिए। पछि नेपाल प्रहरीमा प्रवेश गर्दै राष्ट्रियस्तरमा सहभागिता जनाउँदै आएका छन्। थापाले सातौँ र आठौँ राष्ट्रिय खेलकुदमा कांस्य हात पारेका थिए। ०७९ मा पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुदमा उनले स्वर्ण जितेका थिए।

ऐतिहासिक पदक विजेता चन्द्रबहादुर थापामगरले अबको लक्ष्य एसियन खेलकुद तथा ओलम्पिकमा पदक जित्ने रहेको जनाए। 'सेमिफाइनलमा राम्रा खेलाडीबाट पराजित भए पनि नेपाललाई ऐतिहासिक कांस्य दिलाउन सके,' उनले भने, 'विश्व च्याम्पियनसिपमा पदक जित्नु मेरो एउटा सपना थियो, त्यो पूरा भएको छ। अब एसियन र ओलम्पिकमा पदक जित्ने लक्ष्य छ।'

नेपाली टोलीका मुख्य प्रशिक्षक दीपक महर्जनले विश्व च्याम्पियनसिपमा आफ्ना खेलाडीले ऐतिहासिक प्रदर्शन गरेको बताए। 'अहिलेसम्म नेपाली बक्सिङ इतिहासमा कुनै पनि खेलाडीले विश्व च्याम्पियनसिपको सेमिफाइनलमा स्थान सुरक्षित गरेका थिएनन्, आज चन्द्रले कांस्य हात पारेका छन्,' उनले भने, 'यो ऐतिहासिक क्षण हो।'

खेलाडीका रूपमा महर्जनले पनि विश्व च्याम्पियनसिपमा सहभागिता जनाएका थिए। तर, उनको पदक जित्ने धोको अपूरै रह्यो। आफूले प्रशिक्षित गरेका खेलाडीले सपना पूरा गरेको उनले बताए। 'कुनै समयमा मैले पनि विश्व च्याम्पियनसिपमा पदक जित्ने सपना देखेको थिएँ। त्यो सपना पूरा गर्न सकिनँ। तर, मेरो प्रशिक्षणका खेलाडीले कांस्य जित्दा त्योभन्दा ठुलो खुसीको क्षण अरू के हुन्छ ?' उनले भने, 'एक किसिमले गुरुको सपना चेलाले पूरा गरेका छन्।' महर्जनले सन् २०१० मा चीनको ग्वाङझाउमा भएको एसियन खेलकुद प्रतियोगितामा कांस्य पदक हात पारेका थिए।

प्रतियोगितामा चन्द्रबहादुरसँगै अन्य नेपाली खेलाडीले समेत प्रतिस्पर्धा गरेका थिए। ४८ केजी तौलका लालबहादुर उप्रेती क्वार्टरफाइनलबाट बाहिरिएका छन्। उनी काजकिस्तानका तेमिरतास जुसुपोभासँग ५-० ले पराजित भए। लालबहादुरले अन्तिम आठको स्थान सुरक्षित गर्न इथियोपिया र माल्दोभाका बक्सरलाई हराएका थिए। क्वार्टरफाइनलमा पुगेका उनले १० हजार डलर पुरस्कार पाएका छन्। प्रतियोगितामा नेपालका पाँच बक्सरले भाग लिएका थिए।

चन्द्रबहादुरले राज्यबाट ६५ लाख पाउने

दुबईमा नेपाललाई बक्सिङको विश्व च्याम्पियनसिपमा ऐतिहासिक कांस्य पदक दिलाएका चन्द्रबहादुर देशमा ६५ लाख नगदसहित पुरस्कृत हुनेछन्। राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २८ को उपनियम (३), (६) र (७) अनुसार अन्तर्राष्ट्रिय महासंघ (आइएफ) विश्व च्याम्पियनसिपमा स्वर्णदेखि कांस्य जित्ने खेलाडी पुरस्कृत हुने व्यवस्था छ। जसमा स्वर्णलाई एक करोड ३० लाख, रजतलाई ९७ लाख र कांस्य पदक विजेतालाई ६५ लाख रुपैयाँ दिने व्यवस्था छ। त्यस्तै, प्रशिक्षकले सात लाख ८५ हजार र सम्बन्धित संघले १५ लाख रुपैयाँ पाउने नियमावलीमा व्यवस्था छ। जसअनुसार प्रशिक्षक दीपक महर्जन र नेपाल बक्सिङ संघ पनि पुरस्कृत हुनेछन्।

भिजिट भिसामा...

पृष्ठ १ बाट क्रमशः

उल्लेख गरेको छ। 'बदनियतपूर्वक भिजिट भिसामा विदेश पठाउन तत्कालीन गृहमन्त्री, गृहसचिव, अध्यागमन हेर्ने गृह मन्त्रालयका शान्तिसुरक्षा महाशाखा प्रमुख, गृहकै प्रशासन महाशाखा प्रमुख, शाखा प्रमुख, गृहमन्त्रीका निजी सचिव, स्वकीय सचिव, गृहसचिवका सचिवालय र अन्य राष्ट्रसेवकहरूको संलग्नताको सम्बन्धमा अनुसन्धान भइरहेको...,' अख्तियारको आरोपपत्रमा उल्लेख छ।

तर, अभियोगपत्रमा तत्कालीन गृहमन्त्री लेखक, गृहसचिव दुवाडीलगायत उच्चपदस्थको बयान भने छैन। सहसचिव भट्टराईको मोबाइल र डायरीबाट भिजिट भिसाको पैसा मन्त्रालयका उच्च अधिकारीलाई नियमित रूपमा बुझाउने गरेको प्रमाणहरू आयोगले फेला पारेको छ। दबाबमुक्त भएर अख्तियारले अनुसन्धान गरे तत्कालीन गृहमन्त्री लेखक यो मुद्दामा तानिने निश्चित देखिएको छ।

अख्तियारले त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका तत्कालीन प्रमुख अध्यागमन अधिकृत तीर्थराज भट्टराईसहित सात व्यक्ति र दुई ट्राभल कम्पनीविरुद्ध मात्रै मुद्दा दायर गरेको छ। भट्टराईले ट्राभल एजेन्सी सञ्चालकसँग बदनियतपूर्वक सेटिङ गरी प्रतिमहिला ४० हजार र प्रतिपुरुष २० हजार रुपैयाँका दरले १४२ महिला र ११५ पुरुष गरी २५७ जनालाई ७९ लाख ८० हजार रुपैयाँ लिएर भिजिट भिसामा पठाएको अख्तियारको निष्कर्ष छ। गैरकानुनी सेटिङ गरेर यात्रुबाट घुस-रिसवत लिएर भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसमेत गरेको आरोपमा भट्टराईलाई प्रमुख प्रतिवादी कायम गरेको अख्तियारले विमानस्थल अध्यागमन कार्यालयकै तत्कालीन अध्यागमन अधिकृत यज्ञराज अर्याल, ट्राभल कम्पनी ग्रिनलाइन होलिडेज प्रालि, उक्त कम्पनीका अध्यक्ष बालकृष्ण खड्का र सोही कम्पनीका तत्कालीन संस्थापक सेयर सदस्य एवं सञ्चालक राम खड्काविरुद्ध मुद्दा दायर गरेको छ।

भट्टराईलाई ७९ लाख ८० हजार बिगो कायम गरेको अख्तियारले अर्याल, ग्रिनलाइन होलिडेज र खड्काद्वयविरुद्ध जनही ३० लाख २० हजार बिगो तोकेको छ। त्यस्तै, मुद्दा चलाइएको अर्को कम्पनी फेमिली होलिडेज ट्राभल्स एन्ड टुर्स प्रालि र उक्त कम्पनीका संस्थापक सेयर सदस्य एवं सञ्चालक दीपक भण्डारीलाई १० लाख ६० हजारका दरले बिगो कामय गरेको छ। त्यस्तै, कविता पौडेल र खेम (खगेन्द्र) सुवेदीसँग पनि भट्टराईसरह नै ७९ लाख ८० हजार बिगो कायम भएको छ। भट्टराई, पौडेल र सुवेदीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दासमेत दायर गरेको छ। यो मुद्दामा जनही एक करोड तीन लाख ७९ हजार ६ सय बिगो कायम गरिएको छ।

रोजगारीका लागि भिजिट भिसामा युवालाई विदेश पठाएर सेटिङमा अध्यागमन कर्मचारीहरूले दैनिक लाखौँ रकम असुल गरेको उजुरीपछि अख्तियारले छानबिन थालेको थियो। गत ७ जेठमा विमानस्थलस्थित अध्यागमन कार्यालयमै छापा हानेर कार्यालय प्रमुख भट्टराईसहित चारजनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो।

प्रमुख प्रतिवादी भट्टराई कार्यरत रहेको अवधिभर विमानस्थल अध्यागमनबाट भिजिट भिसामा एक लाख ५३ हजार ९७४ व्यक्ति विभिन्न देश गएका थिए। त्यसमध्ये ४२ हजार ३५७ श्रमका हिसाबले जोखिमपूर्ण देश दुबई, ओमन, कतारलगायत देश गएका र लामो समयसम्म पनि नफर्किएकाले उनीहरू कहाँ/कस्तो अवस्थामा छन्, कसरी गए, कोमार्फत गए, भिजिट भिसामा गएर पनि हालसम्म किन फर्केनन् भन्ने विषयमा छुट्टै अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ। विमानस्थल कार्यालयबाट भारतीय नागरिकलाई समेत बदनियतपूर्वक सेटिङ गरी एनओसीविना नै उडाएकाले त्यसबाट ठुलो रकम असुली गरेको हुन सक्ने आशंकामा अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

कालोसूचीका मानिसलाई प्रस्थान अनुमति दिएर उडाएको, वर्किङ भिसा लिएकालाई पनि भिजिट भिसामा पठाएको र काठमाडौंको सामाखुसीमा सञ्चालित नवदुर्गा गेस्टहाउसकी सञ्चालिका लीला तिमिल्सेनाको मोबाइल नम्बर राखी १४९ जनासम्मको राहदानी बनाएको विषयबारे पनि अनुसन्धान भइरहेको अख्तियारले उल्लेख गरेको छ।

गृह प्रशासनमाथि भएन छानबिन

भिजिट भिसामाथि छानबिन गरेर मुद्दा अभियोजन गरेको अख्तियार अध्यागमन विभाग र गृह प्रशासनतिर भने प्रवेश नै गरेको छैन। जबकि भिजिट भिसाको सञ्जाल गृह मन्त्रालयसम्म देखिने स्पष्ट संकेतहरू थिए। ७ जेठमा अख्तियारले विमानस्थल अध्यागमन प्रमुख भट्टराईलाई घुसमै रंगेहात पक्राउ गर्न खोजेको थियो। तर, यसको सुइँको पाएपछि तत्कालीन गृहमन्त्री लेखकले अघिल्लो दिन नै सरुवा गरेर मन्त्रालय तानेका थिए। भट्टराईलाई लेखकले नै विमानस्थल अध्यागमनको प्रमुख बनाएर लगेका थिए।

अध्यागमनमा सेटिङ भएको यो पहिलो घटना भने थिएन। अध्यागमनमा भिजिट भिसाको सेटिङ हुने गरेको विषयमा झन्डै दर्जन उजुरी गृह मन्त्रालयमै थिए। तर, गृहले त्यसलाई अनदेखा गरेको थियो। बरु, भट्टराईजस्तो विवादित सहसचिवलाई प्रमुख बनाएर पठाएको थियो। अध्यागमन जान अधिकृतहरूबिच जनही रकम असुली हुने गरेको थियो।

भिजिट भिसा सेटिङमा आँखा चिम्लेको तत्कालीन अध्यागमन विभाग र गृह प्रशासनको सिधै सम्बन्ध देखिँदा पनि अख्तियार यी दुवै निकायमा प्रवेश गरेको छैन। विभाग र गृह प्रशासनका कोही पनि अधिकारीसँग यस मुद्दामा अख्तियारले लिखित बयान लिएको छैन। सामान्यतया कुनै पनि उजुरीमा सार्वजनिक आरोप लागेका व्यक्तिसँग अख्तियारले बयान लिएको हुन्छ। तर, यो अभियोजनमा ती आशंका लागेकामाथि कुनै बयान लिएको छैन।

घटना हुँदाको आसपास अध्यागमन विभागको महानिर्देशकमा हाल गृह मन्त्रालयमै रहेका गोविन्द रिजाल थिए। गृहमन्त्रीमा लेखक र गृहसचिव गोकर्णमणि दुवाडी थिए। लेखकले जेन-जी आन्दोलनपछि राजीनामा दिए भने दुवाडी दुई साताअघि सेवाबाटै अवकाश भइसकेका छन्। त्यतिवेला गृहको शान्तिसुरक्षा महाशाखाका प्रमुख रामचन्द्र तिवारी अहिले अध्यागमन विभागकै महानिर्देशक छन् भने प्रशासन महाशाखा प्रमुख छवि रिजालले जेन-जी आन्दोलन दबाउन भूमिका खेलेको आरोपमा अहिले छानबिन आयोगमा बयान दिइरहेका छन्।

यद्यपि, अध्यागमन विभाग र गृह प्रशासनमाथि अलग्गै अनुसन्धान भइरहेको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ। छुट्टाछुट्टै विषय, वारदात, समय तथा संलग्न प्रतिवादी भएकाले छुट्टै अनुसन्धान भइरहेको अख्तियारको भनाइ छ। यद्यपि, विभाग र गृह मन्त्रालयका अधिकारी जोडिने यो अलग्गै विषय होइन।

अख्तियारको अनुसन्धान- यसरी गरिएको थियो सेटिङमा ठगी

१० माघ ०८० देखि 'भिजिट तथा पर्यटक भिसामा विदेश यात्रामा आवश्यक पर्ने कागजातबारे ६ बुँदे सर्त' लागू भएको थियो। तर, भट्टराई विमानस्थलको अध्यागमन प्रमुख भएर गएदेखि ती सर्त पालना नगरी घुस लेनदेन भएका यात्रुहरूलाई सहजै प्रस्थान अनुमति दिन लगाइएको थियो। भट्टराई २३ असोज ०८१ देखि ७ जेठ ०८२ सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा प्रमुख अध्यागमन अधिकृतका रूपमा कार्यरत थिए।

अध्यागमन प्रणालीबारे जारी भएको निर्देशनसमेत अवज्ञा गरी बदनियतपूर्वक सेटिङ गरेर भिजिट भिसामा मानिसहरू पठाएको देखिएको छ। भिजिट भिसामा विदेश यात्राका लागि आवश्यक कागजात र प्रक्रिया नै पालना नगरी अनावश्यक हैरानी दिएर घुस लिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। यसरी भिजिट भिसामा विदेश गएकासँग पनि अख्तियारले सोधपुछ गरेको थियो। उनीहरूले आफूहरू विदेश जाँदा ठगिएको, नेपालमा भनेजस्तो काम नपाएको, यातना भोग्नुपरेको, ठगिएको रकम फिर्ता नपाएको भन्दै दोषीउपर कारबाहीको माग गरेका थिए। ट्राभल कम्पनीलाई एक लाख ८० हजार बुझाएर भिजिट भिसामा दुबई गएर फर्केका व्यक्तिसँग नै अख्तियारले बयान लिएको थियो। ट्राभल कम्पनीहरूले एजेन्ट नै खटाएर भिजिट भिसामा जाने व्यक्ति खोज्ने र मोटो रकम लिएर अध्यागमनसँगको सेटिङमा विदेश पठाउने गरेको अख्तियारको अभियोगपत्रले स्पष्ट देखाएको छ।

यात्रुलाई दुःख दिएर घुसबापत थप रकम लिई खाने/खुवाउने मनसायले आफ्नो जिम्मेवारीसँग स्वार्थ बाझिने व्यक्तिहरू बालकृष्ण खड्का तथा दीपक भण्डारीसमेतसँग हिमचिम गरेकोसमेत देखिएको पनि अख्तियारको अनुसन्धानमा खुलेको छ। उनीहरू ट्राभल कम्पनी सञ्चालकहरू हुन्। भट्टराईलाई घुस रकम दिन उनीहरूबिच लेनदेन हुने गरेको थियो। उनीहरूसँग नियमित सम्पर्क भेटघाट गर्ने, उपहार लिने, मोबाइललगायत सामानहरू खरिद गराउने गरेको देखिएको पनि अख्तियारको दाबी छ। भट्टराईले पार्सलका नाममा बालकृष्णसमेतको भेनोलिभा रेस्टुरेन्टमा पुगेर राम खड्काबाट घुस-रिसवतबापतको रकम रेस्टुराँको झोलामा पार्सलका रूपमा लिएका थिए। घुस-रिसवतको रकम लेनदेन गर्न बालकृष्णले आफ्ना भतिज रामलाई प्रयोग गरेका थिए। दीपकले भट्टराईदम्पतीलाई नै उपहार, सामान किनिदिएकासम्म भेटिएको छ।

सेटिङमा भिजिट भिसामा विदेश जाने यात्रुहरूको नामावली बालकृष्ण र दीपकले एसएमएसलगायत विभिन्न माध्यमबाट भट्टराईलाई पठाएका थिए। त्यसलाई आफ्नो डायरीमा कोड भाषामा उतारेर गन्तव्य मुलुक, प्रस्थान मितिसमेतका विवरण टिपी सांकेतिक रूपमा हिसाबकिताब समेत राखी घुस-रिसवत लिने गरेको पुष्टि भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। भिजिट भिसामा विदेश प्रस्थान गरेका यात्रुहरूबारे भट्टराईले बालकृष्णलाई जानकारीसमेत दिने गरेको भेटिएको अख्तियारको आरोपपत्रमा छ। भट्टराईसँग सेटिङ गरेर बालकृष्णले ५७ पुरुष र ४७ महिलासहित १०४ जना तथा दीपकले १७ पुरुष र १८ महिला गरी ३५ जनालाई भिजिट भिसामा विदेश पठाएका थिए।

त्यस्तै, भट्टराईले भिजिट भिसामा विदेश जाने यात्रुहरूको पासपोर्टका फोटोहरू आफूले प्रयोग गर्ने ल्यापटपमा राख्ने र भिजिट भिसामा विदेश जाने केही महिलाहरूको मात्र एकमुस्ट सूचीलाई नबुझिने गरी ब्लर गरी मोबाइलमा फोटो खिचेर राखेका थिए। तीमध्ये केही यात्रुका नामावली बालकृष्णसमेतले पठाएको नामावलीसँग दोहोरिन गएको देखिएको भन्दै भट्टराईले बदनियत राखी भिजिट भिसामा मानिस विदेश पठाउने र सोबापत घुस-रिसवत प्राप्त गरेको पुष्टि हुन आएको अख्तियारको दाबी छ। उनकै कम्पनीका मार्केटिङ अफिसर दीपक थापाले समेत बालकृष्णले सेटिङ गरी भिजिट भिसामा मानिस विदेश पठाउने गरेको बयानमा खुलाएका थिए।

भिजिट भिसामा सेटिङमा विदेश पठाएबापत प्राप्त घुसको रकम अध्यागमन अधिकृतहरूबिच बाँडफाँट गर्ने गरेकोसमेत भेटिएको छ। भट्टराईले आफ्नो कार्यालयको प्रशासन शाखामा कार्यरत अध्यागमन अधिकृत यज्ञराज अर्याललाई घरमै बोलाई घुसको आठ लाख दिएकोसमेत भेटिएको छ। यो भिजिट भिसामा सेटिङमार्फत मानिस विदेश पठाएबापतको घुसको बाँडफाँट भएको भट्टराईले प्रयोग गर्ने गरेको डायरीबाट समेत थप पुष्टि भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

बदनियतपूर्वक भिजिट भिसाका यात्रुहरूको नामावली आदानप्रदान गर्न कविता पौडेलको नाममा रहेको मोबाइल सिमको अवैधानिक प्रयोग पनि देखिएको छ। भट्टराईले घुसबाट प्राप्त ठुलो रकमले कविता पौडेलको नाममा जग्गा नै खरिद गरिदिएका थिए। घुसबापत प्राप्त नगदै रकम कवितामार्फत सुवेदीलाई दिएर जग्गा कारोबारी खेम (खगेन्द्र) सुवेदीमार्फत कविताकै नाममा जग्गा खरिद गरेको भेटिएको छ। भट्टराईको अनुमतिमा कविताले पटक-पटक खेमलाई रकम दिने गरेकी थिइन्। घुस-रिसवतबापत प्राप्त रकम भट्टराईले कविता र खेममार्फत परिचालन गराएको तथ्य पुष्टि भएको अख्तियारको आरोपपत्रमा छ।

अख्तियारले भट्टराईको मोबाइल र ग्याजेटहरू नै नियन्त्रणमा लिएर छानबिन गरेको थियो। तिनको परीक्षणबाट फोन सम्पर्कको विस्तृत पनि अख्तियारले उतारेको छ। करिब साढे सात महिनाको कार्यकालमा भट्टराईले कवितासँग ८५८ पटक, बालकृष्णसँग ११८ पटक, दीपकसँग २५३ पटक र खेमसँग ५३ पटक फोन गरेका थिए। यात्रुहरूको नामावली टिपोट गर्ने तथा घुस र उपहार लिने क्रममा बालकृष्ण र दीपकसँग भट्टराईको सम्पर्क भएको देखिएको छ। कवितासँग भने घुसबापत प्राप्त रकमको परिचालन गर्ने सम्बन्धमा पटक-पटक मेसेज आदानप्रदान भएको थियो। कविताले पनि डायरीमा खेमले विभिन्न समयमा रकम लिएको टिपोट गरेको भेटिएको छ।

भट्टराईले बालकृष्ण, दीपक र राममार्फत घुसबापतको रकम लेनदेन गरेको र लेनदेनमा कविता र खेमले मतियारको कार्य गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। नगदमा लिएको घुस भट्टराईले नगदमै परिचालन गर्ने गरेको देखिएको छ।

प्रमुख अध्यागमन अधिकृतका रूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा भट्टराईले बदनियपूर्ण तरिकाले बालकृष्ण, दीपक, राम, कविता पौडेल र खेमसँग सेटिङ एवं एकआपसमा साँठगाँठ गरी २५७ नेपाली यात्रुहरूलाई भिजिट भिसामा विदेश पठाएको खुलेको अख्तियारले अभियोग छ। यो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको सम्बद्ध कसुर गरेको पुष्टि भएको अख्तियारको अभियोग छ। भट्टराईसमेत कविता र खेमले कसुरबाट प्राप्त सम्पत्ति लुकाउने/छल्ने, बदल्ने कार्य गरी त्यस कार्यमा मद्दत, दुरुत्साहन, सहजीकरण, सरसल्लाह गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) बमोजिमको कसुरसमेत गरेको बारदात पुष्टि भएको अख्तियारको दाबी छ।

'घुस-रिसवत लिई/लिन लगाएर भ्रष्टाचार गरेको र उक्त भ्रष्टाचारसम्बद्ध कसुर रही सम्पत्ति शुद्धीकरण कसुरसमेत भए गरेको हुँदा प्रतिवादीहरू तीर्थराज भट्टराई, यज्ञराज अर्याल, बालकृष्ण खड्का, दीपक भण्डारी, राम खड्का, कविता पौडेल र खेमप्रसाद सुवेदीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुर गरेको तथा प्रतिवादीहरू तीर्थराज भट्टराई, कविता पौडेल र खेमप्रसाद सुवेदीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित)को दफा ३ बमोजिमको कसुर गरेको पुष्टि भएको देखिएको...,' अख्तियारको आरोपपत्रमा उल्लेख छ।

प्रहरीमा अब...

पृष्ठ १ बाट क्रमशः

प्रदेश प्रहरी प्रमुख, जिल्ला प्रहरी प्रमुख तथा तालिम केन्द्रका समादेशकको तोकिएका सूचकका आधारमा मूल्यांकन हुनेछ। उत्कृष्ट मूल्यांकन प्राप्त गर्नेलाई पुरस्कार दिइनेछ भने बढुवाका लागि प्रयोग हुने कार्यसम्पादन नम्बर पनि यही आधारमा राखिनेछ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मूल्यांकन प्रणालीलाई वस्तुगत बनाएर संगठनलाई अझ कार्यसक्षम र जनमैत्री बनाउने लक्ष्यसहित काम गर्न थालिएको बताउँछन्। 'अब कामको आधारमा पारदर्शी मूल्यांकन हुन्छ। उत्कृष्ट काम गर्नेलाई संगठनले पुरस्कार दिन्छ,' कार्कीले भने, 'यसले प्रहरी सेवाको प्रभावकारिता बढाउनेछ।'

नयाँ कार्यविधिमा ७५ वटा सूचक तोकिएको छ। जसमा प्रशासनिक कामदेखि अपराध अनुसन्धान, निरीक्षण, अन्य निकायसँगको समन्वयलगायत विषय राखिएका छन्। प्रदेशका डिआइजीको १२५ पूर्णांक तथा जिल्ला प्रहरी प्रमुखको सय पूर्णांकमा मूल्यांकन हुनेछ।

उदाहरणका लागि कुनै जिल्लाले जघन्य अपराधका फरार अपराधी पक्राउ गरेमा चार नम्बर प्राप्त गर्नेछन् भने सामान्य अपराधका फरार अपराधी पक्राउ गरेमा एक नम्बर प्राप्त गर्नेछन्। त्यस्तै, संगठनको परिपत्रहरू कार्यान्वयन गरे-नगरेको, समयमा कर्मचारीको रमाना गरे-नगरेको जस्ता विषयमा पनि नम्बर राखिएको छ। यो मूल्यांकन प्रणाली लागू भएपछि प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयले हरेक महिना पत्रकार सम्मेलन गरेर आफूले गरेका कामको नागरिकलाई जानकारी दिनुपर्ने कार्यविधिमा उल्लेख छ।

मूल्यांकनका लागि जिल्लालाई पाँच श्रेणीमा वर्गीकरण गरिएको छ। जनघनत्व, अपराधको दर, भूबनोटलगायतका आधारमा जिल्लाको वर्गीकरण गरिएको छ। काठमाडौं, ललितपुर, मोरङ, पर्सा, रुपन्देही, बाँके र कास्कीलाई 'क' श्रेणीमा राखिएको छ। तराईका बाँकी जिल्ला तथा बढी जनघनत्व भएका भक्तपुरलगायत केही पहाडी जिल्ला 'ख' वर्गमा छन्। मध्यम चुनौती भएका एसपी कार्यालय प्रमुख हुने र बढी सुरक्षा चुनौती रहेका डिएसपी कार्यालय प्रमुख हुने पहाडी केही जिल्लालाई 'ग' वर्गमा राखिएको छ। डिएसपी कार्यालय प्रमुख हुने अन्य पहाडी जिल्लालाई 'घ' तथा हिमाली जिल्लालाई 'ङ'मा राखिएको छ।

प्रहरी प्रधान कार्यालयले स्वचालित मूल्यांकनका लागि फारम बनाएको छ। प्रदेश प्रहरी तथा जिल्ला प्रहरी कार्यालयले आफूले गरेका काम हरेक दिन भरेर पठाउनुपर्ने हुन्छ। त्यसको समन्वय तथा अनुगमन जिम्मेवारी प्रदेश समन्वय विभागलाई दिइएको छ। साथै, प्रहरी महानिरीक्षकको सचिवालयमार्फत हरेक महिना कार्यालयहरूको मूल्यांकन गर्न लागिएको छ।

प्रहरीको बढुवामा ४० नम्बर कार्यसम्पादन मूल्यांकनबापत राखिएको छ। माथिल्ला प्रहरी अधिकारीले दिने यस्तो नम्बर हाल व्यक्तिगत निकटता र स्वविवेकका आधारमा हुने गरेको छ। जसलाई काममा आधारित बनाउन लागिएको छ।

नीति समन्वय समितिको निर्णयअनुसार अब प्रहरी कर्मचारीले गरेको अनुशासनविपरीत काम पनि व्यक्तिगत प्रोफाइलमा राखिनेछ। यसअघि विभागीय कारबाहीको विवरण मात्र व्यक्तिगत प्रोफाइलमा राख्ने गरिएको थियो। सरुवा-बढुवाका लागि अनावश्यक दबाब दिने, सरुवा भएको कार्यालयमा नजाने तथा संगठितको नीति र अनुशासन नमान्नेहरूको विवरण राख्न लागिएको हो। संगठनलाई चेन अफ कमान्डमा चलाउन र अनुशासन बढाउन यस्तो निर्णय गरिएको एक उच्च अधिकारीले बताए।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
४ नं. वडा कार्यालय
बालुवाटार, काठमाडौं

कोठा खाली गर्ने सम्बन्धी १५ दिने सूचना

उपरोक्त सम्बन्धमा का.जि., बूढानीलकण्ठ न.पा. वडा नं. ५ बस्ने सकुल शाहले काठमाडौं महानगरपालिका वडा नं. ४ अन्तर्गत सुकेधारास्थित श्री नाती डंगोलको घरमा सहकारी सञ्चालन गर्ने प्रयोजनका लागि मिति २०८१ साल मंसिर महिनादेखि घरको २ वटा कोठाहरू बहालमा लिई आएकोमा मिति २०८१ साल फागुन महिनादेखि घरभाडा नबुझाएको र कोठाहरूमा तालाबन्दी गरी सम्पर्कमा समेत नआएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पर्कमा आई तिर्नु बुझाउनुपर्ने घरभाडा बुझाउनुहुन र उक्त घर खाली गर्नुहुन जानकारी गराइन्छ। अन्यथा कानून बमोजिम हुनेछ।

विगो लगत नं. ५६५/२८A फाँटः रुद्र नारायण झा

श्री धनुषा जिल्ला अदालत

श्री धनुषा जिल्ला अदालतबाट जारी भएको प्रतिवादी जिल्ला सर्लाही लालबन्दी न.पा. वडा नं ७ लालबन्दी SHYAM TRADERS (PAN / VAT 605861259) को नाँउको १५ (पन्ध्र) दिने म्याद ...

उपरान्त वादी धनुषा जिल्ला जनकपुरधाम उ.म.न.प. वडा नं. १ मिल्स एरिया रजिष्टर्ड कार्यालय रहेको इन्फिनिटि डिष्टव्युटर्स प्रा. लि. को संचालक अध्यक्ष बिनित अग्रवाल तथा संचालक रईसा टिवडेवालको तर्फवाट अख्तियार प्राप्त धनुषा जिल्ला औरही गा.पा. वडा नं. १ घर भई हाल ऐ. ऐ. कम्पनिमा कार्यरत कर्मचारी सफिद कवारीको छोरा रहमत राईन र प्रतिवादी तपाई भएको विगो मुद्दा यस अदालतको मिति २०८२/०८/०५ गतेमा भएको आदेशानुसार तपाईको नाउँमा यो १५ (पन्ध्र) दिने म्याद जारी भई पठाइएको छ। तसर्थ तपाईले यो म्याद बुझिलिएको वा कानूनको म्याद पुयाई टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र वादी दावी बमोजिमको विगो। नगद दाखिला गर्न वा जेथा भए जेथा लिई आउनु होला। अन्यथा नगद दाखिला वा जेथा नदेखाई म्याद गुजारी बसेमा तपाईलाई ६(छ) महिना कैदको लागि दर्ता भएको निवेदन इजलास समक्ष पेश हुनेछ्पछि तपाईको उजुर बाजुर लाग्ने छैन। इति सम्वत् २०८२ साल मंसिर महिना २४ गते रोज ४ शुभम् ...

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बालाजु, काठमाडौ

शिलबन्दी प्रस्ताव आह्वानको सूचना

(ठेक्का नं. TMOBALAJU ०१/०८२/८३)
प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२६ गते शुक्रबार

यस यातायात व्यवस्था कार्यालय, बालाजुबाट सञ्चालन गर्न लागिएको **दुई पाङ्ग्रे वर्ग "क" (मोटरसाईकल, स्कुटर र मोपेड), चार पाङ्ग्रे वर्ग "ख" (कार, जिप, डेलिभरी भ्यान) र ठूला तथा मझौला सवारी वर्ग "ग" (मिनि बस, मिनि ट्रक, ट्रक, बस र लरी)** साधनको सवारी चालक अनुमतिपत्रको परीक्षाका लागि आवश्यक पर्ने लिखित तथा प्रयोगात्मक परीक्षास्थल र सवारी साधनहरुको प्रयोग बापतको शुल्क/दस्तुर लिई सेवा उपलब्ध गराउने शर्तमा प्रचलित कानून बमोजिम सम्बन्धित संस्थाबाट सवारीचालक प्रशिक्षण केन्द्र सञ्चालनको लागि इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्रति सेवाग्राही के कति दर रेटमा सवारी साधन सहित प्रयोगात्मक परीक्षा स्थल उपलब्ध गराउन सकिन्छ सो खुलाई तोकिए बमोजिमका शर्तहरु र स्वीकृत दररेटमा नबढ्ने गरी प्रथम पटक सूचना प्रकाशित मितिको **१५औं** दिन कार्यालय समय भित्र प्राप्त गरि प्राविधिक तथा आर्थिक प्रस्ताव फारामहरु (छुट्टा-छुट्टै खाम बन्दी गरी दुबै खाम मुल खाममा बन्दगरी लाहाछाप लगाई वा शिलबन्दी गरी) यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले **१६औं** दिनको **अपरान्ह १:०० बजे** भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

सेवाका शर्तहरु, प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधन तथा सोको शर्तहरु बागमती प्रदेश सरकार, श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय, हटौडाको आधिकारिक ***Website: https://molet.bagamati.gov.np/*** मा हेर्नुहुन साथै प्राविधिक तथा आर्थिक प्रस्ताव फारामहरु कार्यालयको प्रशासन शाखाबाट रू. ३,०००/- (अक्षेरेपीः तिन हजार मात्र) यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको **राजश्व खाता नं. १०००१००२०००१०००० मा** जम्मा गरी सक्कलै बैंक भौचर बुझाई प्राप्त गर्न सकिनेछ।

कार्यालय प्रमुख

एमाले पदाधिकारीमा...

पृष्ठ १ बाट क्रमशः

चर्चा गर्नेबाहेक घोषणा गर्न सकेका छैनन्। तर, औपचारिक-अनौपचारिक संवादमा कैयौँ महिला नेतृ र युवा-विद्यार्थी पृष्ठभूमिका नेताले आफ्नो आकांक्षा व्यक्त गरेका छन्।

हाल १९ सदस्यीय पदाधिकारीमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य र सचिव पद्मा अर्यालले मात्र पदाधिकारीमा प्रतिनिधित्व गर्छन्। शाक्यले पुनः उपाध्यक्षमै दोहोरिन खासै रुचि देखाएकी छैनन्। यद्यपि, उमेरहद सीमा हटिसकेकाले उनलाई पुनः उपाध्यक्षमा दोहोरिनका लागि दबाब छ। शाक्यले बिदा लिएमा वरिष्ठ उपाध्यक्ष पोखरेल प्यानलबाट स्थायी समिति सदस्य विन्दा पाण्डे उपाध्यक्षको उम्मेदवार बन्ने तयारीमा छिन्। अन्यथा, उनी उपमहासचिवमा उठ्ने मनस्थितिमा छिन्। अर्यालले पनि उपाध्यक्षको चाहना राखेकी छिन्।

त्यस्तै, स्थायी समिति सदस्य थममाया थापा पनि पदाधिकारीकै दाबेदार हुन्। तर, नेताहरूसँग परामर्शपछि मात्र टुंगो लाग्ने उनको भनाइ छ। थापाले जस्तै अध्यक्ष ओलीनिकट अधिकांश नेतृ पदाधिकारी बन्ने चाहना भए पनि औपचारिक रूपमा खुल्ने पक्षमा कोही पनि देखिँदैनन्। शान्ता चौधरी, सुजिता शाक्य, ज्वालाकुमारी साह, मञ्जुकुमारी चौधरी, भगवती चौधरी, जुलीकुमारी महतो, लीलाकुमारी भण्डारी, सीता गिरी ओली, मनकुमारी जिसी, सुशीला नेपाल, निरुदेवी पालसहितका पोलिटब्युरो सदस्यहरू पदाधिकारीका स्वाभाविक दाबेदार मानिएका छन्। तर, उनीहरूमध्ये धेरै नेतृत्वसँग सल्लाह नभएको बताउँछन्। पूर्वकमलरी चौधरी एमाले वृत्तमा आत्मनिर्भर श्रम गर्ने महिला नेतृकी रूपमा चर्चित छिन्।

उता मधेशबाट प्रतिनिधित्व गर्ने पोलिटब्युरो सदस्य जुलीकुमारी महतोले पनि पार्टीसँगको सल्लाहअनुसार अगाडि बढ्ने बताइन्। एकीकृत समाजवादीबाट एमालेमा फर्किएकी नेतृ रामकुमारी झाँक्री पनि सचिव पदमा चर्चामा छिन्। संस्थापनबाटै केन्द्रीय कमिटी सदस्यहरू पूर्वमन्त्री भगवती न्यौपानेदेखि, सुनिता बराल, पार्वती रावल, पेम्बा लामा, मोहनमाया ढकालसम्मका नेतृको नाम पनि पदाधिकारीको चर्चामा छ। तर, उनीहरूमध्ये न्यौपानेको नाम बढी चर्चामा छ।

यस्तै, पोखरेल-भण्डारी समूहबाट विद्या भट्टराई, गौरी ओली, रचना खड्का, सरिता न्यौपाने, उषाकिरण तिमल्सिना, शर्मिला कार्की, डा. विमला राई पौडेल, ममता गिरीलगायतको नाम पदाधिकारीको चर्चामा छ।

त्यस्तै, ४० वर्षमुनिको नयाँ पुस्ताबाट केन्द्रीय कमिटी सदस्य रहेकी खड्का पोखरेल प्यानलबाट सचिवको चर्चामा छिन्। नयाँ पुस्ताको भावना सम्बोधनका लागि पनि खड्काको नाममा पोखरेल प्यानलले छलफल गर्ने तयारी गरेको छ। त्यस्तै, पूर्वविद्यार्थी नेतृसमेत रहेकी न्यौपाने र तिमल्सिना तथा पूर्वपरराष्ट्रमन्त्रीसमेत रहिसकेकी विमला राई पौडेलको सम्भावना पनि सचिवमै रहेको पोखरेलनिकट एक पदाधिकारीले बताए।

पछिल्लो समय तटस्थ रहेर अन्ततः अध्यक्ष ओलीतिर खुलेकी अनेरास्ववियुकी पूर्वअध्यक्ष नवीना लामाको नाम पनि सचिवमै चर्चामा छ। उनले नेता र प्रतिनिधिहरूसँगको परामर्शविना उम्मेदवारी नदिने भन्दै तत्काल घोषणा नगर्ने बताएकी छिन्।

युवा पृष्ठभूमिबाट राष्ट्रिय युवा संघका पूर्वअध्यक्ष महेश बस्नेतलाई जसरी पनि उपमहसचिव या सचिवमा समेट्नैपर्ने दबाबमा अध्यक्ष ओली छन्। त्यस्तै, युवा विद्यार्थी संगठनमा पदाधिकारी बनेर काम गरेका अरुण नेपाल, हिक्मत कार्की, खिमलाल भट्टराई, ठाकुर गैरे, यज्ञराज सुनुवार, पदम गिरी, महेश बर्तौला, निरुदेवी पाल, माधव ढुंगेल, राजीव पहारी, रमेश पौडेल, डा. सुरेन्द्र मानन्धर, किरण पौडेललगायत युवापुस्ताका नेता पदाधिकारीमा चर्चामा छन्। तर, कसैले पनि अझै औपचारिक रूपमा उम्मेदवारी भने घोषणा गरेका छैनन्।

'प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

अध्यक्षका लागि भिड्दै छन्।

ओलीले बयान दिन जाने-नजाने विषय व्यक्तिगत र कानुनी भएको भन्दै त्यसबारे अरूले टिप्पणी गरिरहनु आवश्यक नरहेको धारणा राखे। 'बयान दिने कि नदिने मेरो कुरा होला। के कानुनी व्यवस्था छ, त्यस सम्बन्धमा मैले पनि हेरेको हुँला नि, त्यसबापत कुनै सजाय भोग्नुपर्छ, केही गर्नुपर्छ भने मैले गर्छु होला नि,' ओलीले भने।

बुधबार सम्पादकहरूसँगको अन्तरसंवादमा वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्ष ओलीले जाँचबुझ आयोगमा बयान दिन जानु उपयुक्त हुने धारणा राखेका थिए। 'सरकारले बनाएको आयोगमा हाम्रा कतिपय रिजर्भेसन छन् होला। तर, आयोगले बोलाउनु स्वाभाविक छ। मचाहिँ भए अझै अगाडि गएर बयान दिन्थेँ। त्यसप्रति अवज्ञा गर्ने कुराले राम्रो गर्दैन,' पोखरेलको भनाइ थियो।

उनले विरोधीले जति खेद्यो उति नै आफू बलियो र शक्तिशाली बन्ने जिकिरसमेत गरे। 'म हावा भरिएको भकुन्डोजस्तो हुँ, जति जोडले पछार्छन्, उति माथि पुग्छु,' उनले भने, 'छुद्र व्यवहार र वैरभावपूर्ण कदमले राजनीति स्वस्थ हुँदैन। सबै स्वस्थ ढंगले चल्नु नै वाञ्छनीय हुन्छ।

यस्तै, ओलीले पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनमा सहमति भएमा वा प्रतिनिधिहरूले चुनेमा आफू अध्यक्षमा पुनः रहन सक्ने बताए। तर, कुनै पूर्वसर्त राखेर आफूले कुनै दबाबमा काम नगर्ने ओलीले स्पष्ट गरे। त्यस्तै, बाहिर प्रस्ताव दिनुभन्दा पार्टीभित्र बसेर सहमतिको पहल गर्न वरिष्ठ उपाध्यक्ष पोखरेललगायतका नेतालाई उनले आग्रह पनि गरे। पोखरेलले ओलीबाहेक अरूमा सर्वसम्मति हुन सक्ने बताएको अर्को दिन ओलीले आफ्नो धारणा राखेका हुन्।

अर्को प्रश्नको जवाफमा उनले संसद् पुनर्स्थापनालगायत राष्ट्रिय राजनीतिका समसामयिक विषयमा कांग्रेस सभापति शेरबहादुर देउवासँगको भेटमा संवाद भएको र त्यसको परिणाम क्रमशः आउने बताए। तर, कस्तो परिणाम आउँछ भन्ने विषय उनले खुलाएनन्।

जेन-जी आन्दोलनका वेला प्रधानमन्त्री रहेका एमाले अध्यक्ष ओलीले आफूलाई भगौडा प्रधानमन्त्री भनिएकामा गम्भीर आपत्ति जनाए। बालुवाटारबाट हेलिकोप्टरमा बाहिरिएका ओलीले धेरै क्षति नहोस् भनेर बुद्धिमतापूर्वक मुकाम सरेको दाबी गरे।

'कौरवहरूले दुर्योधन, सकुनी र दुःशासनहरूले लाक्षागृह बनाएर भित्रै जलाएर मार्न खोजेका थिए। दुर्योधनका प्रेतहरू अहिले पनि रहेछन्। पाण्डवहरू भागेर बाँचे। एकातिरबाट आगो लगाए, पाण्डवहरू अर्कातिरबाट भागे,' ओलीले भने, 'पाण्डवहरू भागेकै हुन्। तर, काँतर भएर होइन, बुद्धि पुऱ्याएर भागे। 'म जल्छु, तर भाग्दिनँ' भनेको भए जल्थेँ। जल्नु हुँदैनथ्यो।'

आत्मरक्षाका लागि सुरक्षाकर्मीले कदम चाल्दा आन्दोलनकारी घाइते हुने अवस्था आउने भएकाले आफूले बुद्धिमतापूर्वक मुकाम सर्ने निर्णय लिएको उनको जिकिर थियो। 'हो, मैले (बालुवाटार) नछोड्न सक्थेँ। तर, के-के खुवाएर ल्याएको छ, आक्रमण गर्न आउँछन्। आत्मरक्षाका लागि प्रहार गर्दा क्याजल्टी हुने भो। क्याजल्टी हुनुभन्दा वल्लो घरबाट पल्लो घर सर्दा राम्रो होइन ?' ओलीले भने, 'कहिलेकाहीँ बच्चाबच्चीले खेदे भने आफू कुद्नुपर्छ। अनि डरायो, भाग्यो... भनेर खुसी हुन्छन्। त्यस्तै हो। उनीहरू (आन्दोलनकारी)को ज्यान बचाउन मैले मुकाम परिवर्तन गरेको हुँ।'

केयरटेकर प्रधानमन्त्री चलाइरहेको व्यक्ति कसरी भागेको हुन्छ भनेर ओलीले प्रश्न उठाए। 'मेराअगाडि एउटा परिस्थिति आयो। मैले राजीनामा गरेँ। तर, म केयरटेकर प्रधानमन्त्री छँदै थिएँ। भागेर केयरटेकर हुन्छ ? भागेको मान्छे प्रधानमन्त्री रहन्छ ?' ओलीले भने, 'म त प्रधानमन्त्री नै थिएँ। मैले राष्ट्रपतिलाई प्रधानमन्त्रीको हैसियतमा सिफारिस गरेको छु। म बसेको ठाउँमा राष्ट्रपति, प्रधानमन्त्री र प्रधानसेनापतिबिच मेरो कुराकानी भयो। त्यो भाग्या भयो ?' डेराको बन्दोबस्ती भएपछि पूर्वसूचना सार्वजनिक गरेर सेनाको ब्यारेकबाट आफू गुन्डु फर्किएको ओलीको भनाइ थियो।

'जेन-जीसँगको सम्झौता कलाविहीन नाटक' वर्तमान सरकार 'नागपञ्चमीमा घरमा कसैले गोबरले टाँसेको नाग'जस्तै

नेपाल सरकार र जेन-जी पक्षबिच बुधबार भएको सम्झौताबारे ओलीले कडा प्रतिक्रिया जनाउँदै त्यसलाई 'कलाविहीन नाटक'को संज्ञा दिएका छन्। जनादेशविनाको सरकारले यस्ता निर्णय गर्ने म्यान्डेट नराखेको भन्दै उनले वर्तमान सरकारलाई 'नागपञ्चमीमा घरमा कसैले गोबरले टाँसेको नाग'जस्तै भएको टिप्पणी गरे। 'विघटित संसद्लाई जनसमर्थन गुमाएको संसद् भनेर सम्झौतामा भनिएको छ। त्यो यथार्थ होइन। असान्दर्भिक र अराष्ट्रिय भावना बोकेकाले परिस्थितिलाई विध्वंसका माध्यमबाट आफ्नो कब्जामा लिन खोजेका मात्रै हुन्। त्यसकारण यो सरकारलाई यस प्रकारको सम्झौता गर्ने जनादेश छैन,' उनले भने, 'यो देशमा पुराना र ठुला राजनीतिक दलहरू सक्रिय छन्। आगामी २१ फागुनपछि पनि नेपालको समय छ भन्ने सरकारले बुझ्नुपर्छ। त्यस कुरालाई हेक्का राखेर काम गर्न आग्रह गर्दछु।' ओलीले कार्की नेतृत्वको अन्तरिम सरकारको संवैधानिक हैसियतमाथि लगातार प्रश्न उठाइरहेका छन्।

■ अफताब आलम सफाइ प्रकरण

न्यायाधीशद्वय थारू र महर्जनविरुद्धको छानबिन प्रतिवेदन चार महिनादेखि अलपत्र

● **जितेन्द्रबाबु थपलिया**, न्यायपरिषद् सचिवालय




प्रतिवेदन परिषद्मा पेस भइसकेको छ। प्रतिवेदनका सन्दर्भमा निर्णय हुन भने बाँकी छ। व्यस्तताका कारण केही दिन निर्णय हुन विलम्ब भएको हुन सक्छ। केही दिनभित्रै त्यो काम होला।

● **शैलेन्द्र साह**, जाहेरीकर्ता



यो घटनामा १७ वर्षदेखि लडिरहेका छौं। एक पीडितको गोली हानी हत्या भइसक्यो। अर्को पीडित ८३ वर्षका वृद्ध छन्। हुँदाहुँदा घटनाका मुख्य योजनाकार मानिएका आलमको मृत्यु भइसक्यो। तैपनि, न्याय पाउन सकिएको छैन। पीडितले न्याय पाउन नसक्नु कस्तो कानुन हो ? घटनाले अत्यन्तै आहात बनाइरहेको छ।



टेकराज थामी/नयाँ पत्रिका

न्यायपरिषद्को बेवास्तापछि पूर्वमन्त्री अफताब आलमसहित चार प्रतिवादीलाई सफाइ दिने न्यायाधीश खुसीप्रसाद थारू र अर्जुन महर्जनविरुद्धको छानबिन प्रतिवेदन चार महिनादेखि दराजमा थन्किन पुगेको छ।

उच्च अदालत वीरगन्जका तत्कालीन न्यायाधीश थारू र महर्जनको संयुक्त इजलासले बम विस्फोटका घाइते ईंटाभट्टामा जिउँदै हालेर हत्या गरेको अभियोगमा दोषी ठहर भएका आलमसहितका पाँच प्रतिवादीलाई सफाइ दिएका थिए। उक्त फैसलापछि न्यायपरिषद्ले सर्वोच्चका न्यायाधीश विनोद शर्माको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिले गत भदौ दोस्रो साता छानबिन प्रतिवेदन परिषद्मा पेस गरेको थियो। तर, परिषद्ले कार्यान्वयनमा चासो नदिँदा चार महिनादेखि प्रतिवेदन दराजमा थन्किन पुगेको छ।

न्यायपरिषद् सचिवालयका सचिव जितेन्द्रबाबु थपलियाले प्रतिवदेन परिषद्मा पेस भइसकेको र यो निर्णयको चरणमा रहेको बताए। उनले भने, 'आलमलगायतका प्रतिवादीलाई सफाइ दिएपछि उच्च अदालत वीरगन्जका तत्कालीन न्यायाधीशद्वय थारू र महर्जनविरुद्ध न्यायपरिषद्ले छानबिन समिति गठन गरेको थियो। प्रतिवेदन परिषद्मा पेस भइसकेको छ। प्रतिवेदनका सन्दर्भमा निर्णय हुन भने बाँकी छ। व्यस्तताका कारण केही दिन निर्णय हुन विलम्ब भएको हुन सक्छ। केही दिनभित्रै त्यो काम होला।'

गत १४ जेठमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका तत्कालीन न्यायाधीशद्वय थारू र महर्जनको संयुक्त इजलासले १७ वर्षअघि रौतहटको राजपुर फरहदवामा बम विस्फोट घटनामा दोषी ठहर भएका आलमसहित महताब आलम, शेष सेराज र बद्री सहनीलाई सफाइ दिएको थियो। त्यसलगत्तै न्यायाधीशद्वय थारू र महर्जनविरुद्ध छानबिन गर्न न्यायपरिषद्ले सर्वोच्चका न्यायाधीश शर्माको संयोजकत्वमा विशेष समिति गठन गरेको थियो। समितिले निर्धारित अवधिमै छानबिन सकेर गत भदौ दोस्रो साता प्रतिवेदन परिषद्मा पेस गरेको थियो।

न्यायपरिषद् सचिवालयका सचिव थपलियाले भने, 'प्रतिवेदन पेस भएलगत्तै मुलुकमा जेन-जी आन्दोलन भयो। सो घटनापछि नयाँ परिस्थिति सुरु भयो। त्यसो हुँदा पनि प्रतिवेदनमाथि निर्णय हुन समय लागेको हुन सक्छ।'

न्याय नपाउँदा थप पीडामा पीडित

न्यायाधीशद्वय थारू र महर्जनविरुद्ध घटनाका पीडित श्रीनारायणसिंह राजपुत र रौतहट इशानाथ नपा-५ का शैलेन्द्र साहले परिषद्मा उजुरी दिएका थिए। उजुरीमा उनीहरूले थारू र महर्जनको सिडिआर (कल डिटेल रिपोर्ट) अध्ययन गरिनुपर्ने भनिएको थियो। त्यसै, उनीहरूले तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाविरुद्ध पनि परिषद्मा उजुरी दिएका थिए। सोही उजुरीपछि परिषद्ले समिति गठन गरेको थियो। पेस भएको चार महिना बितिसक्दासमेत प्रतिवेदनमाथि निर्णय हुन नसक्नु पीडितमाथिको ज्यादती भएको जाहेरीकर्ता साहले बताए।

उनले भने, 'यो घटनामा १७ वर्षदेखि लडिरहेका छौं। एक पीडितको गोली हानी हत्या भइसक्यो। अर्को पीडित ८३ वर्षका वृद्ध छन्। हुँदाहुँदा घटनाका मुख्य योजनाकार मानिएका आलमको गत २२ कात्तिकै मृत्यु भइसक्यो। तैपनि, न्याय पाउन सकिएको छैन। १७ वर्षसम्म पनि पीडितले न्याय पाउन नसक्नु कस्तो कानुन हो ? घटनाले अत्यन्तै आहात बनाइरहेको छ।'

साह २८ चैत ०६४ को संविधानसभा निर्वाचनमा आलमका चुनावी प्रतिस्पर्धी हुन्। उनी रौतहट निर्वाचन क्षेत्र नम्बर २ बाट एमालेको तर्फबाट उठेका थिए। उनी घटनाका प्रत्यक्षदर्शीसमेत हुन्। आलमविरुद्ध उनैले पहिलोपटक ३० चैत ०६४ मा जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहरी दिएका थिए। तर, उनको जाहेरीमा प्रहरीले कुनै कारबाही अघि बढाएको थिएन।

सोही वेला मृतक ओसी अख्तर मियाकी आमा रुक्साना खातुन र पिन्टु भनिने त्रिलोकप्रताप सिंहका बुबा श्रीनारायण सिंहले आलमविरुद्ध किटानी जाहेरी दिएका थिए। तर, त्यो जाहेरी पनि प्रहरीले दर्ता गर्न मानेको थिएन। पछि ९ वैशाख ०६५ मा खातुन र सिंहले आलमविरुद्ध हुलाकमार्फत प्रहरीमा जाहेरी दिएका थिए। जुन १८ वैशाख ०६५ मा मात्रै औपचारिक रूपमा दर्ता भएको थियो।

त्यसलगत्तै जिप्रका रौतहटले घटनाको अनुसन्धान अघि बढाए पनि ९ असार ०६५ मा जिल्ला सरकारी वकिल कार्यालय रौतहटले प्रमाण अभाव भएको देखाउँदै मुद्दा नचल्ने निर्णय गरेको थियो। ३० असार ०६५ मा जिल्लाको सोही निर्णयलाई महान्यायाधिवक्ता कार्यालयले सदर गरेको थियो। जिल्ला र महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध खातुन र सिंह रिट निवेदन लिएर सर्वोच्च अदालत पुगेका थिए। सर्वोच्चले १६ जेठ ०६९ मा घटनाको अनुसन्धान अघि बढाउन फैसला गरेको थियो। पीडितलाई आवश्यक सबै खालका कानुनी र भौतिक सहयोग उपलब्ध गराउने काम साहले गरेका थिए।

सर्वोच्चको सोही आदेशपछि आलम घटनाको १२ वर्षपछि अर्थात् २७ असोज ०७६ मा पक्राउ परेका थिए। पुपर्क्षका लागि ललितपुरको नक्खु कारागार रहेका आलमसहित चार प्रतिवादीविरुद्ध जिल्ला अदालत रौतहटले १३ वैशाख ०८१ मा घटना प्रमाणित गर्दै जन्मकैदको फैसला गरेको थियो। तर, गत १४ जेठ ०८२ मा जिल्लाको फैसलालाई उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जले उल्टाइदिएको थियो।

प्रतिवेदन कार्यान्वयनमा न्यायपरिषद् मौन



उच्च अदालत वीरगन्जका तत्कालीन न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जन

न्यायपरिषद्को प्रमुखका रूपमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत छन्। उनकै विशेष चासोपछि गत ५ असारमै परिषद्ले न्यायाधीशद्वय थारू र महर्जनविरुद्ध छानबिन समिति गठन गरेको थियो। प्रतिवेदन पेस भएपछि भने न्यायपरिषद् मौन छ। जसबाट उच्च अदालत वीरगन्जको फैसलाविरुद्ध सर्वोच्चमा दर्ता पुनरावेदनको पेसी नै प्रभावित बन्न पुगेको छ। किनकि, मुद्दासँग सम्बन्धित मिसिलका सम्पूर्ण कागजात अहिले परिषद्मा छ। प्रतिवेदनमा निर्णय नभएको हुँदा परिषद्ले मिसिल सर्वोच्च पठाएको छैन। जसले मुद्दाको पेसी प्रभावित बनाइदिएको पीडितको पक्षबाट वकालत गर्दै आएका अधिवक्ता पुष्प पौडेलले बताए। उनले भने, 'उच्चको फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन दर्ता भइसकेको छ। तर, हालसम्म पनि पेसी तोकिएको छैन। किनकि, मुद्दासँग सम्बन्धित मिसिलका सबै कागजात न्यायपरिषद्मा छ। छानबिन प्रतिवेदनमाथि निर्णय नहुँदासम्म परिषद्ले मिसिल सर्वोच्चमा पठाउँदैन। त्यसो हुँदा मुद्दाको पेसी नै प्रभावित बन्न पुगेको छ।'

जाँचबुझ आयोगको म्याद दुई साता बाँकी, कार्यक्षेत्र थप



बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले बुधबार जेन-जीसँग भएको सम्झौताअनुसार आयोगको कार्यक्षेत्र थप गरेको हो

नयाँ पत्रिका

जेन-जी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिबारे छानबिन गर्न गठन भएको जाँचबुझ आयोगको कार्यक्षेत्र थप भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले बुधबार जेन-जीसँग भएको सम्झौताअनुसार कार्यक्षेत्र थप गरेको हो।

जसअनुसार आयोगले जेन-जी आन्दोलनका क्रममा पक्राउ परेकाहरूको हकमा पनि छानबिन गर्ने भएको छ। कतिपय जेन-जी अगुवाले आन्दोलनमा सहभागी भएकै आधारमा हाल प्रहरीले पक्राउ गरेर मुद्दा चलाएको भन्दै सरकारप्रति असन्तुष्टि जनाएपछि त्यसउपर जाँचबुझ आयोगमार्फत छानबिन गर्न लागेको छ। बुधबार भएको सम्झौतामा 'जाँचबुझ, सत्य निरूपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राखी उपयुक्त प्रक्रिया अपनाई जनआन्दोलनको प्रकृति तथा २३ र २४ भदौको विशिष्ट परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गरी जनआन्दोलनका क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा संगठित तरिकाले गरेका हिंसात्मक कार्यहरूको भेदलाई पूर्वाग्रहरहित रूपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेस गर्ने' उल्लेख थियो। जसअनुसार कोही निर्दोष देखिएमा उनीहरूको मुद्दा फिर्ता लिन सिफारिस गर्ने काम आयोगले गर्ने पनि सम्झौतामा उल्लेख छ। सोही सम्झौताअनुसार आयोगको कार्यक्षेत्र थप गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए।

कार्यक्षेत्र थप भएको आयोगको म्याद भने दुई हप्ता मात्र बाँकी छ। तीन महिनाको म्यादसहित गठन भएको आयोगले गत ९ असोजमा काम थालेको थियो। आगामी ९ पुसमा म्याद सकिँदै छ। यसअघिकै कार्यदेशअनुसारको काम नसकिएको अवस्थामा कार्यदेश थप भएपछि समय नपुग हुन सक्ने आयोगका एक अधिकारी बताउँछन्।

तत्कालीन गृहसचिव र आइजिपीसँग बयान



जाँचबुझ आयोगले तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी र तत्कालीन आइजिपी चन्द्रकुबेर खापुङसँग बयान लिन थालेको छ। बिहीबारदेखि उनीहरूको बयान सुरु भएको हो। उनीहरूको तीन-चार दिन लाग्न सक्ने आयोगका एक अधिकारी बताउँछन्। दुवैजनाले हाल अवकाश पाइसकेका छन्।

यस्तै, नेपाल प्रहरीका बहालवाला आइजिपी दानबहादुर कार्कीलाई पनि शुक्रबार बयानमा बोलाइएको छ। कार्की २४ भदौको जेन-जी आन्दोलनमा काठमाडौं उपत्यका प्रहरी कार्यालयको प्रमुख थिए।

गृहसचिव र आइजिपीको सकिएपछि आगामी साता तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको बयान लिने आयोगको तयारी छ।

संक्षेप

राप्रपा बैठक : प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीमा जोड

काठमाडौं/ राप्रपा केन्द्रीय समिति बैठकमा बिहीबार बोल्ने ७१ केन्द्रीय सदस्यमध्ये अधिकांशले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीका पक्षमा मत राखेका छन्। उनीहरूले राजनीतिक स्थिरताका लागि देशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री तथा राष्ट्रिय एकताका लागि संवैधानिक राजसंस्था हुनुपर्नेमा जोड दिएका छन्। बैठकमा चारजना केन्द्रीय सदस्यले भने प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको विपक्षमा बोलेका छन्। बैठकमा नेताहरू पूर्ण चन्द, पञ्चराम गुरुङ, धर्मराज जोशी, भरत गिरी, उद्धवराज भेटवाल, खुश्बु ओली, गोपाल दाहाल, इनु अधिकारी, दामोदर भण्डारी, दीपक रञ्जित, ध्रुव रायमाझी, कुन्ति पोखरेललगायतले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको आवश्यकतामा जोड दिएका छन्। उनीहरूले जेन-जी आन्दोलनपछि यसको आवश्यकता झन् बढेको पनि टिप्पणी गरेका थिए।

शृंखलाबद्ध चोरीमा संलग्न दुई पक्राउ

कास्की/ विभिन्न स्थानमा चोरीमा संलग्न आरोपमा कास्की प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा प्युठान स्थायी घर भई पोखरा महानगरपालिका- ३, नदीपुर बस्ने सुमित थापामगर र धादिङ स्थायी घर भई पोखराको नदीपुरमै बस्ने सुजन परियार रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक गणेश पाण्डेले जानकारी दिए। पाण्डेका अनुसार वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पोखरा- ९, रामघाटबाट पक्राउ गरेको हो। मगर अभद्र व्यवहार, चोरी उद्योग, चोरी र केही सार्वजनिक अपराधसमेतमा गरी हालसम्म आठपटक पक्राउ परिसकेका छन्। विभिन्न घटनामा संलग्नपछि उनी अदालतको आदेशअनुसार कारागार चलान भएका थिए। कारागारमा रहेका उनी जेन-जी आन्दोलनका क्रममा २४ भदौमा फरार भई पुनः चोरीमा संलग्न रहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो। यसैगरी परियार यसअघि अभद्र व्यवहार मुद्दामा पक्राउ परेका थिए। अनुसन्धानका क्रममा ४६ दिनको बिचमा उनीहरू चार स्थानमा चोरीमा संलग्न भएको पाण्डेले जानकारी दिए।

उम्मेदवारीका लागि आवेदन दिन उज्यालो नेपालको आह्वान

काठमाडौं/ उज्यालो नेपाल पार्टीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीबाट उम्मेदवार हुन इच्छुकसँग आवेदन मागेको छ। बिहीबार विज्ञप्ति जारी गर्दै उज्यालो नेपालले प्रत्यक्ष र समानुपातिक दुवैतर्फ उम्मेदवारीका लागि आवेदन आह्वान गरेको हो। इमानदार, स्वच्छ छवि भएका, आफ्नो क्षेत्रमा सकारात्मक योगदान दिँदै आएका र समाजमा विश्वसनीय पहिचान बनाएका नागरिकलाई आवेदन दिन आग्रह गर्दै विज्ञप्तिमा भनिएको छ, 'जेन-जी आन्दोलनबाट प्राप्त भएको ऊर्जा र नयाँ पुस्ताको नेतृत्व सम्भावनालाई संस्थागत गर्दै आर्थिक रूपान्तरण, सुशासन र सामाजिक न्यायलाई अगाडि बढाउने उद्देश्यले सर्वसाधारणबाट खुला आवेदन आह्वान गरिएको छ।' आवेदनका लागि संविधान र कानुनले तोकेको योग्यता पूरा गरेको, कुनै संवैधानिक वा कानुनी अयोग्यतामा नपरेको, आपराधिक कसुरमा अदालतबाट दोषी नठहरिएको र कानुनले तोकेको सीमाभित्र रहेर पारदर्शी ढंगले चुनावी खर्च गर्ने प्रतिबद्धता जनाउनुपर्ने भनिएको छ।

स्रोत नखुलेको सात लाख रुपैयाँसहित एकजना पक्राउ

लहान/ सिराहाको बरियारपट्टि गाउँपालिका- २ बाट प्रहरीले स्रोत नखुलेको सात लाख रुपैयाँसहित एक व्यक्तिलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार विशेष सूचनाका आधारमा जिल्ला प्रहरीमातहतको इलाका प्रहरी कार्यालय महेशपुरपतारी र प्रहरी चौकी कचनारीबाट खटिएको संयुक्त टोलीले बरियारपट्टि- ३ घर भएका ४६ वर्षीय दिनेश महतोलाई पक्राउ गरेको हो। भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर३२एडब्लू ८३७७ नम्बरको स्कुटीभित्र स्रोत नखुलेको रकम रहेको भन्ने विशेष सूचनाका आधारमा महतोलाई पक्राउ गरिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार पक्राउ परेका महतोलाई महेशपुरपतारी प्रहरीमा राखी आवश्यक थप कारबाहीका लागि बुधबार नै ठाढी भन्सार कार्यालयमा बुझाइएको छ।

म्यानमारमा मानव तस्करी गर्ने दुई पक्राउ

काठमाडौं/ म्यानमारको स्क्यामिङ केन्द्रमा पुऱ्याई बन्धक बनाउने धन्दामा संलग्न दुई अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा रन्जितकुमार महत्तो र मणिराज राई रहेका छन्। महत्तो ४७ जनाको टोलीसँगै उद्धार भई नेपाल फर्किएका थिए। उनैविरुद्ध जाहेरी परेपछि प्रहरीले पक्राउ गरेको हो।

मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिएका प्रहरी टोलीले महत्तोलाई बुधबार र राईलाई बिहीबार पक्राउ गरेको हो। उनीहरूविरुद्ध अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप भएको छ। म्यानमारबाट उद्धार भई नेपाल फर्किएका पीडितको जाहेरीपछि ब्युरोले उनीहरूलाई पक्राउ गरेको हो। ब्युरो प्रमुख एसएसपी कृष्ण पंगेनीले म्यानमारबाट उद्धार भई फर्किएका पीडितको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको बताए।

उनले भने, 'म्यानमारमा बन्धक बनाइएका ४७ जनाको बुधबार उद्धार भयो। उनीहरूसँगै महत्तो पनि नेपाल फर्किएका थिए। पीडितले उनीविरुद्ध समेत जाहरी दिए। सोही आधारमा पक्राउ गरेका हौं। हालसम्म तीनवटा जाहेरी परेका छन्। अन्य पीडितको जाहेरी आउने क्रम जारी छ।'

ब्युरोका अनुसार महत्तो र राईको टोलीले आइट र होटेलमा आकर्षक तलब हुने प्रलोभनमा नेपाली युवालाई गैरकानुनी ढंगले म्यानमार पुऱ्याएका थिए। भारत हुँदै थाइल्यान्डबाट म्यानमारको मेवाडी र केके-१ पार्क कम्पनीमा लगि उनीहरूले नेपाली युवालाई बेचिदिएका थिए। रोचक पक्ष के भने नेपाली युवा तस्करी गर्ने महत्तोलाई समेत तस्करले थाहै नदिई खरिद गरेका थिए।

तस्करले उनीसहित सबै नेपाली युवालाई मेवाडी र केके-१ पार्क कम्पनीको कम्पाउन्डमा बन्धक बनाएका थिए। उनीहरूलाई तस्करले विभिन्न देशका युवायुवतीलाई स्क्याम गर्न तालिम दिने गरेका थिए। यस क्रममा कस्टमरलाई बिट क्वाइनमा लगानी गर्न प्रेरित गर्ने, लभ अफेयरमा फसाउने, घण्टौं कुराकानी गर्नमा झुम्मिने, च्याट रिप्लाई गर्ने र उनीहरूलाई ट्र्यापमा पर्ने तालिम दिन्थे। त्यसपछि प्रत्येक युवालाई उनीहरू टार्गेट पूरा गर्न जिम्मा दिन्थे। टार्गेट पूरा नगर्नेहरूलाई भने शारीरिक थकान हुने सजाय दिने (पानीको जार बोकाई भऱ्याङमा तलमाथि गर्न लगाउने, कुट्ने, करेन्ट लगाउने, अँध्यारो कोठामा थुन्ने, भ्यागुता जम्प गर्न लगाउने) गर्थे। कम्पनीबाट बाहिरिन खोज्ने युवासँग आठ लाख रुपैयाँ माग्थे र, सोही बहानामा बन्धक बनाउँथे। यसरी बन्धक बनेका अझै धेरै युवा म्यानमार रहेको र उनीहरूको उद्धार गर्ने क्रम जारी गरेको ब्युरो प्रमुख एसएसपी पंगेनीले बताए। थाइल्यान्डको बैंककस्थित नेपाली दूतावासले थाइल्यान्ड सरकारसँग समन्वय र सहयोगमा उद्धार गरी उनीहरूलाई (२६ जिल्लाका नागरिक) बुधबार नेपाल फर्किएका थिए। जसमध्ये ४५ पुरुष र दुई महिला छन्। म्यानमारमा अरू सर्यौं नेपाली उद्धारको पर्खाइमा छन्।

दूतावासका अनुसार उद्धार गरिएकामा चितवन, दैलेख, कास्की, काठमाडौं, काभ्रेपलाञ्चोक, पाल्पा, रामेछाप, रौतहट, सल्यान, सर्लाही, सिन्धुली, ताप्लेजुङ, तेह्रथुमका एक-एक, दाङ, महोत्तरी, मोरङ, नवलपरासी, नुवाकोट, स्याङ्जा र तनहुँका दुई-दुई, धादिङ, गोरखा, रुपन्देही, सिन्धुपाल्चोक र उदयपुर जिल्लाका तीन-तीन तथा झापाका पाँचजना छन्। दूतावासले जनाएअनुसार यीमध्ये एक १७ वर्षीय, २०-२५ वर्ष उमेर समूहका २६, २६-३० वर्ष उमेर समूहका १०, ३१-३५ वर्ष उमेर समूहका आठ, ४० वर्षका एक र ४१ वर्षका एकजना छन्।

चीनद्वारा नेपाली विद्यार्थीले निर्माण गरेको उपग्रह प्रक्षेपण

काठमाडौं/ छिमेकी चीनले नेपाली विद्यार्थीले निर्माण गरेको भूउपग्रह स्लिपर्स टु स्याटलाइट बुधबार अन्तरिक्षमा सफलतापूर्वक प्रक्षेपण गरेको छ। चीनले नेपाल, युएई र इजिप्टका लागि लिजियान १ वाई ११ रकेटसमेत प्रक्षेपण गरेको छ।

चितवनको करैयास्थित नवोदय माविका विद्यार्थीले निर्माण गरेको भूउपग्रह प्रक्षेपण भएपछि चिनियाँ राजदूतावासले यसलाई नेपालमा बढ्दै गएको शैक्षिक अन्तरिक्ष कार्यक्रमलाई प्रोत्साहन मिल्ने प्रतिक्रिया दिएको छ। 'चिनियाँ रकेटले नेपाली विद्यार्थीले निर्माण गरेको स्लिपर्स टु स्याटले उपग्रहलाई सफलतापूर्वक अन्तरिक्षमा प्रक्षेपण गऱ्यो, जसले नेपालको बढ्दो शैक्षिक अन्तरिक्ष कार्यक्रमलाई ठुलो प्रोत्साहन दिएको छ,' चिनियाँ राजदूतावासले भनेको छ।

बुधबारको स्लिपर्स टु स्याट (एसटुएस) अन्तरिक्ष प्रतिष्ठान नेपाल र अमेच्योर रेडियो डिजिटल कम्युनिकेसन्स फाउन्डेसनको सहयोगमा तयार भएको हो। 'यो परियोजना नेपालका सीमान्तकृत समूह, न्यून आय भएका समुदायहरू तथा आदिवासी जनताका लागि प्रेरणा, जवाफदेहिता र शैक्षिक सहयोग प्रदान गर्न समर्पित छ,' ग्लोबल टाइम्सले समाचारमा लेखेको छ।

नेपालका आठ र नौ कक्षाका विद्यार्थीलाई नेपालको तेस्रो वानयु क्युबस्याट स्वतन्त्र रूपमा डिजाइन गर्न र निर्माण गर्न सहयोग गर्ने लक्ष्य राखिएको छ। 'साथसाथै परियोजनाले विश्वभरका अमेच्योर-रेडियो प्रयोगकर्ताका लागि सफ्टवेयरमा आधारित डिजिटल रिपिटर प्रणाली प्रदर्शन र प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ,' ग्लोबल टाइम्समा छ। चाइना एकेडेमी अफ साइन्स (सिएएस) स्पेशले विकास गरेको रकेट प्रक्षेपण भएको हो।

थोत्रा सिआरभी भ्यानका भरमा प्रदेश राजधानीको सुरक्षा

● एसपी **कवित कटुवाल**
जिल्ला प्रहरी कार्यालय, मोरङ



नयाँ सिआरभी भ्यानका लागि प्रदेश र संघीय सरकारसँग माग भइसकेको छ। अब विराटनगर पहिलाजस्तो साँघुरो रहेन। धेरै फराकिलो र संवेदनशील क्षेत्र भइसकेको छ। यसैले अब सुरक्षाको उपाय भरपर्दो बनाउनैपर्छ। थोत्रा सिआरभीका भरमा मात्र सर्धै सुरक्षा अवस्था धानिन सक्दैन।

विराटनगरमा **गणेश लम्साल**

विराटनगर अब पहिलेझैं औद्योगिक सहर र जिल्लाको सदरमुकाम र उमहानगरपालिका मात्र रहेन। कोशी प्रदेशको राजधानीसमेत बनिसकेको छ। आर्थिक नगरीबाट प्रदेश राजधानी बनेसँगै विराटनगरको जनघनत्व 'दिन दुना रात चौगुना'ले बढिरहेको छ। प्रदेशका मात्र नभएर संघबाट आएका भिआइपी र भिभीआइपीको नियमित आवतजावतले यहाँको सुरक्षा अवस्थालाई चासोका रूपमा हेर्ने गरिन्छ।

तर, प्रदेशको राजधानी बनेपछि पनि विराटनगरको सुरक्षा अवस्थामा सुधार हुन सकेको छैन। यहाँ अझै पनि पुराना र थोत्रा सिआरभी भेनले धुँवा उडाउँदै र चर्को आवाज निकाल्दै गस्ती गरेको दृश्य देख्न सकिन्छ। विराटनगर महानगरको सुरक्षा जिम्मा ०६४ सालमा प्राप्त थोत्रा सिआरभी (कन्ट्रोल रुम भेहिकल) भ्यान थाप्लोमा छ।



विराटनगरको सुरक्षाका लागि ०६४ देखि नौवटा सिआरभी भेन परिचालन गरिएको थियो। यसमध्ये दुईवटा जेन-जी आन्दोलनमा जलेर नष्ट भए भने सातवटा सञ्चालनमा छन्। दैनिकजसो मर्मत गर्नुपर्ने अवस्थाका ती भ्यानलाई कतिपय अवस्थामा ठेलेर चलाउनुपर्ने बाध्यता रहेको प्रहरीहरू बताउँछन्। थोत्रा सिआरभी भ्यानमा न त वाइफाई चल्छन्, न त ब्रेक नै लाग्छ। जसका कारण घटनास्थलमा प्रहरी समयमै पुग्न नसक्ने अवस्था छ। सिआरभी भ्यानको बास प्रहरीमा भन्दा ग्यारेजमा धेरै हुने गरेको छ।

सिआरभी भ्यानहरूलाई जिल्ला प्रहरी कार्यालयले आन्तरिक बजेटबाट मिलाएर दैनिक पाँच लिटर तेल उपलब्ध गराउँदै आएको छ। जुन तोकिएको क्षेत्रभित्र गस्ती गर्न पर्याप्त हुँदैन। असइको कमान्डमा खटिने सिआरभी भेनका प्रहरीहरूका लागि ड्युटी सकिएपछि बस्ने ब्यारेकको व्यवस्थासमेत यहाँ छैन।

विराटनगरमा वडा प्रहरी 'क' र 'ख'को अनि सीमा क्षेत्रको इलाका प्रहरी रानी कार्यालयमा रहेको एउटा जिपले आ-आफ्नो इलाकामा गस्ती गर्छन्। महानगरमा रहेका सातवटा सिआरभी भ्यानले उत्तर, दक्षिण, पूर्व, पश्चिमका तोकिएका संवेदनशील स्थानका चोकमा तैनाथ हुने गरेका छन्।

विराटनगर प्रदेश राजधानी मात्र नभएर सीमावर्ती सहरसमेत हो। यहाँ जेनतेन सञ्चलान भइरहका सिआरभी र गस्ती भ्यानहरू भरपर्दो सुरक्षाका हिसाबले पर्याप्त नभएको सर्वसाधारणको भनाइ छ। भ्यान थपका लागि मोरङ प्रहरीले हेडक्वार्टरमा धेरै पहिलेदेखि पत्राचार गरिरहेको मोरङका एसपी कवित कटुवाल बताउँछन्।

विराटनगरमा संसद्हरू, मन्त्रालय, निर्देशनालय र कार्यालयहरूदेखि प्रदेश प्रमुखका कार्यालय, मुख्यमन्त्री र मन्त्री, सभामुख उपसभामुखहरूको निवाससमेत छ। प्रदेश सांसदहरू प्रायः सबैले विराटनगरमा डेरा लिएका छन्। ७६.९९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको विराटनगर संघीय राजधानी विराटनगरभन्दा ठुलो क्षेत्रफल भएको महानगर हो। ५० हजार घरपरिवार रहेको विराटनगरको जनसंख्या (स्थायी) दुई लाख ५७ हजारभन्दा बढी छ। प्रहरीका अनुसार बढी जनधनत्व र आवागमन हुने अनि सीमा क्षेत्रसँग जोडिएको प्रदेशकै ठुलो महानगर भएकाले यहाँ चोरी, लुटपाट र तस्करीका घटना पनि दैनिक भइरहन्छन्। यसैगरी, भारतबाट लागुऔषधदेखि साना हातियार तस्करी गर्ने गिरोह पनि सक्रिय भइरहन्छन्।

विराटनगरमा बैंक तथा वित्तीय संस्थाहरू पनि बढेको र आर्थिक नगर पनि भएकाले कम जनशक्ति र स्रोतसाधनमा अपराध नियन्त्रण गर्न प्रहरीलाई थप चुनौती बनेको छ। वर्षौं पुराना थोत्रा सिआरभी भ्यानका भरमा विराटनगरको भरपर्दो सुरक्षा हुन नसक्ने प्रहरी स्रोतको भनाइ छ। यसैले थप सातवटा क्युरआरटी (क्युइक रेस्पोन्स टिम) परिचालन गर्न लागेको मोरङका एसपी कवित कटुवाल बताउँछन्। उनका अनुसार नयाँ सिआरभी भ्यानका लागि पनि प्रदेश र संघीय सरकारसँग माग भइसकाले ढिलोचाँडो नयाँ आउने बताउँछन्। एसपी कटुवाल भन्छन्, 'अब विराटनगर पहिलाजस्तो साँघुरो रहेन। धेरै फराकिलो र संवेदनशील क्षेत्र भइसकेको छ। यसैले अब सुरक्षाको उपाय भरपर्दो बनाउनैपर्छ। थोत्रा सिआरभीका भरमा मात्र सर्धै सुरक्षा अवस्था धानिन सक्दैन।'

अलमलको अवस्थामा जेन-जी विद्रोह

जेन-जी विद्रोहले एकातर्फ युवामा नेतृत्व र राजनीतिप्रतिको मोह जगाइदियो भने अर्कातर्फ देशप्रतिको मोह र सद्भाव कायम राख्न सहयोग गऱ्यो



● सादेशमणि पोखरेल

अग्रलेख

भद्रगोल परिस्थितिबिचको अन्योलपूर्ण उठान लगभग न्यूनप्रायः छ, जुन देखायो तत्कालीन जेन-जी संग्रामले । उदाहरणका रूपमा तत्कालमा खस्किएको बंगलादेशको अर्थव्यवस्थालाई लिन सकिन्छ । बस, यही जेन-जी संग्राममाथि सञ्जालको सद्भाव देखाइदिए जनतासमेतले । फ्रेन्ज काफ्काले मेटामर्फोसिसमा उल्लेख गरेझैं संवादहीनता, अमानवीयता र अस्तित्वबेगर कायापलटनजिकको बिन्दु हुँदै पार भयो, मुलुक नयाँ मोडमा । तर, त्यही मोड वर्तमानमा दिशाविहीन नै लाग्दै छ ।

तत्कालमा फराकिलो जेन-जी मोडमा संकुचन भित्रिनु र भित्र्याउन खोज्नु कलाकारिताको कोसिस केवल सामर्थ्यहीन बन्ने लगभग पक्का छ । यसैलाई कतिपयले आयातित विचारविन्दुका रूपमा लिएका छन्, जसमा विशिष्ट आधार नरहेको लाग्छ । आधार खोज्ने जिम्मा नेपाली दण्डहीन दललाई दिने हो भने तिनले हजारौं निकाल्छन्, तर यसका निर्धारक केवल जनता हुन । आफ्नो आन्दोलन र परिवर्तनको स्वीकारोक्तिलाई आत्मसात् गर्न नसक्ने तर उग्र-सार्वभौमवादलाई प्रश्रय दिने वर्गको नारा बेकम्माको देखिन्छ । आत्म-निर्णयलाई सर्वोपरि ठान्ने हेतुले यो आलेख भने तयार गरिएको होइन । तनावबाट उत्पन्न परिस्थिति र जटिलताको भित्री तहमै पुगेर निसंकोच र निःस्वार्थ समाधानका आधार निकाल्न सहयोग गर्नुको सट्टा दोष र रोष प्रकट गर्नु नेतृत्वको विशेषता होइन, किनकि मुलुक हाम्रो अनि मेरो पनि हो ।

बाटो विरानका अनेकन चौबाटा हुन्छन् । विवेकशील चौबाटा चयन अफ्ट्यारा छन् । तर, दीगा छन् । खोइ कसले खोजीदिन्छ त अब विवेकशील चौबाटा ? नेपालकै विश्वविद्यालय बन्न सक्छन् विवेकशील पथप्रदर्शकहरू, जसलाई हामीले 'होल्डिङ सेल्टर'का रूपमा मात्र उपयोग गर्न सक्यौं । नेपालका विश्वविद्यालयमा थन्किएर रहेका अनुसन्धान पद्धतिले रोडम्यापका रूपमा काम गर्न सक्छन् भने निर्मित अनुसन्धान केन्द्रहरू यसका संयन्त्र बन्न सक्छन् । जस्तै- हार्वर्ड केनेडी स्कुलको वेल्फेयर विज्ञान तथा अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, लन्डन स्कुल अफ इकोनोमिक्सको एलएसई आइडियाज, सुसेक्स विश्वविद्यालयको विकास अध्ययन इस्टिच्युट, जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) को विज्ञान तथा नीति अध्ययन केन्द्र आदि । विदेशी विश्वविद्यालयका थिंकट्यांकले मार्गचित्र दिन सक्दा नेपालका सेडा, सिनास, समकालीन अध्ययन केन्द्र आदिले मार्गचित्र प्रदान गर्न नसक्लान् त !

■ विद्रोहको आयतन

अठारौं शताब्दीको मध्यताका जब कार्ल मार्क्सले साम्यवादी घोषणापत्र प्रकाशित गरे, त्यहीताका मार्क्सले विद्रोहको आयतनबारे उल्लेख गरेको पाइन्छ । जसमा उल्लेख भएअनुसार सामाजिक अन्तर्विरोधबाट निम्तिएको विद्रोहको मात्रा भौतिक (स्रोत र साधन) र वर्गीय आधारबाट तय गरिन्छ । सापेक्षिक हिसाबमा तत्काल नेपालमा भएको जेन-जी विद्रोह सामाजिक अन्तर्विरोधबाट निम्तिएको हो, तर मार्क्सकै मापनका आधारमा यसका भौतिक र वर्गीय पक्षको आयतन नै यकिन गर्न नसकिने छ । भला यो विद्रोहले भौतिक र वर्गीय एजेन्डा बोकेन, जुन मुलुककै लागि उत्तम भयो ।

विद्रोहको प्राथमिक अडान भ्रष्टाचार हो, तत्कालमा अडानइतर माग बेसंकोच तेर्स्याउनुले प्रभावकारिता र प्रभावशालीतामाथि थप जटिलता प्रदान गर्छ । यसैकारण पनि राज्य सञ्चालनका प्रमुख अंगमा लगामको प्रयास किञ्चित उत्तम मानिन्न । यसैकारण पनि भन्ने गरिन्छ, विधिको शासन र प्रणाली राज्य सञ्चालनका प्रमुख हिस्सा हुन् । प्रणालीगत जटिलता चिर्न सकिएको अवस्थामा मुलुकको अर्थतन्त्र जुरुक्कै उठ्न सक्ने आधार धेरै छन् । यसैबाट मुलुक विकासको घनीभूत आयतनसमेत कोर्न सकिन्छ । हो, यही सामरिक महत्त्वमाथि नै जेन-जीले मुलुकको ड्राफ्ट कोर्न सक्नुपर्छ । आयतन र मात्रात्मक हिसाबमा तत्कालको जेन-जी विद्रोहले गरिबी र आयबिचको असमान दुश्चक्र (खाडल) पुर्न तथा कम गर्न भूमिका खेल्नुपर्ने हो । तर, सत्तावाद र अनिर्णयको बन्दी बन्ने स्थितिका कारण यसमा सम्बोधन हुने अवस्था भने देखिन्न । अर्थात्, जुनै जोगी आए पनि कानै चिरेकाको अवस्थाबारे चोक-चौतारामा बहस बाक्लिन थालिसकेको अवस्था छ । प्रजातान्त्रिक मुलुक नेपालमा दल खोल्न थालियो, तर चुनाव (जनादेश) मा नजाने हिसाबमा । यसैकारण विधिको शासन कायम भएका मुलुकमा मात्राभन्दा मानक बढी रहेको विधि निर्माण आवश्यक छ ।

कारण र प्रभाव (कज एन्ड इफेक्ट) सिद्धान्तको सेरोफेरो लगभग शून्य रहेको यस जेन-जी विद्रोहले परिणामभन्दा पनि परिमाणमा ध्यान दिएको पाइन्छ, त्यो पनि कति कित्तामा मन्त्रीको सिफारिस हुन्छ भनेर । यो हुँदा विद्रोहको मर्म 'डेलिभरी'मा समस्या निम्तिन सक्छ । बिस्तारै जातिगत, पार्टीगत, धर्मगत, पेसागत जेन-जीहरूको समूह र उपसमूहको निर्माण र दबाब समूहको क्रियाशीलता बढ्दै जाँदा पहिल्यै गाँसमा झिँगाको अवस्था आउन सक्छ । यसैकारण विद्रोहको ग्राफको उचाइभन्दा पनि लम्बाइमा ध्यान दिनु आवश्यक देखिन्छ । भर्खरै सम्पन्न जेन-जी विद्रोहको 'ग्राफ' हामी सबैले देखेको हो । यसैबाट समेत स्पष्ट रूपमा यसको दिगोपनाबारे कल्पना गर्न सकिन्छ र आधाजसो महसुससमेत भइसकेको छ ।



जेन-जी एकरूपीय उद्देश्यको पुस्ता हो, जसमा डिजिटलाइजेसनको मात्रा बढी छ । मान्ने गरिन्छ, डिजिटल पुस्ता चलाख पुस्ता छ, जसले निर्णय निर्माण र कार्यपद्धति सुधारमा ढिलासुस्ती नगरी अनुशासनमा रही नवप्रयोगजेटको प्रयोगबाट या प्रयोग नगरीकन चुस्त एवं दुरुस्त कार्यसञ्चालन गर्छ । मन्त्रिमण्डल गठन, कर्मचारी प्रशासनमा सीधा नीतिगत प्रहार, राज्यको चौथो अंगसँग गर्नुपर्ने व्यवहार एवं प्रश्नोत्तर, राजनीतिक दल गठन आदिजस्ता अल्पकालीन व्यवहारले गर्दा पुराना दलले काउन्टर अट्याक (सीधा प्रहार) थालिसकेको अवस्था छ । यसैकारण, आयतन लगभग स्थिरताभन्दा माथि पुगेको पाइन्न ।

> आयतन र मात्रात्मक हिसाबमा तत्कालको जेन-जी विद्रोहले गरिबी र आयबिचको असमान खाडल पुर्न तथा कम गर्न भूमिका खेल्नुपर्ने हो । तर, सत्तावाद र अनिर्णयको बन्दी बन्ने स्थितिका कारण यसमा सम्बोधन हुने अवस्था भने कमै देखिन्छ ।

अवतरणको खोज :

विद्यमान दलमा पछिल्लो समय जनतामा जान स्पष्ट म्यान्डेट लगभग नभएको वर्तमान अवस्थामा सुधारमुखी क्रियाकलापमा जेन-जी पुस्ताले ध्यान दिनु जरुरी देखिन्छ । तर, जेन-जीमा निम्तिएको अन्योलले कोण बहुरूपीय देखिएको छ । जेन-जीको विद्रोह र सत्तामा सीधा प्रवेश सफल त भयो, तर अझसम्म पनि ठोस निकास निस्किएको पाइन्न । यथास्थानमा पुराना दल खुम्चिएका अवस्थामा पनि जेन-जी खुम्चिएर बस्नु दुःखको कुरा हो । यथाविन्दुभन्दा पर र ठोस निर्णयमा जान नसक्ने जेन-जी विद्रोहको बाटो विरानको प्रश्न सतहमै उठ्न थालेको छ ।

गत अक्टोबरमा मादागास्करमा खप्पर र दोहोरो हाडको प्रतीक चिह्नमा जेन-जी लेखिएको प्लेकार्ड लिएर त्यहाँका युवा त्यहाँ विद्यमान भ्रष्टाचार, युवा बेरोजगारी तथा अभावको एजेन्डा बोक्दै त्यहाँका राष्ट्रपति एन्ड्री राजोलिनको विरोधमा निस्किए । यसै प्रकारको शिक्षा र स्वास्थ्यमा बृहत् सुधारका साथै स्वतन्त्र न्यायपालिकाको मागसहित मोरक्कोमा त्यहाँका धनाढ्य प्रधानमन्त्री अजिज अख्नाउचविरुद्ध गत मध्यसेप्टेम्बरमा प्रदर्शन भयो । जेन-जी २१२ नाम दिइएको यो विद्रोह युवाआबद्ध एक अनलाइन समूहले सञ्चालन गरेको उल्लेख छ । यसमा पनि सुधारका विविध विषय बुलन्द भएका थिए । यसलाई त्यहाँका युवा समूहले केवल एक झिल्को मात्र भनेका थिए ।

माथिका विविध युवा विद्रोहका संकेतले केवल सुधारको अपेक्षा गरेका छन् । यसमा व्यक्तिगत हकहितको कुरा उठान भएका छैनन् । नेपालको २००७ को प्रजातन्त्र प्राप्तिको एक कारणका रूपमा विश्वव्यापी परिवर्तनको हावा (विन्ड अफ चेन्ज) भनेर मानिएको छ । सोही किसिमको संज्ञा भारतको स्वतन्त्रता आन्दोलन तथा अमेरिकी स्वतन्त्र संग्रामलाई पनि दिइएको छ । उदाहरणका रूपमा यस्ता प्रवृत्ति दक्षिण एसियाली मुलुक श्रीलंका तथा बंगलादेशमा समेत देखिइसकेको हुँदा यसलाई आँकन सक्ने अवस्था देखिन्न । यसकारण नेपाली जनतासमेतले यसका विकल्पका रूपमा महत्त्वपूर्ण कार्यदिशा खोज्नु आवश्यक देखिन्छ ।

वैकल्पिक शक्तिका रूपमा राज्यप्रणालीमा अबद्ध हुन सहज देखिन्छ, तर चेतनासहितको सहज अवतरण कठिन विषय हो । यसको वर्तमान उदाहरणका रूपमा जेन-जी समूह देखा पर्दै छन् भने रवि लामिछानेकेन्द्रित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिल्यै यसको गतिलो सिकार भइसकेको हो र दोस्रोपटक फेरि यसै भदौताका थप सिकार बन्न पुग्यो, जुन कल्पनाभन्दा परको यथार्थ थियो । यसकारण, चेतनाभित्रको भद्रगोलताको सिकारमा दल तथा संगठन पर्न पुगे भने सहज निकास लगभग शून्य छ ।

पछिल्लो समय जेन-जी विद्रोहले निम्तिएको परिस्थिति र सो मेलोका कारण ठुला भनिएका नेपालका दलबिच भएको पछिल्लो समीकरण (अ)रासायनिक देखिन्छ । दलीय रायमा एकरूपता सञ्चयको संकेत हुन सक्छ यो । यस्ता समीकरण विगतमै विकास आबद्ध मिलानमा समाहित गर्न सकेका भए यस्ता युवामुखी विद्रोहको कल्पनासम्म पनि हुन सक्थेन होला । यस विद्रोहले एकातर्फ युवा वर्गमा नेतृत्व र राजनीतिप्रतिको मोह जगाइदियो भने अर्कातर्फ देशप्रतिको मोह र सद्भावसमेत कायम राख्न सहयोग गऱ्यो । फलस्वरूप पुराना नेपाली दलसमेतले नेतृत्वमा युवा चाहनाको तिर्खा जनतासामु प्रस्ट गरिदियो । यसबाट युवामैत्री राजनीतिक अधिकार खोजको क्रम थप प्रगाढ बन्ने आधारसमेत तयार गरिदियो ।

विद्रोहको पाठ : अक्सफोर्ड प्रेसले प्रकाशन गरेको प्राध्यापक ए. अप्पाडोराइको पुस्तक राजनीतिका तत्त्वमा उल्लेख भएअनुसार राजनीतिक स्वतन्त्रता र पूर्ण प्रजातन्त्रको अभ्यासका लागि लिने र दिने (गिभ एन्ड टेक) को अवस्था आउनुपर्छ । नेपालको परिस्थिति टेकमा मात्र सीमित हुन पुग्यो । योजना छनोटमा टेक, स्रोत प्राप्तीमा टेक, भ्रष्टाचारका गतिविधिमा टेक, बजेट विनियोजनमा टेक आदि । प्रजातन्त्रमा विश्वास गर्ने नेपालजस्ता मुलुकमा यसैकारण पनि यस्ता विद्रोह हुनु आवश्यक थियो । तर, व्यक्तिगत र सार्वजनिक संरचना सखाप बनाउने कोणले होइन ।

माथिको पुस्तकमा भनेझैं समानान्तर गिभ, टेक एन्ड सर्भ (लेऊ, देऊ र सेवा गर) को भावनाको विकास गर्न सकेको भए यस्ता विद्रोह निम्तिने थिएनन् । यदि निम्तिएकै भए पनि निमेषभरमै शान्त भइहाल्थे । यसबाट जनतामा पूर्ण प्रजातन्त्रको प्रत्याभूति र विश्वासको वातावरण निम्तिन सक्थ्यो । समान अर्थ-राजनीतिक अवसर, राजनीतिक समानता र वैकल्पिक शासन प्रणालीको सम्भावनाबारे आकलन गर्न सक्ने युवा पुस्ताको समानान्तर सहभागिताद्वारा शासित राज्यलाई थप प्रजातान्त्रिक बनाउन सकिने पाठ यस जेन-जी विद्रोहले सिकाएको छ ।

(पोखरेल त्रिभुवन विश्वविद्यालय, सिन्धुली बहुमुखी क्याम्पसका उपप्राध्यापक हुन्)

---

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका सचिव **डा. विकास देवकोटा**लाई



■ सरकारी अस्पतालमा स्वास्थ्य बिमाले समेट्ने सयौं प्रकारका औषधि नपाइनुको कारण के हुन सक्छ ?

सरकारी अस्पतालमा ठ्याक्कै यति नै संख्यामा औषधि अभाव छ भन्ने तथ्यांक नभए पनि बिमाले कभर गर्ने औषधि नपाइएका गुनासा वेलावेलामा आइरहेका हुन्छन् । बजारमा औषधि अभाव छैन । सम्बन्धित अस्पतालले किन समयमै खरिद गरेनन्, त्यसको अनुगमन गरेर खरिद गराउने व्यवस्था मिलाउँछौं । बिमाको सुविधा थैलीमा भएका औषधि सेवाग्राहीलाई दिनैपर्छ । औषधि लिने सेवाग्राही लाभान्वित हुनैपर्छ । त्यसका लागि हामी थप अनुगमन गरेर अघि बढ्नेछौं ।

■ कतै आर्थिक स्रोतको अभाव भएर यस्तो भएको त होइन ?

आर्थिक स्रोत त वेलावेलामा शोधभर्ना भइरहेकै हुन्छ । पहिले अस्पतालले औषधि खरिद गरेर सेवाग्राहीलाई वितरण गर्छन् । त्यसपछि बिमाबाट त्यसको शोधभर्ना हुन्छ । बिमाले औषधि खरिद गर्न भनेर पहिल्यै निकासा दिँदैन । सामान्यतः दुई-तीन महिनामा शोधभर्ना हुन सके सहज हुन्थ्यो । तर, कहिलेकाहीं वर्ष दिनसम्म लागेको पनि देखिन्छ । यसका लागि हामीले अहिले स्वास्थ्य बिमा कार्यक्रम लागु भएका सबै अस्पताललाई शोधभर्ना दिन पुग्ने गरी करिब सात अर्बजति माग गरेर अर्थ मन्त्रालयमा प्रस्ताव पठाएका छौं । सो रकम प्राप्त भएमा असोज मसान्तसम्मको शोधभर्ना गर्न पुग्छ ।

■ यस्तो अवस्था अन्त्य गर्न मन्त्रालयले के गर्दै छ त ?

हामीले 'आइटी बेस्ड' भई 'रियल टाइम पेमेन्ट' गर्ने गरी तयारी गरिरहेका छौं । अस्पतालले पाउनुपर्ने शोधभर्ना तीन महिनाभन्दा बढी बाँकी नरहने गरी काम गरिरहेका छौं । सुविधा थैलीमा पनि परिमार्जन गर्ने प्रयास भइरहेको छ । बिमामा दिनुपर्ने औषधि सम्बन्धित अस्पतालले किन दिन सकेनन् भन्ने अनुगमन गरी त्यसमा सहजीकरण गर्ने काम पनि मन्त्रालयले गर्नेछ ।

प्रेरक प्रसंग

समान शक्तिको उपयोग

गंगाकिनारमा एक सन्तले आफ्ना शिष्यलाई शिक्षा दिइरहेका थिए । एक शिष्यले उनलाई प्रश्न गरे- गुरुदेव, केही नयाँ काम गर्न खोज्दा समाजले हाम्रो विरोध गऱ्यो भने के गर्नु ठिक होला ? सन्तले भने- यस प्रश्नको उत्तर भोलि दिनेछु ।

दोस्रो दिन जब सबै शिष्य नदीकिनारमा एकत्रित भए, तब सन्तले भने- आज हामी एउटा प्रयोग गर्नेछौं । माछा समात्ने प्रयोग हुने यी तीन लट्ठी हेर त । एउटै काठबाट बनेका यी सबै बिल्कुल समान छन् । उनले अघिल्लो दिन प्रश्न गर्ने शिष्यलाई अगाडि बोलाए र भने- बाबु, यी लट्ठीले माछा समात । शिष्यले लट्ठीमा काँटा लगाएर पानीमा डुबाए । एकैछिनमा एउटा ठुलो माछा काँटामा फस्यो । त्यो देखेर सन्तले भने- अब पूरा शक्ति लगाएर बाहिर निकाल । शिष्यले त्यस्तै गरे । उता माछाले पनि पूरै शक्ति लगाएर भाग्ने कोसिस गऱ्यो । परिणामतः लट्ठी भाँचियो ।



सन्तले भने- केही छैन, यो अर्को लट्ठी लिएर पुनः प्रयास गर । शिष्यले फेरि काँटा पानीमा डुबाए । यसपटक पनि माछा काँटामा फस्यो । गुरुले भने- आरामसाथ, बिस्तारै लट्ठी बाहिर तान । शिष्यले त्यस्तै गरे । तर, माछाले जोडले झड्का दिँदा लट्ठी शिष्यको हातबाट फुत्कियो । सन्तले भने- ओहो ! माछा फेरि फुत्कियो । अब यो लट्ठी लिएर एकपटक फेरि प्रयत्न गर । शिष्यले त्यसै गरे । यसपटक माछा फस्नासाथ सन्तले भने- यसपटक जति शक्ति माछाले लगाउँछ, तिमीले पनि त्यति नै शक्ति लगाएर बाहिर तान । केहीबेरमा माछा थाक्छ अनि तिमी सजिलै त्यसलाई बाहिर निकाल्न सक्नेछौ । शिष्य त्यस्तै गरेर माछा पक्रिन सफल भए । सन्तले भने यी माछा त्यो समाजजस्तै हुन्, जसले तिमीहरूले केही गर्दा विरोध गर्छ । समाजविरुद्ध तिमीहरूले बढी बल लगायौ भने तिमीहरू पराजित हुनेछौ । कम शक्ति लगायौं भने पनि तिनले तिमीहरूको योजना पूरा हुन दिँदैनन् । तर, उनीहरूले जति बल प्रयोग गरेर विरोध गर्छन्, त्यति नै बल प्रयोग गऱ्यौ भने उनीहरू बिस्तारै थाक्छन् र हार स्विकार्छन् । तब मात्र तिमीहरूको जित हुनेछ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यो प्रतिशोध नै होइन र ?

रवि लामिछानेले १३ करोड अपचलन गरेको आरोपमा करोडौं धरौटी राख्दासम्म नपुगेर पुर्पक्षका लागि थुनामा बस्नुपर्ने अनि आठ अर्ब भ्रष्टाचार भएको दाबीसहित विशेष अदालतमा दर्ता भएको मुद्दामा नागरिक उड्डयन प्राधिकरणका निलम्बित महानिर्देशक प्रदीप अधिकारीलाई पाँच लाख धरौटी लिएर थुनामुक्त गर्नुपर्ने ? आठ अर्बको केसमा पाँच लाख धरौटीमा रिहाइ अनि १३ करोडको केसमा करोडौं धरौटी राख्दा नि जेलभित्र बस्नुपर्ने ? यो प्रतिशोध होइन भने के हो ? प्रतिशोध पुरानो सरकारले मात्रै गरेको होइन कि पुरानाका प्रतिनिधिका रूपमा रहेका राज्यका अन्य निकायले पनि गरिरहेका छन् भनेर बुझ्न अब कुनै आइतबार कुर्नुपर्छ र ?

● **कुमार दाहाल**

जबसम्म अदालतमा ती पुराना पार्टीबाट नियुक्त भएका न्यायाधीश रहन्छन्, तिनले रविलाई यसैगरी नै झुलाइरहन्छन् । यदि रविलाई निष्पक्ष न्याय दिलाउनु छ भने आगामी चुनावमा ती पुराना पार्टीलाई हराएर स्वच्छ न्यायालय बनाउनुपर्छ अनि मात्र निर्दोषले न्याय पाउँछ ।

● **दिपु एनके**

म रवि लामिछानेको समर्थक पनि होइन र पार्टीको मान्छे पनि होइन । तर, यो त महाअपराध भएन र ? सहकारीमा कतैबाट नजोडिएका व्यक्तिलाई दुई वर्ष हुन लाग्यो जेल हालेको । यसले राम्रो सन्देश जाँदैन । यस्तै बहाना बनाएर सधैं किन गलफत्ती हुँदै छ, दोषी हो भने प्रस्ट आधार र प्रमाणसहित दोषी हो भनेर जेल हाल्देऊ, होइन भने कहिलेसम्म यस्तै चल्ला ? यो त न्याय क्षेत्रकै बदनाम हुँदै जनतामा गलत सन्देश जाँदै छ । यसले भयानक रूप लिएर फेरि द्वन्द्व भए यसको जिम्मेवारी कसले लिने हो ? कानुनी आधार र दसी प्रमाण हेरेर निणय गर्ने कुरा चिनेको या नचिनेकोले केही फरक पर्छ र ? चर्चित व्यक्ति हो, सबैले चिन्छन्, कुनैकुनै किसिमबाट भेट नै भएको पनि हुन सक्छ । यस्तै भनेर सधैं जेलमै राख्न मिल्छ र ?

● **हरि दाहाल**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

पोखरेलले ठिक भने

एमालेका वरिष्ठ उपाध्यक्ष तथा आसन्न महाधिवेशनमा अध्यक्षमा प्रतिस्पर्धा गर्ने घोषणा गरेका ईश्वर पोखरेलले निवर्तमान प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले जेन-जी आन्दोलनका सम्बन्धमा गठित जाँचबुझ आयोगमा गएर बयान दिनुपर्ने बताएको समाचार पढियो । पोखरेलको यो भनाइ बिल्कुल ठिक छ ।



पूर्वप्रधानमन्त्रीजस्तो व्यक्तिले सरकारले गठन गरेको आयोगमा बयान दिन नजाने अडान लिनु गैरजिम्मेवार हर्कत हो । ओलीले आयोगमा गएर बयान दिनैपर्छ । उनको नेतृत्वमा सरकार भएको हुनाले आन्दोलनको समयमा कहाँ-कहाँ के-के भयो, त्यसको जिम्मेवारी लिन सक्दिनँ भनेर भाग्न उनले पाउँदैनन् । जवाफदेहिता लिँदै उनले आयोगमा गएर इमानदारीपूर्वक बयान दिनैपर्छ । बयानबाट भाग्नु भनेको आफू दोषी भएको प्रमाण दिनु हो ।

● **सुभद्रा घिसिङ**, सानोभञ्याङ, काठमाडौं

पृथ्वी जोगाउन राष्ट्रसंघीय वातावरण सभाले खेल्नुपर्ने भूमिका

केन्याको नैरोबीमा आयोजना हुने युएनइए-७ मा 'नैरोबी आत्मा'ले साझा चुनौतीलाई साझा कार्यमा रूपान्तरण गर्न सक्छ



देश / विदेश

● इंगर एन्डर्सन

विश्वव्यापी रूपमा भूराजनीतिक चुनौती र तनाव बढ्दै जाँदा एउटा कुरा स्पष्ट छ- विखण्डित राजनीतिले खण्डित पृथ्वीका समस्या समाधान गर्दैन । तसर्थ, वातावरणसम्बन्धी विश्वको सर्वोच्च निर्णय लिने निकाय संयुक्त राष्ट्रसंघीय वातावरण सभा (युएनइए) हाम्रा साझा र उदीयमान वातावरणीय जोखिमलाई सम्बोधन गर्न धेरै महत्त्वपूर्ण छ । यसै साता केन्याको नैरोबीस्थित संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनपी)को मुख्यालयमा आयोजना भइरहेको सभाको सार्तौं सत्रले विश्वव्यापी वातावरणीय नीतिलाई आकार दिन मन्त्रीहरू, अन्तरसरकारी संस्थाहरू, बहुपक्षीय वातावरणीय सम्झौता, बृहत् संयुक्त राष्ट्र प्रणाली, नागरिक समाज समूह, वैज्ञानिक, कार्यकर्ता र निजी क्षेत्रलाई एकसाथ एउटै ठाँउमा ल्याएको छ ।

हालैको 'युएनइपी' तथ्यांकले विश्वव्यापी वातावरण र जलवायु चुनौतीको प्रभाव तीव्र गतिमा बढ्दा र अझ चरम हुँदै जाँदा उत्सर्जन बढ्दै गएको देखाउँछ । हामी यस असरलाई कीर्तिमानी गर्मीको लहर, लोप हुन लागेको पारिस्थितिक प्रणाली र हाम्रो वरपरको हावा, पानी र माटोमा विषाक्त पदार्थका रूपमा देख्छौं । यी विश्वव्यापी जोखिम हुन्, जसले विश्वव्यापी समाधानको माग गर्छ । अशान्त समयमा पनि वातावरणीय बहुपक्षीयताले निरन्तरता दिइरहेको छ । गत वर्ष युएनइए बैठकपछि यो बहुपक्षीयताले महत्त्वपूर्ण प्रगति गरेको छ ।

सरकारहरू रसायन, फोहोर र प्रदूषणमा अन्तरसरकारी विज्ञान-नीति प्यानल स्थापना गर्न सहमत भए । अन्ततः जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसी) र जैविक विविधता तथा पारिस्थितिक प्रणाली सेवा (आइपिबिइएस) सम्बन्धी अन्तरसरकारी विज्ञान-नीति मञ्चको स्थानपनासँगै महत्त्वपूर्ण उपलब्धि पूरा भयो । राष्ट्रिय क्षेत्राधिकारबाहिरका क्षेत्रमा समुद्री जैविक विविधताको दिगो प्रयोगसम्बन्धी बिबिएनजे सम्झौता (सामुद्रिक जैविक विविधतासम्बन्धी) लागू भयो, जुन हाम्रा महासागरको प्रभुत्वका लागि एउटा ठुलो जित हो ।

यस्तो चुनौतीपूर्ण राजनीतिक वातावरणका लागि पेरिस सम्झौता (जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता) ले काम गरिरहेको देखाउँदै छ । यद्यपि, यो स्पष्ट छ कि हामीले धेरै छिटो र दृढ संकल्पसाथ अगाडि बढ्नुपर्छ । जलवायु परिवर्तन आफ्नै ढंगले भइरहेको छ । यस्तो अवस्थामा कम उत्सर्जन र जलवायुको लचिलो विकासमा विश्वव्यापी परिवर्तन आवश्यक छ । मूल्यका हिसाबले नवीकरणीय ऊर्जाले जीवाश्म इन्धनलाई उछिन्नेको छ । जलवायु स्मार्ट लगानीले भोलिको जीवन्त अर्थतन्त्र र समाजलाई अगाडि बढाउनेछ । हामीले यो स्विकार्नुपर्छ कि धेरैले कोप-३० को निर्णयको पाठमा जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने स्पष्ट सन्दर्भ समावेश गर्ने अपेक्षा गरिरहेका थिए, तर यो त्यस्तो थिएन । यद्यपि, कोप अध्यक्षले आफ्नो एकवर्षे कार्यकालमा दुई रोडम्याप ल्याउने प्रतिबद्धता व्यक्त गरे । एउटा वनफँडानी रोक्न र अर्को जीवाश्म इन्धनबाट टाढा संक्रमण गर्न, जुन कदमलाई वार्ताका क्रममा ८० भन्दा बढी देशले समर्थन जनाएका थिए ।

यी साना पहल होइनन्, न त हामीले सामना गर्ने खतरालाई पूर्ण रूपमा सम्बोधन गर्न पर्याप्त नै छन् । तर, बहुपक्षीयताले अझै पनि विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न विज्ञान र नीतिलाई एकसाथ ल्याउन सक्छ भन्ने तथ्यलाई त्यसले बलियो बनाउँछ । अवश्य



पनि प्रगति सधैं सीधा हुँदैन । समुद्री वातावरणसहित प्लास्टिक प्रदूषण अन्त्य गर्न कानुनी रूपमा बाध्यकारी पहलमा २०२२ मा जारी युएनइएको ऐतिहासिक प्रस्तावपछि वार्ताहरू अगाडि बढिरहेका छन् । हामीसँग अझै पूर्ण सन्धि पाठमा सहमति नभए पनि यस वर्षको सुरुमा जेनेभामा भएको पछिल्लो वार्ताले प्लास्टिक प्रदूषणलाई एकपटक र सधैंका लागि अन्त्य गर्ने सम्झौतातर्फ गति प्रदान गरेको छ ।

आउँदो वर्ष, 'एक लचिलो ग्रहका लागि दिगो समाधान अगाडि बढाउने' विषयवस्तुअन्तर्गत युएनइए अझ ठुलो प्रगतिका लागि तयार हुनेछ । प्रमुख युएनइए रिपोर्टको सार्तौं संस्करण 'ग्लोबल इन्भाइरोन्मेन्टल आउटलुक' हामीले यो भविष्य कसरी सुन्दर बनाउन सक्छौं भनेर जानकारी दिन महत्त्वपूर्ण हुनेछ । युएनइएको बैठकका क्रममा जारी गरिएको प्रतिवेदनले हामीलाई पाँच अन्तरसम्बन्धित क्षेत्रमा वास्तविक समाधान पहिचान गर्न हाम्रा साझा चुनौतीको निदानभन्दा बाहिर जान मद्दत गर्नेछ, अर्थशास्त्र र वित्त, जटिलता र फोहोर, वातावरण, ऊर्जा र खाद्य प्रणाली । विश्वभरका सयौं विज्ञबाट योगदानका आधारमा दृष्टिकोणले देशलाई हाम्रा विश्वव्यापी लक्ष्य पूरा गर्न सबैभन्दा प्रभावकारी विधिलाई प्राथमिकता दिन मद्दत गर्नेछ ।

चुस्त गति र आवश्यक स्तरमा डेलिभर गर्न बहुपक्षीय वातावरणीय सम्झौताले देशहरूको प्रयासलाई समर्थन गर्दै संयुक्त राष्ट्र संघको प्रणालीले सरोकारवालासँग मिलेर काम गर्नुपर्छ । युएनइपीले विषाक्त रसायनदेखि ओजोन तहको संरक्षणसम्म वातावरणीय परिदृश्यमा फैलिएका १७ सम्मेलन आयोजना गर्न पाउँदा गर्व गर्छ । युएनइएले विभिन्न सम्झौतालाई एक-अर्कासँग पूरक कसरी बनाउन सकिन्छ भन्नेमा ध्यान केन्द्रित गर्नेछ, ताकि देशहरूले प्रतिबद्धता कार्यान्वयन गर्दा द्रुत समर्थन प्रदान गर्न सकियोस् । जलवायु कार्य भनेको जैविक विविधता र जमिनमा गरिने कार्य हो । विश्वको वातावरणीय राजधानी नैरोबीमा रहेको युएनइए-७ मा 'नैरोबी आत्मा'ले साझा चुनौतीलाई साझा कार्यमा रूपान्तरण गर्न सक्छ र अन्ततः सबैलाई फाइदा पुग्ने सुरक्षित र साझा समृद्धि ल्याउनेछ ।

(एन्डर्सन संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनइपी)की कार्यकारी निर्देशक हुन्)
चाइना डेलीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्वभर फैलिँदै छ आप्रवासीविरोधी भावना

अमेरिकामा ट्रम्प सत्तामा आएदेखि आप्रवासीविरोधी नीति समकालीन राजनीतिको मूलधार मात्र नभई शासकीय सिद्धान्त बनेको छ। तर, यो भावना अमेरिकामा मात्र सीमित छैन।



● सोमदीप सेन
लेखक अफ्रिकास्थित प्रिटोरिया विश्वविद्यालयका एसियाली अध्ययनका अनुसन्धानकर्ता हुन्

‘म उनीहरूलाई हाम्रो देशमा चाहन्न। तपाईंसँग इमानदार भएर भन्दै छु। कसले के सोच्छ मलाई मतलब छैन। तर, म उनीहरूलाई हाम्रो देशमा आएको हेर्न चाहन्न। उनीहरूको देश गतिलो देश होइन,’ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही दिनअघि सोमाली आप्रवासीबारे भनेका कुरा हुन् यी। सोमाली समुदायलक्षित आप्रवासी कारबाही सुरु भएको पहिलो दिन ट्रम्पले उक्त अभिव्यक्ति दिएका थिए।

सोमाली आप्रवासीले अमेरिकी राज्य मिनेसोटालाई ‘नरक’मा बदलेको उनको आरोप थियो। जबकि, राज्यमा जनसंख्याको लगभग दुई प्रतिशत सोमाली मूलका छन्। त्यसवेला ट्रम्पले मिनेसोटाकी सोमाली मूलकी डेमोक्र्याटिक प्रतिनिधि (तल्लो सदनकी सदस्य) इल्हान ओमरमाथि क्रोधित हुँदै भने, ‘उनी फोहोर हुन्। उनका साथी फोहोर हुन्। यी काम गर्ने मानिस हुँदै होइनन्। यी मानिसले यो ठाउँलाई उत्कृष्ट बनाऔं भन्दैनन्।’

अवश्य पनि यी कुनै पनि नयाँ वा अचम्मलाग्दा विषय होइनन्। आप्रवासी र शरणार्थीप्रतिको घृणा ट्रम्पको नीतिको केन्द्रीय विषय रहदैं आएको छ। ‘मेक अमेरिका ग्रेट अगेन’ अर्थात् मागा समर्थक रिपब्लिकन नेताले न्युयोर्क सहरको मेयरमा निर्वाचित जोहरान ममदानीको अमेरिकी नागरिकता रद्दका लागि गरेको गम्भीर प्रयासलाई कसले पो बिर्सेको छ र ? ममदानीले ह्वाइट हाउसमा ट्रम्पसँग सौहार्दपूर्ण भेटघाट गरेपछि यसमा केही कमी आएको छ।

अमेरिकामा ट्रम्प सत्तामा आएदेखि आप्रवासीविरोधी नीति अमेरिकाको समकालीन राजनीतिको मूलधार मात्र नभई शासकीय सिद्धान्त बनेको छ। तर, आप्रवासीविरोधी भावना अमेरिकामा मात्र सीमित छैन। यस्तै बयानबाजी र कार्यनीति अन्य देशमा पनि लोकप्रिय हुँदै गइरहेका छन्। डेनमार्क त्यस्तै एउटा उदाहरण हो।

डेनमार्कको छवि लामो समय सर्वसुलभ स्वास्थ्य सेवा, अत्यधिक बस्न योग्य सहर र मानवीय तथा व्यवस्थित समाजको रूपमा रहेको छ। तर, त्यही देशले पछिल्लो समय आप्रवासन तथा शरण सम्बन्धमा युरोपको सबैभन्दा प्रतिबन्धित नीति लिएको छ। हालै सम्पन्न स्थानीय चुनावमा ‘इस्लामोफोबिक’ बयानबाजी सतहमा देखियो। सन् २०२६ को आम-चुनावका लागि सत्तारुढ सोसल डेमोक्र्याटहरूले आफ्नो अभियानको केन्द्रमा आप्रवासनविरोधी नीतिलाई अंगालेको छ।

उता, बेलायतमा कथित प्रगतिशील लेबर सरकार डेनिस उदाहरण पछ्याउन उत्सुक देखिन्छ। प्रधानमन्त्री केयर स्टार्मर सीमा नियम कठोर पार्न र बेलायतको आप्रवासन नीतिको घिनलाग्दो अध्याय बन्द गर्न उत्सुक छन्। आप्रवासनको संख्या तीव्र नघटाइए बेलायत अपरिचितहरूको टापु बन्ने जोखिममा रहेको उनले चेतावनी दिएका छन्। सरकारको सुधारले आप्रवासन घट्नेमा उनी ढुक्क छन्। उल्लेखनीय कुरा, गृहमन्त्री सबाना महमुदले हालै डेनमार्कको आप्रवासन र शरण व्यवस्थाको अध्ययन गर्न अधिकारीहरू पठाएकी छिन्।

पश्चिमी संसारबाहिर पनि जेनोफोबिया बढ्दै गएको छ। यो



समाचारमा विशेषतः पश्चिमको आप्रवासी नीतिले चर्चा पाउने गर्छ। तर, पछिल्लो समय लिबियादेखि दक्षिण अफ्रिकासम्मले आप्रवासीविरोधी नीति र अभ्यास अंगीकार गर्न थालेका छन्। यसले आप्रवासीविरोधी राजनीति अब विश्वभर शासनको औजार बनेको संकेत गर्छ।

लिबियादेखि दक्षिण अफ्रिकासम्मको नीति र अभ्यासको एक प्रमुख हिस्सा बनेको छ, जसले आप्रवासीविरोधी राजनीति अब शासनको विश्वव्यापी औजार हो भन्ने सम्झना गराउँछ।

लिबियामा युरोप जाने आप्रवासीले भयानक स्तरको हिंसा र दुर्व्यवहारको सामना गर्छन्। एम्नेस्टी इन्टरनेसनलका अनुसार युरोप जाने अफ्रिकाको तल्लो भेगबाट लिबिया आइपुगेका आप्रवासी हरूलाई नजरबन्द, यातना, बलात्कार, गैरकानुनी हत्या र जबर्जस्ती श्रमको सिकार बनाइन्छ। यी दुर्व्यवहार युरोपेली सरकारले बनाएको प्रणालीभित्र भइरहेको छ, जसले अफ्रिकी आप्रवासीलाई भू-मध्यसागर पार गर्न रोक्न लिबियाली तटरक्षक एकाइलाई प्रशिक्षण र उपकरण प्रदान गरेको छ। भू-मध्यसागर पार गर्न सक्ने आप्रवासीको प्रवाहलाई लिबियामै रोक्न उत्सुक युरोपेली संघका देशहरूले यसको परिणाम थाहा छ। तर पनि तिनले लिबियालाई सीमा नियन्त्रण आउटसोर्स गरेका छन्, यस क्रममा मानवताविरुद्धको अपराध भएको हुन सक्ने राष्ट्र संघले जनाएको छ।

अझ ट्युनिसियामा अश्वेत अफ्रिकी आप्रवासीले वर्षौंदेखि छिटपुट हिंसाको सामना गर्दै आएका छन्। सन् २०२३ को सुरुमा राष्ट्रपति कैस साइदले अनियमित बसाइँसराइमार्फत ट्युनिसियाको जनसांख्यिकीय संरचना परिवर्तन गर्ने आपराधिक योजना भइरहेको दाबी गरे। उनको टिप्पणीपछि देशभर अश्वेत आप्रवासी, विद्यार्थी र शरणार्थीमाथि भिडबाट हुने आक्रमणमा वृद्धि भयो। त्यसबाहेक आप्रवासीको गिरफ्तारीमा समेत वृद्धि भएको थियो। ट्युनिसियाको प्रहरीले अश्वेत अफ्रिकी विदेशीलाई निसाना बनाइरहेको देखिन्थ्यो। पक्राउ पर्नेमा कागजातविहीन आप्रवासी, दर्ता भएका शरणार्थीका साथै वैध प्रमाणपत्र भएका आप्रवासी समावेश थिए।

त्यस्तैगरी, अन्य अफ्रिकी देशबाट आएका आप्रवासीलाई घृणा रंगभेदपछिको दक्षिण अफ्रिकाको जीवन र राजनीतिको निरन्तर विशेषता बनेको छ। विटवाटर्स्रान्ड विश्वविद्यालयद्वारा आयोजित विदेशीप्रतिको घृणा र हिंसा ट्र्याक गर्ने परियोजना जेनोवाचकाअनुसार सन् १९९४ देखि १२९५ वटा घटना रेकर्ड गरिएका छन्। त्यसमा विस्थापन, आप्रवासीको स्वामित्वमा रहेका व्यवसायको लुटपाट र हत्या समावेश छन्। सन् २००८ मा ७२ जनाको मृत्यु र १५० वटा यस्ता घटना भएका थिए। यो सन् २०२५ मा १६ जनाको मृत्यु हुँदा विदेशीप्रतिको घृणाका घटनाको समग्र संख्या फेरि २००८ कै स्तरमा पुग्यो।

कोभिड-१९ महामारीको समयमा विश्वभरका सरकारले व्यवस्थित रूपमा आप्रवासी समुदायलाई बेवास्ता गऱ्यो। कैयौं राहत कार्यक्रमबाट बाहिरै राखिए। जिम्बाबेमा त्यतिवेला दक्षिण अफ्रिकाको एक हजार ८४५ को तुलनामा केवल ११ पुष्टि भएका कोभिड -१९ केस भए पनि संक्रमित वा कागजात नभएका व्यक्तिलाई रोक्न राज्यले जिम्बाबेसँगको सिमानामा ४० किलोमिटरको बार निर्माण गऱ्यो। राजनीतिज्ञहरूले विदेशी स्वामित्वमा रहेका व्यवसायले स्वास्थ्य जोखिम निम्त्याउनेबारे विद्यमान हल्लालाई बलियो बनाए। स्पाजा पसल खुला रहन सक्ने घोषणा गर्दा तत्कालीन साना व्यवसाय विकासमन्त्री खुम्बुद्जो न्तसाभेनीले दक्षिण अफ्रिकी स्वामित्वमा रहेका व्यवस्थित र सञ्चालित पसल मात्र खुला रहने घोषणा गरे।

दक्षिण अफ्रिकामा पनि स्पष्ट रूपमा आप्रवासीविरोधी अभियान सक्रिय भएको छ। अफ्रिकी आप्रवासीको सामूहिक निर्वासनको वकालत गर्ने नागरिक समाज समूहको गठबन्धन, पुट साउथ अफ्रिकन्स फर्स्ट आन्दोलनले सेप्टेम्बर २३, २०२० मा नाइजेरियाली र जिम्बाबेका दूतावासमा मार्च आयोजना गऱ्यो, जसले दक्षिण अफ्रिकाको लागुपदार्थ, मानव बेचबिखन र बाल अपहरणजस्ता सामाजिक विकृतिमा विदेशीहरूले योगदान पुऱ्याएको दाबी गऱ्यो।

पूर्वराष्ट्रपति ज्याकोब जुमाको जेल सजायपछि सन् २०२१ मा यस आन्दोलनबाट सतर्कता समूह अप्रेसन डुडुला देखा पऱ्यो। यद्यपि, यसले गौतेङ समुदायमा अपराध र लागुपदार्थको प्रयोगलाई सम्बोधन गर्ने दाबी गर्छ। यो समूह सामूहिक निर्वासनका लागि आह्वान गर्ने, आप्रवासीलाई अस्पताल र क्लिनिकमा पहुँच गर्नबाट रोक्ने र विदेशी स्वामित्वमा रहेका व्यवसायमा छापा मार्ने वा बन्द गर्ने कामका लागि बढी परिचित छ।

कोलम्बिया, पेरु, चिली र इक्वेडरजस्ता देशमा भेनेजुयलाका आप्रवासीको आगमनलाई रोक्न बढ्दो प्रतिबन्धदेखि लिएर भारतीय अधिकारीले जातीय बंगाली मुस्लिमलाई उचित प्रक्रिया र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डविना जबर्जस्ती बंगलादेश निष्कासन गर्ने, उनीहरूलाई कागजात नभएको दाबी गरिन्छ। जेनोफोबिया कुनै क्षेत्र वा विचारधारामा सीमित छैन, यो अब विश्वभरका देशहरूको राजनीतिक जीवनमा जेलिएको छ।

हामी किन विदेशीप्रति घृणा फैलाउने कथा र नीतिमा झुक्न किन उत्सुक छौं ? किनभने तिनीहरू सुविधाजनक छन् (आंशिक रूपमा)। यस तर्कमा आप्रवासी एक हिसाबले बलिको बोका बन्छ।धारणा वास्तविकता बन्छ। हाम्रो सीमाभन्दा बाहिरका मानिसलाई दोष दिएर हामी खतरा अन्यत्र रहेको कल्पना गर्छौं, जसले हामीलाई आश्वस्त पार्छ कि हामी समस्या होइनौं। त्रासदी यो हो कि हाम्रो आफ्नै प्रणालीमा रहेका काम नलाग्ने समस्या र भ्रष्टाचार अझै पनि अप्रभावित छन्। र, कथित बाहिरी व्यक्तिलाई बलिको बोका बनाउनाले हाम्रो समाज निष्पक्ष, सुरक्षित वा बढी मानवीय हुन सक्दैन। यसले केवल संकटको सामना गर्न नचाहने नेताहरूको लागि समय दिन्छ।

अलजजिराबाट

इतिहासमा आज

डिसेम्बर १२



सन् २०१५ : पेरिस जलवायु सम्मेलनको अन्तिम दिन विश्वका १९५ देशले विश्वव्यापी तापमान वृद्धिलाई पूर्व-औद्योगिक कालको तुलनामा दुई डिग्रीभन्दा बढी बढ्न नदिने सम्झौता गरे।

सन् १८२२ : अमेरिकाले स्पेनको शासनबाट एक वर्षअघि स्वतन्त्र भएको मेक्सिकोलाई अन्ततः औपचारिक रूपमा स्वतन्त्र राष्ट्रको मान्यता दियो।

सन् १९२५ : शक्तिशाली सैन्य अधिकृत रेजा खान इरानका नयाँ राजा घोषित भएसँगै पल्हवी वंशको शासन सुरु भयो।

सन् १९३६ : सियान घुम्न गएका राष्ट्रपति चियाङ काई सेकलाई त्यस भेगका सैन्य कमान्डर जनरल झाङ सुएलियाङले पक्राउ गरेर कम्युनिस्टसँगको गृहयुद्ध रोकेर आक्रमणकारी जापानी फौजविरुद्ध युद्ध घोषणा गर्न बाध्य बनाए।

सन् १९५९ : संयुक्त राष्ट्र संघको महासभाले अन्तरिक्ष खोजमा अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन गर्न भन्दै ‘युएन कमिटी अन पिसफुल युजेज अफ आउटर स्पेस’ (सिओपियुओएस) गठन गऱ्यो।

सन् १९६३ : एक वर्षअघि यसै दिन बेलायतको शासनबाट स्वतन्त्र भए पनि ब्रिटिस महारानीलाई सेरोमोनियल राज्य प्रमुख स्विकारेको केन्याले अन्ततः गणतन्त्र भएको घोषणा गऱ्यो। पहिले प्रधानमन्त्री रहेका जोमो केन्याटा राष्ट्रपति चुनिए।

सन् १९७९ : दक्षिण कोरियाका मेजर जनरल चुन दु-ह्वानले राष्ट्रपतिको निर्देशनविना सेना प्रमुख जनरल जिओङ सिउङ-ह्वालाई पक्राउ गरे। यस घटनापछि शक्ति बढाउँदै लगेका चुनले अर्को वर्ष सत्ता हत्याउँदै आठ वर्ष तानाशाही शासन चलाए।

सन् १९८१ : गाम्बिया र सेनेगलबिच कन्फेडरेसनका रूपमा अघि बढ्ने सम्झौतामा हस्ताक्षर भयो। अर्को वर्ष फेब्रुअरी १ देखि कार्यान्वयनमा आएको सम्झौता नौ वर्षपछि तोडियो।

सन् १९९१ : नाइजेरियाले आफ्नो देशको एक छेउमा रहेको लाओसबाट करिब बिचमा अवस्थित अवुजामा सार्‍यो।

सन् २००० : अमेरिकाको सर्वोच्च अदालतले फ्लोरिडा राज्यमा देखिएको विवादका कारण दुई महिनादेखि रोकिएको राष्ट्रपति चुनावको परिणाममा अन्तिम निर्णय गर्दै जर्ज डब्लु बुसलाई विजयी घोषित गऱ्यो।

थाइल्यान्ड-कम्बोडिया सीमा झडप अझै रोकिएन
पाँच लाख विस्थापित

बैंकक/ थाइल्यान्ड र कम्बोडियाबिचको लडाइँ चौथो दिन पनि रोकिएन। दुई देशले एक-अर्काका सीमापार गोलाबारी र हवाई आक्रमण गरिरहेका छन्। यसका कारण सीमा क्षेत्रबाट झन्डै पाँच लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छाडेर भाग्न बाध्य भएको अधिकारीहरूले बताए।

थाइल्यान्डको रक्षा मन्त्रालयका प्रवक्ता सुरसान्त कोङ्सिरीले पत्रकार सम्मेलनमा भने, ‘सात प्रान्तबाट चार लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थलमा सारिएको छ।’ त्यस्तै छिमेकी कम्बोडियाले पनि ‘आफ्ना पाँच प्रान्तका एक लाख एक हजार २२९ मानिसलाई सुरक्षित आश्रय र आफन्तहरूको घरमा सारेको’ कम्बोडियाका रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेताले भने।

दुवै देशले एक-अर्कामाथि द्वन्द्व पुनः सुरु गरेको आरोप लगाएका छन्। पछिल्लो द्वन्द्वमा हालसम्म कम्तीमा १३ सैनिक र सर्वसाधारणको ज्यान गइसकेको छ। थाई सेनाले बुधबार बताएअनुसार कम्बोडियासँग सीमा जोडिएका लगभग सबै प्रान्तमा छिटपुट लडाइँ चलिरहेको छ।

पछिल्लो झडप जुलाईमा पाँच दिन चलेको लडाइँपछि सबैभन्दा घातक मानिएको छ। जुलाईको झडपमा दर्जनौंको मृत्यु भएको थियो भने थाइल्यान्ड-कम्बोडिया सीमाको दुवैतर्फबाट लगभग तीन लाख मानिस विस्थापित भएका थिए।

त्यति वेला संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेपपछि दुई देशबिच एक कमजोर युद्धविराममा सहमति भएको थियो। यसपटक पनि ट्रम्पले दुई देशबिचको झडपबारे चासो देखाएका छन्। मंगलबार ट्रम्पले युद्ध रोक्न दुई देशका प्रतिनिधिसँग कुरा गर्ने बताएका थिए।

यसपटक थाइल्यान्डको आक्रमणको तीव्रताले कम्बोडियालाई झस्काएको विज्ञहरूले बताएका छन्। थाई सेना कम्बोडियाभित्र पसेर तिनको केही भूमि कब्जा गरी बसेका छन् भने दैनिकजसो कम्बोडियाका भित्री स्थानमा समेत बमबारी भइरहेको ह्युमन राइट्स वाचकी सुनाई फासुकले भनिन्।

‘यसपटक पनि राष्ट्रपति ट्रम्पले युद्ध रोक्न हस्तक्षेप गर्ने सम्भावना उच्च छ। तर, थाइल्यान्डले राष्ट्रपति ट्रम्पले लडाइँ रोक्न बाध्य पार्नुअघि नै कम्बोडियाको सकेसम्म भित्र पसेर पछि ती क्षेत्रको बदलामा हाल विवादित रणनीतिक बिन्दुहरू माग दाबी गर्ने रणनीति लिएजस्तो देखिन्छ,’ फासुकले भनिन्।

जापानको उत्तरी भेगमा महाभूकम्पको चेतावनी

टोकियो/ जापानको उत्तरपूर्वी तट आओमोरीमा ७.५ म्याग्निच्युडको भूकम्प गएपछि त्यहाँका अधिकारीले महाभूकम्पप्रति सचेत हुन सावधानी जारी गरेका छन्। तथापि, सोमबार गएको भूकम्पले भने खासै क्षति पुऱ्याउन पाएन। भूकम्पबाट ३४ जनालाई हल्का चोटपटक लागेको र केही भागमा सडक तथा भवनमा केही क्षति पुगेको बताइएको छ।

अधिकारीले मंगलबार जारी सावधानीलाई भविष्यवाणी नभएको बताएको छ। विशेषतः आठ रेक्टर स्केल वा सोभन्दा ठुलो भूकम्प आउने सम्भावना करिब एक प्रतिशत मात्र रहेको तिनले बताएका छन्। तथापि, सन् २०११ को नौ रेक्टर स्केल विनाशकारी भूकम्प पूर्वी तटनजिक इवाते क्षेत्रमा ७.३ रेक्टर स्केल भूकम्प आएको दुई दिनपछि आएको कुरालाई ख्याल गर्न भनिएको छ। त्यस भूकम्प र पछि आएको सुनामीले लगभग २० हजार मानिसको ज्यान लिएपछि जापानले भूकम्पलाई लिएर निकै सतर्कता अपनाउन थालेको छ।

जापान मौसम विज्ञान एजेन्सीका अनुसार सोमबारको शक्तिशाली भूकम्पले होक्काइडो र सानरिकु तटनजिक अस्थायी रूपमा जोखिम बढाएको बताएको छ। त्यस भागमुनि प्रशान्त टेक्टोनिक प्लेटमा दुई चिरा परेको छ, जापान चिरा र चिसिमा चिरा। तिनमा आउने हलचलले विगतमा धेरै ठुलो भूकम्प निम्त्याएको छ।

अधिकारीले पछिल्लो सावधानी सूचनाले महाभूकम्प यही नै समय वा स्थानमा आउने भविष्यवाणी नगरेकामा जोड दिइरहेका छन्। त्यस भेगमा बसोवास गर्ने बासिन्दालाई आफ्नो दैनिक गतिविधि र काम जारी राख्दै सतर्क र तयार रहन मात्र भनिएको अधिकारीले जोड दिएका छन्। अधिकारीले जुत्ता र हेलमेटसहित केही दिनलाई पुग्ने दैनिक आवश्यकता रहने आपत्कालीन झोला भने तयारी अवस्थामा राख्न भनेका छन्।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
नापी कार्यलय डिल्लीबजार
१ नं. नापी टोली

दाबी विरोधको सूचना

सूचना प्रकाशित मिति : २०८२/०८/१२

यस नापी टोलीबाट हाल नापनक्सा गर्दा टोखा नगरपालिका वडा नं २ निम्न कित्ताहरूको घर जग्गा निम्न व्यक्तिले दर्ता तिरो केहि नभई परापूर्व कालदेखि बेनिस्सा हक भोग भई आवाद गरी आईआएकोले आफ्नो नाममा स्वबासी दर्ता गरी पाउँ भनी दावी गरेको हुँदा जग्गा नापजाप ऐन २०१९ को दफा ६ को उपदफा (५) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। कसेको हक भोग वा सरकारी सार्वजनिक गुठी अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस नापी टोलीमा उपस्थित भई स-प्रमाण उजुर गर्नु होला अन्यथा तपशिलमा उल्लेखित जग्गा निवेदनकै नाउँमा बेनिस्सा स्वबासी जग्गा दर्ता भई जाने समेतको व्यहोरा जानकारी का लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	दावि गर्ने स्वबासि जग्गा वालाको नाम थर र वतन	हाल नापीको वडा नं.	सिट नं.	कित्ता नं.	क्षेत्रफल	चौहद्दी पूर्व	चौहद्दी पश्चिम	चौहद्दी उत्तर	चौहद्दी दक्षिण	कैफियत
१	**नाम : चिनि माया श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ पति : टिका नारायण श्रेष्ठ ससुरा : बस नारायण श्रेष्ठ	२	१०२-०८६६-१६	११०	७०.३४					सावि‍क चण्डेश्वरी ६ ख कि.नं. २१५ बमोजिम पुनः नापी भएको
२	**नाम : गोपाल नापीत र बाबु राजा नापीत** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : सुकु नारायण नापीत बाजे : कुल मान नापीत	२	१०२-०८६६-१६	६४	३७.६२ मध्ये					सावि‍क चण्डेश्वरी ६ख कि.नं. १५६ बमोजिम कपनः नापी भएको
३	**नाम : बाल कृष्ण नापीत र बाबु राना नापीत** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : माईला नापीत बाजे मोती मान नापीत	२	१०२-०८६६-१६	६१	२६.३८					सावि. चण्डेश्वरी ६ ख कि.नं. १५९ बमोजिम पुन नापी भएको
४	**नाम : सुरेष श्रेष्ठ र मंगल दास श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : अष्ट नारायण श्रेष्ठ बाजे :	२	१०२-०८६५-२०	२६०	३०.५९					सावि‍क चण्डेश्वरी ६ ख कि.नं. १६७ बमोजिम पुन नापी भएको
५	**नाम : हरि लाल श्रेष्ठ र हिरा लाल श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : रत्न बहादुर श्रेष्ठ बाजे : रत्न मान श्रेष्ठ	२	१०२-०८६५-२०	६१	२५६.७५ मध्ये					सावि‍क चण्डेश्वरी ९ ख कि.नं. १०१ र १०४ बमोजिम कपन नापी भएको
६	**नाम : ज्ञान लाल श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : सुकु मान श्रेष्ठ बाजे : काजी मान श्रेष्ठ	२	१०२-०८६५-२०	२६३	५०.९६ मध्ये					सावि‍क चण्डेश्वरी ६ ख कि.नं. १७१ बमोजिम पुन नापी भएको
७	**नामः गोपाल नापीत र पुष्प राज नापीत** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु :सुकु नारायण नापीत बाजे : कुल मान नापीत	२	१०२-०८६५-१६	६४	३७.६२ मध्ये					सावि‍क चण्डेश्वरी ६ ख को कि.नं. १५५ बमोजिम पुन : नापी भएको
८	**नाम : राजेन्द्र श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : काली दास श्रेष्ठ बाजे :	२	१०२-०८६५-२०	१६३	१८.९४					सावि‍क चण्डेश्वरी ८ कि.नं. ५०५ बमोजिम पुन :नापी भएको
				१६०	२४.८०					सावि‍क चण्डेश्वरी ८ को कि.नं. ४९७ बमोजिम पुनः नापी भएको
				८७	८९७.९२ मध्ये					सावि‍क चण्डेश्वरी ८ को कि.नं. २६० बमोजिम पुनः नापी भएको
९	**नाम : न्हुछे नारायण डंगोल र न्हुछे बहादुर डंगोल** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : साईला डंगोल बाजे : तुईसी डंगोल	२	१०२-०८६५-१६	३४	२७.०१					सावि‍क चण्डेश्वरी ६ ख कि.नं. १३५ बमोजिम पुन नापी भएको
				३३	६२.१८ मध्ये					
१०	**नाम : भक्त लाल श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : शिव लाल श्रेष्ठ बाजे : तुईसि श्रेष्ठ	२	१०२-०८६५-२०	२९४	२४.९९					सावि‍क चण्डेश्वरी ६ ख कि.नं १७५ बमोजिम पुन नापी भएको
				२९७	३३.५२					
			१०२-०८६६-१६	७५	०.१२					
११	**नाम : श्याम सुन्दर श्रेष्ठ र चन्द्र भक्त श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : हरि भक्त श्रेष्ठ बाजे : गौरी मान श्रेष्ठ	२	१०२-०८६६-१६ १०२-०८६५-२०	५७ २५९	१०१.९६ मध्ये २२.५१ मध्ये					सावि‍क चण्डेश्वरी ६ ख कि.नं १६४ बमोजिम पुनः नापी भएको
			१०२-०८६५-२०	२५६	१९.८४ मध्ये					सावि‍क चण्डेश्वरी ९ ख कि.नं. २३४ बमोजिम पुनः नापी भएको
१२	**नाम : गुन्जन नकर्मि** ठेगाना : जिल्ला ललितपुर, बुकमती-वडा नं. २ बाबु : कान्छा नकर्मि बाजे : मंगल नारायण नकर्मि	२	१०२-०८६५-२०	७८	३४.७२					सावि‍क चण्डेश्वरी ८ कि. नं. ४५१ बमोजिम पुन नापी भएको
१३	**नाम : शंकर डंगोल** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : सुकु नारायण डंगोल बाजे : बेखा नारायण डंगोल	२	१०२-०८६५-१५	२०२ २०३ १७	५५.४२ मध्ये ७६.२६ मध्ये ४१.५० मध्ये					सावि‍क चण्डेश्वरी ८ कि.नं. ४२२ बमोजिम पुन नापी भएको
१४	**नाम : भख्यौ सिं श्रेष्ठ** ठेगाना : जिल्ला काठमाडौं न.पा. टोखा वडा नं. २ बाबु : ज्ञान विर श्रेष्ठ बाजे : अर्जुन श्रेष्ठ	२	१०२-०८६५-१५	१८१ १८२	१०५३.५६ मध्ये २११.९२ मध्ये					सावि‍क चण्डेश्वरी ८ कि.नं २६६ बमोजिम पुन : नापी भएको

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २६ मंसिर ०८२

जेन–जी आन्दोलनमा साढे ८४ अर्बको क्षति

तीन वर्षभित्र पुनर्निर्माण सक्ने कार्ययोजना, सवा ३६ अर्ब बजेट चाहिने

यथार्थपरक प्रतिवेदन बनेको छ



● **हरिशरण पुडासैनी**
प्रवक्ता, राष्ट्रिय योजना आयोग

आयोजना आयोगले 'जेन-जी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचनाको पुनर्निर्माण योजना' प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको छ। क्षतिको विवरण, पुनर्निर्माणका कार्ययोजना र सुझाव त्यसमा समावेश छन्। क्षति पुगेका सबै जिल्ला र पालिकामा पुगेर क्षतिको विवरण संकलन गरिएको हो। व्यक्ति, कार्यालय, संस्था र निकायले दिएका विवरण समावेश भएकाले क्षति यथार्थपरक छन्।

कृष्ण रिजाल/नयाँ पत्रिका

गत २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड तथा आगजनीबाट साढे ८४ अर्ब रुपैयाँबराबरको भौतिक क्षति भएको देखिएको छ। सरकारले गरेको अध्ययनअनुसार सरकारी, निजी तथा अन्यसमेतको गरी ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँबराबरको भौतिक क्षति पुगेको हो।

जेन-जी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिले बुधबार प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको छ। समितिले नियमित वार्षिक बजेटमार्फत तीन वर्षभित्र पुनर्निर्माण गर्न सकिने कार्ययोजनासमेत बुझाएको छ। पुनर्निर्माणका लागि सवा ३६ अर्ब रुपैयाँ लाग्ने समितिको अनुमान छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत ५ असोजमा यो समिति गठन भएको थियो। समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन बुझाएको हो। उक्त समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थले बुधबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रतिवेदन सारांशको प्रस्तुतीकरण गरेका हुन्। समितिका अनुसार जेन-जी आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो। यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह दुई सय ६२ रहेका छन्।

१३ वर्षमुनिका १७ जना घाइते

प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कुल ७७ जनाको ज्यान गएको छ। दुई हजार चार सय २९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका रहेका छन्। १३ देखि २८ वर्षका एक हजार चार सय ३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ। समितिले सहिद परिवार र घाइतेलाई रोजगारी दिन, घाइतेको निःशुल्क उपचार गर्न, परिचयपत्र दिन तथा राहतका कार्यक्रम ल्याउन सुझाएको छ।



भवनमा ३९ अर्ब र सवारीसाधनमा १२ अर्बको क्षति

आन्दोलनका क्रममा संसद् भवन, सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत, प्रधानमन्त्री निवास र प्रदेश तथा स्थानीय तहका कार्यालयहरूमा तोडफोड एवं आगजनी गरिएको थियो। त्यस क्रममा दुई हजार एक सय ६८ निकाय-संस्था प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ।

दुई हजार ६ सय ७१ भवनमा क्षति पुगेको छ। उक्त क्षतिको मूल्यांकन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँबराबर रहेको छ। त्यस्तै, १२ हजार ६ सय ५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँबराबरको नोक्सान हुन पुगेको समितिले जनाएको छ।

निजी क्षेत्रमा साढे ३३ अर्बको क्षति

कुल क्षतिमा सरकारको हिस्सा बढी छ। सरकारी-सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँबराबरको क्षति पुगेको छ। निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँबराबर छ। सामुदायिक तथा अन्य क्षेत्रको पाँच अर्ब ९७ करोड १७ लाख रुपैयाँबराबरको क्षति भएको छ। सरकारी क्षतिमा तीन तहमध्ये संघीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ।

पुनर्निर्माण स्वदेशी स्रोतबाटै

समितिले पुनर्निर्माण कार्ययोजना पनि पेस गरेको छ। पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँबराबरको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ। त्यस्तै, पुनर्निर्माणका लागि विदेशी सहायता नलिनसमेत समितिले सुझाएको छ। 'हामी आफैंले आगो लगाएका हौं, कुनै भवितव्य थिएन,' समितिका एक सदस्यले भने, 'यस्तो क्षतिको पुनर्निर्माणका लागि विदेशी सहायता खोज्नुहुँदैन, सामान्यतः दाताहरू पनि इच्छुक हुँदैनन्।' फिल्डमा खटिएका इन्जिनियरहरूले गरेको क्षतिको मूल्यांकन र विश्लेषणपश्चात् इन्जिनियरिङ सिद्धान्त र प्रचलित नियममा आधारित भएर पुनर्निर्माणको खाका तयार पारिएको समितिका एक सदस्यले बताए।

यसरी गरियो क्षति मूल्यांकन

राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत ५ असोजमा 'जेन-जी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न समिति गठन गरिएको थियो। समितिमा सहरी विकास मन्त्रालयका सहसचिव, राष्ट्रिय तथ्यांक कार्यालयका सहसचिव, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्राविधिक सहसचिव र एकजना जेन-जी प्रतिनिधि रहेका थिए। समितिले ७५ दिन लगाएर प्रतिवेदन तयार गरेको थियो।

समितिले तथ्यांक संकलन, सहजीकरण र समन्वयका लागि उपसचिव (प्रशासन-प्राविधिक)को नेतृत्वमा ४१ जिल्लामा ३४ टिम र उपत्यकाका तीन जिल्लामा चार टिम गरी ३८ वटा टोली परिचालन गरेको थियो।

त्यस्तै, सुपरिवेक्षणका लागि सहसचिवको नेतृत्वमा ७ प्रदेश र उपत्यका गरी ११ वटा टोलीसमेत परिचालन गरेको थियो। योजना आयोगले क्षतिको विवरण प्रविष्ट गर्न सफ्टवेयर नै तयार गरेको थियो। अनलाइनबाट क्षतिको विवरण भर्न मिल्ने व्यवस्था गरिएको थियो। टोलीले क्षति पुगेका सबै जिल्ला र अधिकांश पालिकामा गएर व्यक्ति, संस्था, कार्यालय र निकायबाट प्रश्नोत्तर विधिबाट तथ्यांक संकलन गरेको थियो। प्रभावित तथा क्षति पुगेका व्यक्ति, संस्था, कार्यालय र निकायबाट लिइएको विवरण भएकाले क्षतिको विवरण यथार्थपरक भएको एक सदस्यले दाबी गरे।



प्रतिवेदनका मुख्य अंश

- ५४ जिल्ला र दुई सय ६२ स्थानीय तहमा क्षति
- कुल ७७ जनाको ज्यान गएको
- २ हजार ४ सय २९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका
- घाइतेमध्ये १३ देखि २८ वर्षका १ हजार ४ सय ३३ जना
- २ हजार १ सय ६८ निकाय-संस्था प्रभावित
- २ हजार ६ सय ७१ भवनमा ३९ अर्ब ३१ करोडको क्षति
- १२ हजार ६५९ वटा सवारीसाधन क्षतिग्रस्त, १२ अर्ब ९३ लाख रुपैयाँको नोक्सान
- सरकारी-सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोडको क्षति
- निजी क्षेत्रमा ३३ अर्ब ५४ करोडको क्षति
- सामुदायिक तथा अन्य क्षेत्रमा ५ अर्ब ९७ करोडको क्षति
- पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड बजेट चाहिने
- ३ वर्षभित्र पुनर्निर्माण गरिसक्ने कार्ययोजना
- पुनर्निर्माणका लागि वैदेशिक सहायता लिन नहुने
- सहिद परिवार र घाइतेलाई रोजगारी दिनुपर्ने
- घाइतेको निःशुल्क उपचार र परिचयपत्र दिनुपर्ने

संक्षेप

रद्द गरियो मौरिससँगको दोहोरो करमुक्ति सम्झौता

काठमाडौं/ सरकारले मौरिसस सरकारसँगको दोहोरो करमुक्ति सम्झौता (डिटिएए) खारेज गरेको छ। गत सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त सम्झौता रद्द गर्ने निर्णय गरेको हो। नेपालले मौरिसस सरकारसँग सन् ३ अगस्ट १९९९ मा यस्तो सम्झौता गरेको थियो। यो निर्णय आगामी आर्थिक वर्षदेखि लागू हुनेछ।

योसँगै आन्तरिक राजस्व विभागले बुधबार मौरिससलाई सम्झौता रद्द गरेको औपचारिक जानकारी गराएको छ। सरकारको तर्फबाट तोकिएका सक्षम अधिकारीको हैसियतले आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले कूटनीतिक माध्यमबाट सम्झौता रद्द गरेको जानकारी पठाएका छन्। सम्झौताको धारा २९ को उपधारा १ मा सम्झौता समाप्तिसम्बन्धी प्रावधान छ। सोहीअनुसार सम्झौता रद्द गरेको भन्दै औपचारिक पत्र पठाइएको छ।

घरेलु कानुन र विश्वव्यापी कर वातावरण भएका परिवर्तनसँग नेपालको अन्तर्राष्ट्रिय कर संरचनालाई एकरूप बनाउन आवश्यक भएकाले यस्तो निर्णय लिएको बताइएको छ। घरेलुतर्फ नेपालले लागू गरेको आयकर ऐन, २०५८ (सन् २००२) ले सन्धि कार्यान्वयनमा प्रभावित पार्ने आधुनिक कर दुरुपयोग नियन्त्रण प्रावधान समावेश गरेको छ। विशेष गरी ऐनको दफा ७३ (५) अन्तर्गत सीमित लाभसम्बन्धी प्रावधान समावेश गरिएको छ।

९ पुसदेखि 'विराट ट्रेड एक्स्पो'



विराटनर/ मोरङ उद्योग व्यापार संघले अगामी पुसमा विराटनगरमा अन्तर्राष्ट्रियस्तरको १० दिने औद्योगिक व्यापार मेला 'विराट ट्रेड एक्स्पो-२०८२' आयोजना गर्ने भएको छ। मुलुककै जेठो उद्योग वाणिज्य संघ एवं नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक सदस्य मोरङ उद्योग व्यापारले ९ देखि १९ पुससम्म विराटनगरमा अन्तर्राष्ट्रियस्तरको औद्योगिक व्यापार मेला 'विराट ट्रेड एक्स्पो' आयोजना गर्ने भएको हो।

मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीका अनुसार पहिलेदेखि आयोजना गर्दै आएको औद्योगिक मेलाका रूपमा 'विराट ट्रेड एक्स्पो' गरिने र यसमा भारत, बंगलादेश र पाकिस्तानका २५ सहित दुई ३० वटा स्थल रहने बताइएको छ। उनका अनुसार मेला दुई लाखभन्दा बढीले अवलोकन गर्नेछन् भने ५० करोडभन्दा बढीको कारोबार हुने अपेक्षा छ।

एक्स्पोमा नेपाल व्यापार रणनीतिअन्तर्गत पहिचान गरिएका कोशी प्रदेशसहित अन्तरप्रादेशिक उत्पादन पनि प्रदर्शनी गरिनेछन्। एक्स्पो स्वदेशी-विदेशी उत्पादन प्रदर्शन गर्ने, खरिद-बिक्री र लगानीको सम्भावनाबारे छलफल गर्ने उत्कृष्ट थलो हुने संयोजक अमित सारडाले बताए।

महासंघ र भियतनाम चेम्बरबिच सहकार्य हुने

काठमाडौं/ नेपाल र भियतनामबिच दौत्य सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको अवसरमा दुई देशका व्यवसायीबिच आर्थिक सम्बन्ध विस्तार गर्ने विषयमा छलफल भएको छ। बिहीबार भियतनामको राजधानी हनोईमा भियतनामी चेम्बर अफ कमर्स इन्डस्ट्रीसँगको छलफलमा नेपाली व्यवसायीहरूले नेपालमा पर्यटन, जलविद्युत्, कृषिलगायतका क्षेत्रमा लगानीको ठुलो सम्भावना रहेको उल्लेख गर्दै लगानीका लागि आग्रह गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भियतनामका लगानीकर्तासमक्ष नेपाल र भियतनामबिच थप आर्थिक सहकार्यलाई अगाडि बढाउनका लागि आग्रह गरे। कूटनीतिक सम्बन्ध ५० वर्ष पुगेको उल्लेख गर्दै अध्यक्ष ढकालले अब दुई देशबिच आर्थिक सहकार्यलाई अगाडि बढाउनुपर्नेमा जोड दिए। 'दुई देशबिच आर्थिक सहकार्यको क्षेत्रमा ठुलो सम्भावना छ, म भियतनामका लगानीकर्तालाई नेपालमा लगानीका लागि आग्रह गर्दै नेपालबाट निर्यातको ठुलो सम्भावना रहेको जानकारी गराउन चाहन्छु,' उनले भने, 'नेपालमा हस्तकला, चिया, कफी, जडीबुटीजस्ता उत्पादनको भियतनाममा राम्रो बजार सम्भावना भएकाले त्यसतर्फ पनि लगानी बढाउन म आग्रह गर्दछु।'

मनहरीका कृषकले पाए बाली बिमा

मकवानपुरमा **पोष्टराज अधिकारी**

जिल्लामै पहिलोपटक धानबाली बिमा गराएको मकवानपुरको मनहरी गाउँपालिकाका कृषकले क्षतिबापतको बिमा रकम प्राप्त गरेका छन्। मनहरी गाउँपालिकाले शिखर इन्स्योरेन्स कम्पनीसँग सम्झौता गरी पालिका क्षेत्रका किसानको गत असारमा धानबालीको बिमा गराएको थियो।

बिमा गराएका किसानमध्ये १९ जनाले एक लाख ३३ हजार रुपैयाँ क्षतिपूर्ति पाएका हुन्। बिमा सुरु गरेको पहिलो वर्ष गाउँपालिका क्षेत्रका ५२ जना किसानले धानबाली बिमा गराएका थिए। जसमध्ये गत असोजको वर्षामा डुबान, फड्के किराको प्रकोपलगायतका कारण क्षति भएको भनी १९ जनाले बिमा रकम दाबी गरेका थिए। दाबी गर्नेहरूको क्षतिको मूल्यांकन गरी बिमा कम्पनीले एकै किसानलाई ३५ हजार रुपैयाँसम्म भुक्तानी दिएको छ।

अन्नबालीमा किरा तथा अन्य रोगको प्रकोप, डुबान, वन्यजन्तुको क्षतिलगायतका कारण अन्नबाली उत्पादनमा क्षति हुनाले किसान मर्कामा परिरहे काले बाली बिमा कार्यक्रम सुरु गरेको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए। बाली बिमा गर्दा कुल बिमांक रकमको ८० प्रतिशत रकम गाउँपालिकामार्फत संघीय सरकारले अनुदान दिने व्यवस्था छ भने २० प्रतिशत रकम किसान आफैंले व्यहोर्नुपर्नेछ। बाली बिमाको २० प्रतिशत बिमांक र कमसमेत तिर्न नसक्ने विपन्न किसानको बिमांक भुक्तानी गाउँपालिकाले गरिदिने गरी बजेट छुट्याइएको अध्यक्ष कालाखेतीको भनाइ छ।

चिसापानीमा केबलकार निर्माणको काम तीव्र, वैशाखबाट सञ्चालन गर्ने तयारी

धनगढीमा **तेजराज भट्ट**

कैलालीको चिसापानीदेखि राजकाँडासम्म जालपादेवी केबलकार आगामी वैशाखबाट सञ्चालन गर्ने लक्ष्यसहित निर्माणकार्य तीव्र पारिएको छ।

निजी क्षेत्रको करिब सात अर्ब लागतमा चिसापानीदेखि राजकाँडासम्म तीन किलोमिटर लामो केबलकार निर्माण हुँदै छ। केबलकारसँगै तारे होटेल, क्यासिनो, जिपलाइन, स्काई साइकलिङ, पार्टी प्यालेसजस्ता पर्यटकीय संरचना बनाउने योजना रहेको केबलकार निर्माण आयोजनाका व्यवस्थापक विजय पौडेलले जानकारी दिए।

उनका अनुसार यो सुदूरपश्चिममा निजी क्षेत्रबाट बन्न लागेको हालसम्मकै ठुलो लगानीको पर्यटन पूर्वाधार हो।

पहिलो चरणमा केबलकारको काम भइरहेको र दोस्रो चरणमा तारे होटेल, क्यासिनोलगायतका संरचना निर्माण गरिने उनको भनाइ छ। 'आउने वैशाखबाट केबलकार सञ्चालन गर्ने गरी निर्माणकार्य तीव्र रूपमा भइरहेको छ,' उनले भने, 'पहिलो चरणमा केबलकारको काम सकिएपछि दोस्रो चरणका होटेल, पार्टी प्यालेस, क्यासिनोलगायत संरचना निर्माण गर्ने योजना छ।'

केबलकारका लागि आवश्यक १४ वटा टावर र ३४ वटा गोन्डुला निर्माणको काम अन्तिम चरणमा पुगेको छ। केबलकारको स्टेसन, दुवैतर्फ रेस्टुरेन्ट, राजकाँडामा जालपादेवी मन्दिरलगायत संरचना पनि धमाधम निर्माण भइरहेका छन्। केबलकार निर्माण आयोजनाका स्टेसन म्यानेजर हरिओम खड्काका अनुसार राजकाँडामा चारतारे होटेल, मन्दिरसँगै जिपलाइन, स्काई साइकलिङजस्ता एड्भेन्चर पर्यटनका संरचना निर्माण गरिनेछन्। त्यस्तै, चिसापानीमा पाँचतारे होटेल, क्यासिनो र पार्टी प्यालेसलगायत संरचना निर्माण गरिनेछ।

केबलकारका संरचना निर्माणमा मात्र साढे दुई अर्ब लाग्ने खड्काले बताए। जालपादेवी केबलकारमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका व्यवसायी चन्द्र ढकाल, स्थानीय व्यवसायी सूर्य थापासहितको लगानी छ। सीमावर्ती भारतीय क्षेत्रका पर्यटकसमेतलाई लक्षित गरेर कैलालीको प्रमुख पर्यटकीय गन्तव्य चिसापानीमा केबलकार निर्माण सुरु गरिएको हो। निर्माण कम्पनीका अनुसार केबलकारको एकतर्फी यात्रा करिब १० मिनेटको हुनेछ।

रामेछापमा जुनार उत्पादन वृद्धि, व्यापारी किसानको बगैंचामा



रामेछापमा **दीपक भट्ट**

रामेछापमा जुनार पाकेर बर्गैंचा नै पहेंलपुर भएसँगै अहिले बर्गैंचामा जुनार खरिद गर्न जाने व्यवसायीहरू बढेका छन्। यस वर्ष जुनारमा कुनै पनि प्रकारको रोग-किरा नलागेपछि गत वर्षको भन्दा २० प्रतिशतले वृद्धि भएको रामेछाप नगरपालिका-६, ओखेनीका किसान शेरबहादुर तामाङले बताए।

जाडो सिजनमा हुने अमिलो प्रजातिको जुनार बर्गैंचामा नै प्रतिकेजी ६० रुपैयाँदेखि ८० रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। विगतका वर्षहरूमा ५० देखि ६० रुपैयाँ प्रतिकेजी जुनार बिक्री गरेका किसानले यस वर्ष किलोमै २० रुपैयाँ मूल्य बढी पाएका छन्। किसानले सोही जुनार टिपेर बजारसम्म पुऱ्याउँदा एक सय रुपैयाँदेखि एक सय २० रुपैयाँ प्रतिकिलोमा बिक्री-वितरण गर्दै आएका छन्।

जुनारको जिल्ला भनेर चिनिएको रामेछापमा यो वर्ष किसानले चिताएको भन्दा बढी नै उत्पादन भएको छ। रोग-किरा नियन्त्रणका लागि अभियान चलाएपछि दाना लागेका जुनार सबै पाकेका छन्। केही वर्षअघिसम्म रामेछापमा फल कुहाउने औंसा किराको प्रकोपका कारण बर्गैंचामा पाक्ने समयसम्म जुनार झरेर नाश हुने गरेका थिए। थोरै जुनार बोटमा रहे पनि त्यसमा पनि किरा भेटिन्थ्यो। तर, यस वर्ष जुनारमा कुनै पनि रोग नभएकाले जुनार उत्पादनमा वृद्धि भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापकी नायब प्राविधिक सहायक भवानी बस्नेतले जानकारी दिइन्।

हाल जिल्लाको रामेछाप नगरपालिका, मन्थली नगरपालिका, दोरम्बा शैलुङ गाउँपालिका, सुनापति गाउँपालिका र लिखु तामाकोशी गाउँपालिकामा गरी ६ सय ८० हेक्टर क्षेत्रफलमा जुनार खेती गरिँदै आएको छ। जसमध्ये प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले भने रामेछाप नगरपालिका, मन्थली नगरपालिका र लिखु तामाकोशी गाउँपालिकामा मात्रै जुनार जोन कार्यक्रम सञ्चालन गर्दै आएको छ।

नबिल बैंक लिमिटेड, न्युरोड शाखा, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०८/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण
प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा मिति २०७९-०५-०८ मा प्रा.फ.र.नं २९७१८२/०७९/०८० स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **पार्वती कृषि प्रा.लि.** ठेगाना : काठमाण्डौ जिल्ला कुलेश्वर मा.न.पा. वडा नं. १४।
कम्पनीको संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण
१. रघु महतोको नाती, जिमदार महतोको छोरा, रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.न. ८९९४-४५२१०२७७ (जारी मितिः २०३५/०२/२९ स्थान रौतहट), भएको **जादोलाल महतो कोइरी**। २. जिमदार महतोको नाती, जादोलाल महतो कोइरीको छोरा, रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.न.४९०६ (जारी मितिः २०५५/०३/०७ स्थान रौतहट), भएको **कुन्दन प्रसाद कुशवाह**। ३. जिमदार महतोको नातीनी, जादोलाल महतो कोइरीको छोरी, सर्लाही जिल्ला रामवन गा.वि.स वडा नं. ०७ स्थायी घर भई हाल काठमाडौं जिल्ला तोखा मा. न.पा. वडा नं.०७ बस्ने, ना.प्र.न.१९३०१६/१ (जारी मितिः २०६३/१०/०२ स्थान सर्लाही), भएको **रिना महतो**।
धितोको विवरण
१. रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ०३ बस्ने **जादोलाल महतो कोइरी**को नाममा दर्ता भई रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ०४ नक्सा सिट नं ४ मा अवस्थित कि.नं. ९४३, ९४४ क्षेत्रफल ०-१-०-०, ०-१-०-० रोपनि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत। २. रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ०३ बस्ने, **कुन्दन प्रसाद कुशवाह**को नाममा दर्ता भई रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ४, ८ नक्सा सिट नं ४, ८ मा अवस्थित कि.नं. ९३९, १०३० क्षेत्रफल ०-१-१०-०, ०-२-०-० रोपनि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

जमानतकर्तालाई बक्यौता कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेडको ९० (नब्बे) दिने सार्वजनिक सूचना ।

(प्रकाशित मिति : २०८२/०८/२६ गते)

तहाँ जमानतकर्ता रहेको तपसिलमा उल्लिखित ऋणीले लिएको सवारी साधन कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिकमा प्रकाशित गर्दा समेत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम नबुझाएको हुँदा धितो सुरक्षणमा रहेको सवारी साधन बैकलाई बुझाउने सम्बन्धी ७ दिने सूचना प्रकाशित गर्दा समेत ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्तिले हालसम्म उक्त सवारी साधन बैकमा नबुझाउनु भएको र धितो सुरक्षणमा रहेको सवारी साधन बैकको नियन्त्रणमा लिन नसकेको हुँदा तपसिलमा उल्लिखित जमानतकर्तालाई सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न यो **९० (नब्बे)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको **मितिले ९० (नब्बे)** दिन भित्र यस बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्यौट गर्न गराउन हुन यसै सूचना मार्फत जानकारी गराईन्छ । उपरोक्त समयसीमा भित्र जमानतपत्र अर्न्तगत कबुल गरेको आफ्नो दायित्व अनुरूप बक्यौता रहेको सम्पूर्ण कर्जा चुक्ता भुक्तान नगरेको खण्डमा बैकले प्रचलित कानून तथा नेपाल राष्ट्र बैकबाट जारी निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई कालोसूचिमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाउनुका साथै ऋणीबाट असुल हुन बाँकी रहेको सम्पूर्ण बक्यौता लेना रकम प्रचलित कानून अनुसार तहाँ जमानतकर्ताको चल/अचल श्रीसम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १६७१००/०७३/०७४ कायम भई मिति २०७३/१२/३१ मा दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ स्थित **आर. एस. टुर्स एण्ड ट्रान्सपोर्ट प्रा. लि.** ।
	व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१.	चेत नाथ गौतमको छोरी, डिल्लीराज आचार्यको श्रीमती, काभ्रेपलान्चोक जिल्ला, कुशादेवी न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **शोभा आचार्य** ।
२.	यज्ञ प्रसाद आचार्यको नाति, मिल प्रसाद आचार्यको छोरा, काभ्रेपलान्चोक जिल्ला, कुशादेवी न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **डिल्लीराज आचार्य** ।

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

शिवम् सिमेन्टको लाभांश पारित



काठमाडौं/ शिवम् सिमेन्ट्स लिमिटेडको १०औँ वार्षिक साधारणसभाले सेयरधनीलाई दिने साढे १२ प्रतिशत लाभांश पारित गरेको छ। कम्पनीका सञ्चालक समिति अध्यक्ष गौरव गोयलको अध्यक्षतामा बिहीबार सम्पन्न साधारणसभाले हाल कायम चुक्ता पुँजीको १० प्रतिशत नगद लाभांश (करसहित) र २.५ प्रतिशत बोनस सेयर वितरण गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गरेको हो।

सभाले समितिले पेस गरेको गत आवको वार्षिक प्रतिवेदनपछि छलफल गरी पारित गर्नुका साथै चालू आवका लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक पनि तोकेको छ। अध्यक्ष गोयलले सेयरधनीले दिएका जिज्ञासा तथा सल्लाह-सुझावलाई कम्पनीले ग्रहण गर्दै जाने बताए।

रिलायबल इन्भेस्टमेन्टलाई मर्चेन्ट बैंकरसम्बन्धी कार्य गर्न बोर्डको अनुमति

काठमाडौं/ रिलायबल इन्भेस्टमेन्ट एन्ड मर्चेन्ट क्यापिटल लिमिटेडले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर)ले गर्न पाउने सम्पूर्ण कार्य गर्न अनुमति पाएको छ। कम्पनीले २३ मंसिरमा यो अनुमति पाएको जनाएको हो। यसअघि २ मंसिरमा योजना व्यवस्थापक तथा डिपोजिटरीका रूपमा कार्य गर्नसमेत अनुमतिपत्र प्राप्त गरेको थियो।

नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको शतप्रतिशत सहायक कम्पनी रिलायबल इन्भेस्टमेन्टले सामूहिक लगानी कोष नियमावलीअनुसार योजना व्यवस्थापक तथा डिपोजिटरीका रूपमा कार्य गर्न अनुमतिपत्र प्राप्त गरेको हो।

कम्पनीले हाल धितोपत्र निष्कासन तथा बिक्री प्रबन्ध, सेयर रजिस्ट्रेसन, संस्थागत परामर्श सेवा, धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन तथा सामूहिक लगानी कोषअन्तर्गत कोष योजना व्यवस्थापक तथा डिपोजिटरीका कार्य गर्दै आइरहेको छ।

एनआइबिएल इक्विटी पार्टनर्सको सहप्रमुखमा मल्ल



काठमाडौं/ एनआइबिएल इक्विटी पार्टनर्सको सहप्रमुखमा ऋतु प्रधान मल्ल नियुक्त भएकी छिन्। यो एनआइएमबी एस क्यापिटलले व्यवस्थापन गर्दै आएको कम्पनी हो।

सहप्रमुखको भूमिकामा रहेर उनले निजी इक्विटी, लगानी व्यवस्थापन र दिगो वित्त क्षेत्रको रणनीतिक नेतृत्व गर्नेछिन्। उनले पर्यावरणीय, सामाजिक र प्रशासनिक (इएसजी) एकीकृत लगानी ढाँचा विस्तार गर्ने, पोर्टफोलियोमा निगरानी बढाउने र नेपालको आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने कम्पनीले जनाएको छ।

एनआइएमबि एस क्यापिटलका प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले भने, 'मल्लको अनुभव, कम्पनीको लगानी दृष्टिकोण र नेपालको वित्तीय क्षेत्रमा दीर्घकालीन मूल्य बढाउने हाम्रो प्रतिबद्धतासँग मेल खान्छ।' 'बढ्दो नेपाली पुँजी बजारमा एनआइबिएल इक्विटी पार्टनरसँग जोडिन पाउँदा खुसी छु,' मल्लले भनिन्, 'म कम्पनीको महत्त्वाकांक्षी दृष्टिकोणमा योगदान गर्न र नेपालको वित्तीय क्षेत्रको अर्को अध्यायमा सहयोग गर्न उत्सुक छु।'

जलवायु वित्त, प्राइभेट इक्विटी, उद्यम विकास र दिगो प्रभावको क्षेत्रमा मल्लसँग १४ वर्षभन्दा बढीको कार्य-अनुभव छ।

डिस होमले ल्यायो एआई 'खुसी'

काठमाडौं/ डिस मिडिया नेटवर्क लिमिटेड (डिस होम)ले 'डिस होम-एआई खुसी' सेवा सार्वजनिक गरेको छ। कम्पनीले नयाँ प्रविधिको प्रयोग गर्दै दुईतर्फी भोइस एआई 'खुसी' ल्याएको जनाएको छ।

यो एआई खुसीको प्रयोग सेवा निष्क्रिय भएका ग्राहकलाई नेपाली भाषामा मानवजस्तै आवाजमा निरन्तर संवादमार्फत पुनः नवीकरणका लागि सम्पर्क गर्न हुनेछ। त्यसैगरी, सम्बन्धित अफर प्रस्तुत गर्ने तथा कुराकानीका क्रममा प्राप्त हुने प्रतिक्रिया, गुनासो र सुझाव संकलन गरी ग्राहक सेवा केन्द्रसम्म पुऱ्याउन सहयोग गर्ने बताइएको छ। साथै, कुराकानीकै क्रममा ग्राहकको भावनात्मक प्रतिक्रिया (सेन्टिमेन्ट एनालाइसिस) विश्लेषण गरी प्रतिवेदन तयारी गर्ने क्षमतासमेत एआईमा उपलब्ध हुने कम्पनीको दाबी छ।



समय-समयमा नेटवर्कमा प्राविधिक समस्याले गर्दा सेवा अवरुद्ध हुने अवस्थामा एआई प्रणाली डिसहोमको केन्द्रीय प्रणालीसँग एकीकृत भई ग्राहकले ग्राहक सेवा केन्द्रमा कल गर्दा अवरोधको कारण, अनुमानित समाधान समय, तथा प्रगति विवरण प्रदान गर्न सक्षम हुनेछ। यसले ठुलो परिमाणमा कल आउने अवस्थामा ग्राहकलाई तुरुन्त र यथार्थ जानकारी उपलब्ध गराई ग्राहक सेवालाई थप प्रभावकारी बनाउनेछ।

कम्पनीका अनुसार पछिल्लो समयमा निरन्तर प्रविधिमा आधारित नवप्रवर्तन गर्दै आएको छ। ग्राहकलाई डिजिटल प्रविधिसँग अझ नजिक ल्याउने उद्देश्यले डिसहोमले केही समयअघि भर्चुअल प्रिभिलेज कार्ड सार्वजनिक गरेको थियो। जसमार्फत डिसहोमका ग्राहकले होटेल, रेस्टुरेन्ट, रिसोर्ट, स्वास्थ्य सेवा, इलेक्ट्रोनिक सामानलगायत दुई सयभन्दा बढी साझेदार व्यवसायमा २५ प्रतिशतसम्म छुट पाउने सुविधा प्रदान गर्दै आएको छ। त्यसपछि डिस होमले एनपिएल दोस्रो संस्करणलाई आफ्नै 'डिस होम गो' नामक ओटिटी प्लाटफर्ममार्फत प्रत्यक्ष प्रसारण गरेको थियो।

मणिपुर बचत तथा ऋण सहकारी संस्था लि.
काठमाण्डौं-०९, बत्तिसपुतली फोन ०१-४५७४५२३, ५९०९५२४

सत्रौं (१७औं) बार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२४

यस संस्थाको मिति २०८२ मसिर १२ गते शुक्रबारका दिन सम्पन्न यस संस्थाको सञ्चालक समिति बैठकको निर्णयानुसार संस्थाको सत्रौं(१७औं) वार्षिक साधारण सभा देहायका विषयहरू उपर छलफल गर्नका लागी निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितीका लागी हार्दिक अनुरोध गर्दछु।

छलफलका बिषयहरू :

१ आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२ आ.व. २०८१/०८२ को लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३ आ.व. २०८१/०८२ को लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
४ आ.व. २०८२/०८३ को लागी लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण सम्बन्धमा।
५ संस्थाको विनियम २०६५ संसोधन/पुनर्लेखन गर्ने सम्बन्धमा।
६ संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा।
७ निष्कृय सदस्यता खारेज गर्ने सम्बन्धमा।
८ सञ्चालक समितिको बैठक भत्ता संसोधन गर्ने सम्बन्धमा।
९ सञ्चालक समितिको रिक्त रहेको पदमा बाँकी अवधीको लागी पदाधिकारी/सदस्य चयन गर्ने सम्बन्धमा।
१० संस्थाको सञ्चालक समिति तथा अन्य उप-समितिबाट भए गरेका निर्णयहरूको अनुमोदन गर्ने सम्बन्धमा।
११ साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरूको मनोनयन गर्ने सम्बन्धमा।
१२ विविध।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८२ साल पौष २६ गते शनिवार
स्थान : मानसरोवर पार्टी प्यालेस, पुरानोबानेश्वर काठमाण्डौं
समय : दिनको ठिक १:०० बजे

सञ्चालक समितिको तर्फबाट
सचिव

ओम् शिवा बहुमुखी सहकारी संस्था लिमिटेड
ओम् शिवा भवन, कोपुण्डोल, ललितपुर १०
फोन नं. ५२६८९८१, ५२६८४८२, फ्याक्स: ५२६८९७४
Email: omshivamultiple@gmail.com, website: www.omshivamultiple.com

२५ औं वार्षिक साधारण सभाको सूचना

प्रकाशित मिति: २०८२/०८/२६ गते

यस संस्थाको मिति २०८२/०८/२४ मा बसेको संचालक समितिको ३४१ औं बैठकको निर्णय बमोजिम यस संस्थाको २५ औं वार्षिक साधारण सभा निम्न विषय सूचीहरुमा छलफल गरी निर्णय गर्नका लागि निम्न स्थान र समयमा गरिने भएकोले शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौं।

बैठक बस्ने:

मिति: २०८२/०९/२६ शनिवार (तत्अनुसार ई.सं.१० जनवरी २०२६)
समय: दिनको १२:३० बजे
स्थान: संस्थाको कार्यालय भएको ओम् शिवा भवन, कोपुण्डोल, ललितपुर १०
अफिसको फोन: ५२६८९८१/५२६८४८२/ फ्याक्स: ५२६८९७४

विषय-सूची

१. सचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन।
२. आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण लेखापरिक्षकको प्रतिवेदन पारीत गर्ने बारे।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन।
४. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने। (लेखापरिक्षक श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठ, एफसिए, एम बि श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स, पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ।)
५. आ.व. २०८२/०८३ को संशोधित वार्षिक कार्यक्रम बारे।
६. संस्थाको नाउमा रहेका स्थिर सम्पत्ति र गैह वित्तीय सम्पत्ति जग्गाहरु बिक्री गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियार प्रदान गर्ने।
७. निष्कृय सदस्यता खारेज गर्ने सम्बन्धमा।
८. संचालक २ जनाले दिनु भएको राजिनामा स्वीकृत गरिएको अनुमोदन गर्ने।
९. कर्मचारी नियमावली संशोधन गर्ने बारे।
१०. साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न शेयरसदस्यहरु र संचालकहरुको तर्फबाट प्रतिनिधि तोक्ने।
११. विविध।

आज्ञाले,
श्याम कुमार श्रेष्ठ
व्यवस्थापक

शैक्षिक पुरस्कार बारे: शैक्षिक पुरस्कार लिनलाई शेयरसदस्य महानुभावहरुले आफ्ना छोराछोरीहरुले उच्चतम GPA प्राप्त गरेको २०८१ सालको SEE मार्कसिट र क्यारेक्टर सर्टिफिकेटको प्रतिलिपी पेश नगर्नु भएका शेयरधनीहरुले मिति २०८२/०९/१५ सम्ममा विवरण पेश गर्नु हुन अनुरोध गर्दछौं।

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services
Central Veterinary Laboratory
Veterinary Laboratory, Pokhara

Invitation of Bid

Date of Publication: 2082/08 /26 BS

1. The Veterinary Laboratory, Pokhara, Kaski invites electronic bids from Nepalese eligible bidders for the following works.

S. N	Contract No / Bid No	Description of Works	Bid Security (NRs)	Bid Price (NRs)	Estimated Amount (Excl. VAT)
1.	VL/PKR/NCB/ WORKS/082/083/01	Laboratory Building Construction Work of Veterinary Laboratory at PMC-12, Kaski, Nepal	390,000.00	3,000.00	15,549,911.66

2. Pre bid meeting date: 2082.09.16 at 13:00 Hrs.
3. Bid Submission date: 2082.09.28 till 12:00 Hrs., Bid Opening Date: 2082.09.28 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents from Veterinary Laboratory Pokhara, Kaski,
   Telephone: +977-061-520419 and email address: - rvl.pokhara@gmail.com

Senior Veterinary Officer

पचरौता नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनौली, बारा
मधेश प्रदेश

बोलपत्र स्वीकृत गर्ने सम्बन्धि आशयको सूचना

(प्रकाशित मिति : २०८२/०८/२६)

यस कार्यालयको तपसिलमा उल्लेखित ठेक्काहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, (संसोधन सहित) २०६३ को दफा २७ को उपदफा १ र २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र. स.	ठेक्का नं.	कामको विवरण	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर समेत	कैफियत
1.	NCB/PMUN/W/ 11/2082-83	WADA NO 6. BHARI SADAK DHALAN TATHA NALA NIRMAN	KALIKA NIRMAN SEWA KOLHABI-1,BARA	1,13.33,488.65	
2.	NCB/PMUN/W/ 12/2082-83	WADA NO.8 BHARI AAWSAKTA AANUSAR SADAK DHALAN TATHA NALA NIRMAN	KALIKA NIRMAN SEWA KOLHABI-1,BARA	1,13.33,488.65	
3.	NCB/PMUN/W/ 13/2082-83	WADA NO.3 BHARI SADAK DHALAN TATHA NALA NIRMAN	KALIKA NIRMAN SEWA KOLHABI-1,BARA	72,34,831.91	

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना
जनकपुरधाम, धनुषा

निर्माण सम्झौता अन्त्य गरिएको सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति : २०८२/०८/२६)

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/१२/११ मा स्वीकृत भएको जलस्रोत तथा सिंचाइ विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार मिति २०८२/०४/०१ देखि जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. २, जलेश्वर, महोत्तरी र कमला नदी नियन्त्रण आयोजना, जनकपुरधाम, धनुषाको कार्यक्षेत्र समायोजन गरी "सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, जनकपुर, धनुषा" स्थापना भएको हो। साविकको जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. २, जलेश्वर, महोत्तरीबाट मिति २०८१/०४/०१ को अन्नपूर्णा पोष्ट राष्ट्रिय दैनिकमा तपसिल बमोजिमका ठेक्काहरू अन्त्य गर्ने आशयको सुचना प्रकाशन गरिए पनि निर्माण व्यवसायीहरूको तर्फबाट सम्झौता बमोजिमको कार्य सम्पन्न भएन। साबिकको कार्यालयबाट पटक पटकको अनुरोध तथा सार्वजनिक सूचना जारी गर्दा समेत कार्य सुचारु गर्ने तर्फ कुनै ध्यान नदिएको हुंदा निर्माण सम्झौतामा उल्लेखित प्रावधान अनुसार सम्झौता अन्त्य भई कार्यसम्पादन जमानत जफत गर्ने कार्यवाही अगाडी बढिसकेको साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३ बमोजिम अन्य आवश्यक कार्यवाही अगाडी बढाउनको लागि सम्झौता बमोजिम हालसम्म सम्पन्न कार्यको नापजांच एवं सम्पन्न हुन बांकी कार्य को मूल्यांकन गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा यस आयोजना कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गराइन्छ। अन्यथा खरिद सम्झौता, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आवश्यक कार्यवाही अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.स.	ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम
१	ARTW/RB-02/2068/069	Construction of Embankment & Revetment Woks	आशिष कन्सट्रक्शन प्रा.लि., धनगढी-४, कैलाली
२	RRTW/LB-08/2068/069	Construction of Embankment & Revetment Woks	आशिष कन्सट्रक्शन प्रा.लि., धनगढी-४, कैलाली
३	NCB/05/Aurahi/2074/075	Construction of Embankment & Revetment Works	जय निर्माण सेवा, जलेश्वर-११, महोत्तरी

आयोजना प्रमुख

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरु
१)	**१) ऋणी फर्म : मनिष ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: हिया देवी महतो** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं. ३९०७/४८/०७३-०७४, दर्ता मिति २०७४/०३/०५, ठेगाना : जिल्ला महोत्तरी, बर्दिबास न.पा. वडा नं. १४	१) हिया देवी महतो २) कुमारी देवी ३) राम औतार महतो ४) मिना देवी महतो ५) शिव सति महतो ६) विकाउ महतो ७) राजदेव महतो ८) रामकसि देवी
	२) ऋणी : राजदेव महतो स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. २, हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४, बाब : राम औतार महतो, बाजे : सोमन महतो	१) हिया देवी महतो २) कुमारी देवी ३) राम औतार महतो ४) मिना देवी महतो ५) शिव सति महतो ६) विकाउ महतो ७) रामकसि देवी
	३) ऋणी : विकाउ महतो स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. २, हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४, बाबु : राम औतार महतो, बाजे : सोमन महतो	१) हिया देवी महतो २) मिना देवी महतो ३) शिव सति महतो ४) राजदेव महतो ५) रामकसि देवी
२)	**१) ऋणी कम्पनी : सौरभ एग्रो तथा माछा पालन फार्म प्रा. लि., संचालक तथा जमानीकर्ता : बैद्यनाथ मिश्र** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६७०२६८/०७८/०७९, मिति २०७८/०४/२९, ठेगाना : जिल्ला सर्लाही, पर्सा गा.पा. वडा नं. २	१) बैद्यनाथ मिश्र २) संजिव कुमार मिश्र ३) वविता कुमारी झा ४) राजीनी देवी ब्राहमणी ५) कामनी कुमारी ६) राजिव कुमार मिश्र
	२) ऋणी : राजिव कुमार मिश्र स्थायी ठेगाना : सर्लाही जिल्ला, संग्रामपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना : सर्लाही जिल्ला, पर्सा गा.पा. वडा नं. २, बाबु : बैद्यनाथ मिश्र, बाजे : रामदेव मिश्र	१) बैद्यनाथ मिश्र २) संजिव कुमार मिश्र ३) वविता कुमारी झा ४) राजीनी देवी ब्राहमणी ५) कामनी कुमारी
	३) ऋणी : संजिव कुमार मिश्र स्थायी ठेगाना : सर्लाही जिल्ला, संग्रामपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना : सर्लाही जिल्ला, पर्सा गा.पा. वडा नं. २, बाबु : बैद्यनाथ मिश्र, बाजे : रामदेव मिश्र	१) बैद्यनाथ मिश्र २) राजिव कुमार मिश्र ३) वविता कुमारी झा ४) राजीनी देवी ब्राहमणी ५) कामनी कुमारी
	४) ऋणी फर्म : सिद्धी विनायक ट्रेडर्स, प्रोप्राइटर तथा जमानीकर्ता : संजिव कुमार मिश्र दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.र.नं.: ३७३२/०७०/७१, दर्ता मिति : २०७१/०३/१६, ठेगाना: जिल्ला सर्लाही, संग्रामपुर गा.वि.स. वडा नं. ५	१) संजिव कुमार मिश्र २) बैद्यनाथ मिश्र ३) वविता कुमारी झा ४) राजीनी देवी ब्राहमणी ५) कामनी कुमारी ६) राजिव कुमार मिश्र

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।



सुदूरपश्चिम र लुम्बिनीबिच उपाधि भिडन्त भोलि

लुम्बिनीका रुबेन र शेरले पावर प्लेमै घातक बलिङ गर्दा क्वालिफायर २ मा विराटनगर ४० रनले पराजित

फाइनल
सुदूरपश्चिम रोयल्स विरुद्ध लुम्बिनी लायन्स
समय: ३:३० बजे दिउँसो
२७ मंसिर, शनिबार



रमेश सुवेदी/नयाँ पत्रिका

सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्सबिच शनिबार दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को उपाधिका लागि प्रतिस्पर्धा हुने भएको छ। सुदूरपश्चिम लगातार दोस्रो तथा लुम्बिनी पहिलोपटक फाइनलमा पुगेका हुन्। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा बिहीबार लुम्बिनीले विराटनगर किंग्सलाई ४० रनले जित्दै सुदूरपश्चिमविरुद्धको फाइनल समीकरण तयार पारेको हो। गत सिजनमा सुदूरपश्चिम उपविजेता बन्दा लुम्बिनी भने अंकतालिकाको पुछारमा थियो।

पहिलो संस्करणमा लुम्बिनीले एक मात्र जित निकालेको थियो। चालू एनपिएलमा भने लुम्बिनीले लगातार पाँच खेलमा जित निकाली फाइनलको यात्रा तय गरेको हो। लुम्बिनीले लिग चरणका अन्तिम तीन, इलिमिनेटर र क्वालिफायर २ मा जित निकाल्यो। लुम्बिनी र विराटनगरबिचको प्रतिस्पर्धा सेमिफाइनलका रूपमा रहेको थियो। जित्ने फाइनलमा र पराजित हुने टोलीको एनपिएल यात्रा क्वालिफायर २ मा सीमित हुने थियो। पहिलो ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा आठ विकेट गुमाएर १३४ रनको मध्यम योगफल बनाएको थियो।

प्रत्युत्तरमा रुबेल ट्रम्पलम्यान तथा शेर मल्लको कसिलो बलिङ सामना गर्न नसक्दा विराटनगर १७.५ ओभरमा ९४ रनमा अलआउट भयो। लिग चरणमा लुम्बिनीले विराटनगरमाथि सानदार पाँच विकेटको जित निकालेको थियो। क्वालिफायर १ मा सुदूरपश्चिमसँग ७७ रनले पराजित भएपछि विराटनगरले क्वालिफायर २ खेल्ने पाएको थियो। लुम्बिनी भने इलिमिनेटरमा काठमाडौं गोर्खाजलाई चा विकेटले हराएर क्वालिफायर २ मा पुगेको थियो।

विराटनगरले गुमायो नौ बलमा तीन विकेट

विश्वप्रसिद्ध ब्याट्सम्यानले भरिएको विराटनगरले लुम्बिनीले दिएको १३५ रनको लक्ष्य सहजै पछ्याउने सकिने अवस्था थियो। यसका लागि विराटनगरले उत्कृष्ट सुरुवात गर्नुपर्ने थियो। क्वालिफायर १ मा सुदूरपश्चिम रोयल्ससँगको खेलमा जस्तै गल्ती दोहोऱ्याउँदा विराटनगर संकटमा पर्ने थियो। त्यही गल्ती नगर्न विराटनगरका ओपनर मार्टिन गुप्तिल र फाफ डु प्लेसिसले सतर्कता अपनाएका थिए। रुबेलका पहिलो चार बलमा दुवैले एक-एक रन लिए। दुवै ब्याट्सम्यानका 'वडी ल्यांग्वेज' ठुलो सट नभएर साझेदारीतर्फ केन्द्रित देखिन्थ्यो। तर, इनिङ्सको ०.५ बलमा गुप्तिल रुबेलको बललाई हल्का उठाउँदा मिडअनमा जेजे स्मिटबाट सहज क्याच आउट हुन पुगे।

विराटनगरले दोस्रो डाउनमा घरेलु खेलाडी लोकेश बमलाई पठाएको थियो। पिचमा स्विङ बल भइरहेको अवस्थामा लोकेश सामना गरेको पहिलो बलमै रुबेलबाट एलबिडब्लू धरापमा परे। लुम्बिनीले पहिलो ओभरमै विराटनगरलाई ४/२ को नाजुक अवस्थामा राख्यो।

अघिल्लो खेलमा काठमाडौं गोर्खाजविरुद्ध उत्कृष्ट बलिङ गरेका शेर मल्लले दोस्रो ओभर बलिङ गरेका थिए। उनले इनिङ्सको १.३ ओभरमा दक्षिण अफ्रिकाका पूर्वकप्तान डु प्लेसिसलाई विकेट टु विकेट बलिङ गर्दै क्लिन बोल्ड गरेका थिए। डु प्लेसिसले चार बलमा तीन रन मात्र प्रहार गरे। डु प्लेसिस आउट हुँदा विराटनगर ६/३ को स्थितिमा थियो। लुम्बिनीले नौ बलको अन्तरमा विराटनगरका शीर्ष तीन प्रमुख ब्याट्सम्यानको विकेट लिँदै खेलमा पकड बनायो। पहिलो ओभरदेखि नै विराटनगरमाथि हाबी भयो। इनिङ्सको कुनै पनि समयमा विराटनगरले लुम्बिनीलाई चुनौती दिन सकेन।

तिलकको सनसनीपूर्ण बलिङ

लेग ब्रेक स्पिनर तिलक भण्डारीले यसअघिका खेलमा पनि मौका नपाएका होइनन्। तर, उनले विकेट लिन सकिरहेका थिएनन्। क्वालिफायर २ मा भने तिलक चम्किए। उनले चार ओभरमा १५ रन खर्चेर तीन विकेट हात पार्दै लुम्बिनीको फाइनल यात्रामा महत्त्वपूर्ण योगदान दिए। तिलकले इनिङ्सको ६.३ ओभरमा शंकर राना, ११.५ ओभरमा बसिर अहमद र १५.४ ओभरमा प्रतिश जिसीको विकेट लिए। रुबेलले तीन ओभरमा ९ रन खर्चेर दुई तथा अभिषेक गौतमले २२ रन दिएर दुई विकेट हात पारे। विराटनगरको ब्याटिङमा साम हेजेटले २८ बलमा ३४, मर्चान्ट डी लांगेले १७ तथा नरेश भट्टले २१ रनको योगदान दिए। साम र डी लांगेले पाँचौं विकेटका लागि २८ रनको साझेदारी गरेका थिए।

दोस्रो विकेटको महत्त्वपूर्ण साझेदारी

पहिलो ब्याटिङ गरेको लुम्बिनीको पनि सुरुवात राम्रो भएन। लुम्बिनीले इनिङ्सको १.६ ओभरमा दिनेश अधिकारीलाई गुमाएको थियो। त्यसपछि ओपनर डार्सी सर्ट र कप्तान रोहित पौडेलले दोस्रो विकेटका लागि महत्त्वपूर्ण ६९ रनको साझेदारी गरे। डार्सीले ४५ र रोहितले ३४ रनको योगदान गरे। रोहित १२औं ओभरमा सुवास भण्डारीबाट बोल्ड भए। डार्सी १४औं ओभरमा आउट भए। उनले ४१ बलमा तीन चौका र एक छक्का प्रहार गरे। रोहितले ३० बलमा समान दुई छक्का र चौका प्रहार गरी ३४ रन जोडे। निरोसन डिक्वेलले २२ बलमा चार चौकाको सहयोगमा २९ रन जोडेका थिए। बलिङमा विराटनगरका सुवासले तीन विकेट लिँदा चार ओभरमा १४ रन मात्र दिए। प्रतिश जिसीले पनि तीन विकेट लिन २७ खर्चिए। कप्तान सन्दीप लामिछानेले १८ रन खर्चेर दुई विकेट हात पारे।



खेलपछिका भनाइ

टिमवर्ककको भावनामा खेल्यौं

● **रोहित पौडेल**, कप्तान, लुम्बिनी



लुम्बिनी निकै खराब अवस्थाबाट फाइनलमा पुगेको छ। लिग चरणको सुरु र मध्यतिर राम्रो गर्न सकेनौं। लगातार खेलमा टिमवर्क भावनामा सबै खेलाडीले प्रतिस्पर्धा गर्दै आइरहेका छन्। यसैको नतिजा लुम्बिनी पहिलोपटक फाइनलमा पुगेको छ। गत वर्ष धेरै गल्ती गरेका थियौं। यसअघि नै फाइनल पुगेको सुदूरपश्चिम निकै राम्रो टोली हो। सुदूरपश्चिमले एक खेल मात्र गुमाएको छ। अन्य सबै खेलमा उत्कृष्ट प्रदर्शन गरेको छ। उपाधि भिडन्तमा सुदूरपश्चिमलाई चुनौती दिन्छौं। उनीहरूको पनि स्पिन बलिङ राम्रो छ। फाइनलमा सुदूरपश्चिमका स्पिनरविरुद्ध सतर्कता अपनाएर खेल्नुपर्छ। अनावश्यक गल्तीले ठुलो मूल्य चुकाउनुपर्छ।

टर्निङ पिचमा योजनाअनुसार बलिङ गरौं

● **तिलक भण्डारी**
म्यान अफ दी म्याच, लुम्बिनी



यो पिचमा बल टर्निङ भइरहेको थियो। क्वालिफायर २ मा मात्र नभएर अगाडिका खेलमा पनि यस्तै प्रकृतिको पिच थियो। स्पिन र फास्ट बलरका लागि पिच मैत्रीपूर्ण हुँदा बलिङ गर्न सहज भयो। विराटनगरका ब्याट्सम्यानविरुद्ध नर्मल बल फ्याँकेको थिएँ। बल टर्निङ हुँदा विकेट आइरहेको थियो। ब्याट्सम्यान बिट भइरहेका थिए। कप्तानको विश्वास तोडिनँ। लुम्बिनीमा अझ राम्रा बलर छन्। उनीहरूमाझ तीन विकेट लिन पाउँदा असाध्यै खुसी छ। अनुभवी बलरका अगाडि बलिङ गरिरहँदा दबाब महसुस गरिनँ। अब फाइनलमा योभन्दा राम्रो प्रदर्शन गर्नेछु।

अभिनाशलाई पछि पारे सन्दीपले



दोस्रो संस्करणको एनपिएलमा विराटनगर किंग्सको यात्रा क्वालिफायर २ मै सीमित भएको छ। विराटनगरका कप्तान सन्दीप लामिछाने सर्वाधिक विकेट लिने बलरको शीर्ष स्थानमा उक्लेका छन्। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा बिहीबार लुम्बिनीका दुई खेलाडी आउट गर्दै सन्दीप सर्वाधिक विकेट लिने खेलाडी बनेका हुन्। उनले समग्रमा नौ खेलमा १७ विकेट संख्या पुऱ्याएका छन्।

सन्दीप लामिछाने (विराटनगर)
खेल : ९, **विकेट** : १७
ओभर : ३६, **इकोनोमी** : ४.९१

अभिनाश बोहरा (सुदूरपश्चिम)
खेल : ८, **विकेट** : १६
ओभर : २५.१, **इकोनोमी** : ७.७०

शेर मल्ल (लुम्बिनी)
खेल : ९, **विकेट** : १४
ओभर : ३२, **इकोनोमी** : ६.७५

साहब आलम (काठमाडौं)
खेल : ८, **विकेट** : १३
ओभर : २८, **इकोनोमी** : ६.२१

करण केसी (काठमाडौं)
खेल : ८, **विकेट** : १३
ओभर : २८.५, **इकोनोमी** : ७.४२

हर्मित सिंह (सुदूरपश्चिम)
खेल : ८, **विकेट** : १२
ओभर : ३०.४, **इकोनोमी** : ६.१६

रुबेल ट्रम्पलम्यान (लुम्बिनी)
खेल : ९, **विकेट** : १२
ओभर : ३१.१, **इकोनोमी** : ७.०९

सुदूरपश्चिम रोयल्सका अभिनाश बोहराले आठ खेलमा १६ विकेट लिएका छन्। उनी फाइनलमा लुम्बिनीविरुद्ध प्रतिस्पर्धा गरिरहँदा विकेट संख्या बढाउने योजनामा हुनेछन्। चालू एनपिएलमा अब चार खेलाडीबिच सर्वाधिक विकेट लिने होडबाजी चल्न सक्छ। क्वालिफायर २ बाट बाहिरिएको विराटनगरका कप्तान सन्दीपको दोस्रो संस्करणको एनपिएल यात्रा समाप्त भइसकेको छ। तेस्रो स्थानमा लुम्बिनीका शेर मल्ल छन्। उनले नौ खेलमा १४ विकेट पुऱ्याएका छन्। काठमाडौं गोर्खाजका साहब आलमले १३ विकेट तथा काठमाडौंकै कप्तान करण केसीले पनि १३ विकेट लिएका छन्। काठमाडौं पहिलो इलिमिनेटरबाटै बाहिरिँदा साहब र करणले थप विकेट संख्या बढाउन पाएनन्। सुदूरपश्चिमका हर्मित सिंहसमक्ष पनि विकेट बढाउने अवसर छ। उनले अहिलेसम्म आठ खेलमा १२ विकेट हात पारेका छन्। लुम्बिनीका रुबेल ट्रम्पलम्यानले पनि १२ विकेट लिएका छन्।

■ आजको तस्बिर



रन बनेन

लुम्बिनी लायन्सविरुद्धको खेलमा आउट भएपछि विराटनगरका ओपनर फाफ डु प्लेसिस।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

टिकट मूल्य बढ्यो

आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले दोस्रो संस्करणको एनपिएलअन्तर्गत फाइनल र क्वालिफायर २ को टिकट मूल्य एक्कासि बढाएको छ। क्यानले विनासूचना एकैपटक टिकट मूल्य बढाएपछि समर्थकले असन्तुष्टि जनाएका छन्। यसअघि क्यानले क्वालिफायर २ र फाइनलका लागि हजार रुपैयाँ टिकट मूल्य तोकेको थियो। क्यानले बुधबार राति दुई हजार रुपैयाँ बनाएको छ।

क्यानले क्वालिफायर २ को टिकन साबिक एक हजारबाट दुई हजार रुपैयाँ निर्धारण गरेको छ। सिद्धार्थ बैंक, रेडबुल र एनसेल जोनको टिकट मूल्य दुई हजार रुपैयाँ राखिएको छ। जोन १, जोन २ र जोन ३ को भने एक हजार यथावत् नै छ। लिग चरणका खेलमा भने प्रिमियर जोनको एक हजार तथा अन्य जोनको टिकट पाँच सय मात्रै राखिएको थियो। टिकट मूल्य बढेपछि विराटनगर र लुम्बिनीबिचको क्वालिफायर २ को प्यारापिटमा दर्शकको उपस्थित कम रह्यो। क्यानले टिकटबाट १२ करोडसम्म आम्दानी गर्ने योजना बनाएको छ।

रोहित बने सर्वाधिक रन बनाउने तेस्रो खेलाडी

लुम्बिनी लायन्सका कप्तान रोहित पौडेल दोस्रो एनपिएलको सर्वाधिक रन बनाउने सूचीको तेस्रो स्थानमा उक्लेका छन्। बिहीबार क्वालिफायर २ मा विराटनगर किंग्सविरुद्ध ३४ रन बटुलेपछि उनले कर्णाली याक्सका मार्क वाटलाई चौथोमा पुऱ्याएका हुन्। रोहितभन्दा अगाडि सुदूरपश्चिमका विनोद भण्डारी र शीर्ष स्थानमा पोखरा एभेन्जर्सका एडम रोसिंटन छन्। विनोदले २६४ रन तथा एडमले ३२३ रन जोडेका छन्। दोस्रो संस्करणको उपाधि भिडन्त शनिबार हुँदै छ। उपाधि प्रतिस्पर्धामा लुम्बिनीले दोस्रोपटक फाइनल खेलिरहेको सुदूरपश्चिमको सामना गर्नेछ। यस खेलपछि नेपाली खेलाडीमध्ये सर्वाधिक रन बनाउनेको ठुंगो लाग्नेछ। रोहितभन्दा विनोद ४ रनले अगाडि छन्। रोहित र विनोदबिच उपाधि भिडन्तसँगै धेरै रन बनाउने होडबाजीसमेत चल्नेछ। विनोदको तुलनामा रोहितले एक खेल बढी खेलेका छन्। रोहितले नौ इनिङ्स ब्याटिङ गरी १६ चौका र आठ छक्का प्रहार गरेका छन्।

समग्रमा रोहितले दुईवटै एनपिएलमा गरी ५३९ रन जोडेका छन्। नेपाली खेलाडीमध्ये पाँच सय रन बनाउने उनी पहिलो ब्याट्सम्यान हुन्। सुदूरपश्चिमका विनोद पाँच सय रन जोड्न एक रनले पछाडि छन्। उनले शनिबार हुने खेलमा यो आँकडा पार गर्ने विश्वास लिएका छन्। दोस्रो एनपिएलमा धेरै रन बनाउने १५ ब्याट्सम्यानमध्ये रोहितले मात्र अर्धशतकीय इनिङ्स खेलेका छैनन्। उनीबाहेक अन्य १४ खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका छन्।

पोखराका एडम र कर्णालीका मार्कले मात्र शतकीय इनिङ्स खेलेका थिए। चितवनका रवि बोपाराले लगातार तीन खेलमा अर्धशतक लगाएका थिए। नेपाली खेलाडीमा पोखराका कप्तान कुशल भुर्तेलले दुई खेलमा अर्धशतक जोडेका थिए।



एडम रोसिंटन (पोखरा)
खेल : ७, **इनिङ्स** : ७, **रन** : ३२३
शतक : १, **अर्धशतक** : २

विनोद भण्डारी (सुदूरपश्चिम)
खेल : ८, **इनिङ्स** : ८, **रन** : २६४
शतक : ०, **अर्धशतक** : २

रोहित पौडेल (लुम्बिनी)
खेल : ९, **इनिङ्स** : ९, **रन** : २६०
शतक : ०, **अर्धशतक** : ०

मार्क वाट (कर्णाली)
खेल : ७, **इनिङ्स** : ७, **रन** : २४६
शतक : १, **अर्धशतक** : १

डार्सी सट (लुम्बिनी)
खेल : ९, **इनिङ्स** : ९, **रन** : २४२
शतक : ०, **अर्धशतक** : १

रवि बोपारा (चितवन)
खेल : ७, **इनिङ्स** : ७, **रन** : २३७
शतक : ०, **अर्धशतक** : ३

बेन चार्ल्सवर्थ (काठमाडौं)
खेल : ८, **इनिङ्स** : ८, **रन** : २०१
शतक : ०, **अर्धशतक** : १

प्रियांक पन्चाल (कर्णाली)
खेल : ७, **इनिङ्स** : ७, **रन** : १९७
शतक : ०, **अर्धशतक** : २



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com